कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद) बाट
स्वीकृत मितिः २०७५/११/२७ गते

बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निर्देशिका, २०७५

प्रदेश सरकारको राजस्व र व्ययको अनुमान (बजेट) तयार गर्ने, स्वीकृतिको लागि प्रदेश सभामा पेश गर्ने, बजेट कार्यान्वयनका लागि प्रबन्ध मिलाउने, अनुगमन तथा मूल्याङ्कन गर्ने विषयहरुलाई स्पष्ट गर्न आवश्यक भएकोले कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम १२३ को उपनियम (१) को अधिकार प्रयोग गरी यो निर्देशिका तयार गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम **"बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निर्देशिका, २०७५"** रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो निर्देशिका कर्णाली प्रदेशभर लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "अनुदान" भन्नाले नेपालको संविधान तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष अनुदान सम्झनु पर्छ।

(ख) "आयोजना" भन्नाले प्रदेश सरकारबाट सञ्चालित आयोजना सम्झनु पर्छ ।

(ग) "कार्यक्रम" भन्नाले प्रदेश सरकारबाट सञ्चालित कार्यक्रम सम्झनु पर्छ ।

(घ) "खरिद ऐन" भन्नाले नेपाल सरकार तथा कर्णाली प्रदेश कानून बमोजिम जारी भई कार्यान्वयनमा आएका सार्वजनिक खरिद सम्बन्धी कानून सम्झनु पर्छ ।

(ङ) "बजेट" भन्नाले प्रदेश सरकारको सालबसाली आम्दानी खर्चको विवरण समावेश भएको प्रदेश सभाबाट स्वीकृत दस्तावेज सम्झनु पर्छ र यस शब्दले प्रदेश सभामा बजेट साथ प्रस्तुत हुने अन्य दस्तावेज समेतलाई बुझाउँछ ।

(च) "मन्त्रालय" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ ।

(छ) "विषयगत मन्त्रालय" भन्नाले प्रदेश सरकारका विषयगत मन्त्रालय सम्झनु पर्छ ।

(ज) "ऋण" भन्नाले नेपाल सरकार र नेपाल सरकारको सहमतिमा प्रदेश सरकारले प्राप्त गर्ने ऋण रकमलाई सम्झनु पर्छ र सो शब्दले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसको सीमाभित्र रही प्रदेश सरकारले परिचालन गर्ने आन्तरिक ऋण समेतलाई जनाउँछ ।

३. **स्रोत अनुमान समिति गठन गरिनेः** (१) प्रदेश सरकारको बजेटको कार्यान्वयन स्थितिको अनुगमन तथा मूल्याङ्कन गर्न र आगामी आर्थिक वर्षको बजेट प्रक्षेपण सम्बन्धमा सुझाव दिन

प्रत्येक वर्षको फाल्गुण मसान्तभित्र देहाय बमोजिमको बजेट तथा स्रोत अनुमान समिति गठन गरिनेछ।

(क) उपाध्यक्ष, कर्णाली प्रदेश योजना आयोग -संयोजक

(ख) सचिव, मन्त्रालय -सदस्य

(ग) प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रक कार्यालय -सदस्य

(घ) महाशाखा प्रमुख, बजेट तथा कार्यक्रम महाशाखा, मन्त्रालय -सदस्य

(ङ) महाशाखा प्रमुख, वित्तीय विश्लेषण तथा आर्थिक प्रशासन महाशाखा -सदस्य

(च) निर्देशक, नेपाल राष्ट्र बैंक, (प्रादेशिक कार्यालय) -सदस्य

(छ) अध्यक्ष वा प्रतिनिधि, प्रदेश उद्योग वाणिज्य संघ -सदस्य

(ज) महाशाखा प्रमुख, वित्त व्यवस्थापन महशाखा, मन्त्रालय सदस्य सचिव

समितिले आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समितिका कार्यहरू देहाय बमोजिम हुनेछन्:

(क) आर्थिक परिसूचकहरूको विश्लेषण गरी समष्टिगत आर्थिक संरचना (Macroeconomic Framework) तयार गर्ने।

(ख) आगामी तीन आर्थिक वर्षको बजेटको कूल सीमा(Ceiling) सहितको मध्यमकालीन खर्च संरचना (medium-term expenditure framework, MTEF) को लागि खर्च सीमा निर्धारण गर्ने ।

(ग) आन्तरिक राजस्वको अनुमान तथा संघीय सरकारले प्रदान गर्ने राजस्व बाँडफाँट तथा अनुदान हस्तान्तरणको प्रक्षेपण गर्ने ।

(घ) नेपाल सरकारको सहमतिमा परिचालन गर्न सकिने वैदेशिक अनुदान र सहयोगको प्रक्षेपण गर्ने।

(ङ) नेपाल सरकारले प्रदेश सरकारलाई उपलब्ध गराउन सक्ने ऋणको अनुमान गर्ने ।

(च) कूल बजेटमा चालु, पूँजीगत र वित्तीय व्यवस्थाको हिस्सा निर्धारण गर्ने।

(३) समितिले स्रोतको अनुमान र खर्चको सीमा निर्धारण गरी सोको प्रतिवेदन चैत्र १५ गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्री समक्ष पेश गर्ने ।

४. **<u>मध्यमकालीन खर्च संरचना अद्यावधिक गर्न प्राविधिक समितिको गठन:</u>** (१) मध्यमकालीन खर्च संरचना अद्यावधिक गर्न देहाय बमोजिमको प्राविधिक समिति रहनेछ ।

(क) सदस्य सचिव वा निजले तोकेको वरिष्ठ अधिकृत, कर्णाली प्रदेश योजना आयोग - संयोजक

(ख) महाशाखा प्रमुख, बजेट तथा कार्यक्रम महाशाखा, मन्त्रालय - सदस्य

(ग) महाशाखा प्रमुख, योजना तथा अनुगमन महाशाखा, सबै विषयगत मन्त्रालय वा निकाय - सदस्य

(घ) योजना अनुगमन शाखा प्रमुख, कर्णाली प्रदेश योजना आयोग - सदस्य सचिव

(२) समितिले प्रत्येक वर्षको चैत्रको तेस्रो हप्ताभित्र मध्यमकालीन खर्च संरचना अद्यावधिक गरिसक्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिमा आवश्यकता अनुसार विज्ञ तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ।

(४) विषयगत मन्त्रालयले आफू र मातहतका निकाय समेतको आयोजना कार्यक्रमको प्रगति तथा प्रस्तावित खर्चको यथार्थता झल्कने गरी मध्यमकालीन खर्च संरचनामा सुधार गर्नु पर्ने तथ्याङ्क र विवरणहरु चैत्रको अन्तिम हप्ताभित्र मन्त्रालय र कर्णाली प्रदेश योजना आयोगमा पठाउनु पर्नेछ ।

(५) कर्णाली प्रदेश योजना आयोगले उपदफा (१) बमोजिमको समितिको सहयोगमा प्रत्येक वर्ष वैशाखको पहिलो हप्तासम्ममा विषयगत मन्त्रालयबाट प्राप्त विवरण बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नेछ ।

५. **<u>बजेट सीमा पठाइने</u>:** (१) दफा ३ को उपदफा (१) बमोजिमको समितिको सुझावलाई आधार मानी मन्त्रालयले प्रत्येक वर्षको चैत्र २० गतेभित्र मार्गदर्शन सहित विषयगत मन्त्रालयलाई चालु तथा पूँजीगत खर्चको सीमा निर्धारण गरी पठाउनु पर्नेछ ।

(२) विषयगत मन्त्रालयहरुले उपदफा (१) बमोजिमको खर्च सीमा प्राप्त भए पश्चात चैत्र २५ गतेभित्र आफू अन्तर्गतका निर्देशनालय तथा निकायहरुमा पठाउनु पर्नेछ । उल्लिखित बजेट सीमाभित्र रही आवश्यक रकम बाँडफाँट गरी सीमा तोकी बजेट तयार गर्ने कर्तव्य सम्बन्धित विषयगत मन्त्रालय तथा निकायको हुनेछ ।

६. **<u>बजेट तर्जुमा गर्ने</u>** (१) विषयगत मन्त्रालयहरुले आफू र मातहतका निकायको कार्य विभाजन तथा कार्य प्रकृति र प्रदेश सरकारको जिम्मेवारी समेतलाई ध्यानमा राखी बजेट तर्जुमा गर्नु पर्नेछ ।

(२) बजेट तर्जुमा गर्दा प्रदेशको आवधिक योजनाको लक्ष्य, प्रदेश सरकारको नीति, मन्त्रालयको बजेट मार्गदर्शनलाई समेत ध्यानमा राखी प्रदेश सरकारले गर्नु पर्ने काम, हाँसिल गर्ने लक्ष्य, कार्यक्रम र आर्थिक स्रोत तथा देहायका विषयहरूलाई समेत दृष्टिगत गरी अन्तर मन्त्रालय र निकाय समेतको सल्लाह, सुझाव लिई आगामी वर्षको लागि मन्त्रालयले प्रदान गरेको क्षेत्रगत र मन्त्रालयगत बजेट रकमको सीमाभित्र रही बजेट तर्जुमा गर्नुपर्नेछ।

(क) नेपालको संविधानले प्रदेश सरकारको कार्य जिम्मेवारी तोकेका विषयहरु,

(ख) संघीय सरकारले विकास आयोजना तथा नागरिक हक अधिकारको कार्यान्वयन गर्न हस्तान्तरण गरेका कार्यक्रमहरु,

(ग) प्रदेश सरकारले साल वसाली गर्नुपर्ने कामहरू,

(घ) आवधिक योजनाका लक्ष्य तथा कार्यक्रमहरू,

(ङ) चालु भइरहेका काम वा आयोजनाहरू,

(च) वैदेशिक सहायताका सम्झौतामा उल्लेख भए बमोजिमको अवधिमा गर्नु पर्ने कामहरू,

(छ) प्रदेश सरकारका नीति तथा कार्यक्रम अनुसारका कामहरू,

(ज) त्रिवर्षीय बजेट सीमा तोकिएको भए सो बमोजिमका कार्यक्रमहरू,

(झ) बहुवर्षीय ठेक्का सम्झौता अनुसारका कार्यहरु,

(ञ) विगत आर्थिक वर्षका जिम्मेवारी हस्तान्तरण भएका कार्यहरु,

(ट) नेपाल सरकारबाट हस्तान्तरित अधुरा र अपूरा आयोजना तथा कार्यक्रमहरु,

(ठ) अन्य आवश्यक कुराहरू ।

(३) मातहतका निकायले तालुक मन्त्रालयबाट प्राप्त मार्गदर्शन र सीमाको अधीनमा रही उपदफा (२) मा उल्लिखित विषयलाई समेत आधार लिई आफ्नो र मातहतका निकायको वार्षिक बजेट तथा कार्यक्रम्को प्रस्ताव चैत्र मसान्त भित्र तालुक मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(४) विषयगत मन्त्रालयले मातहतका कार्यालयबाट बजेट अनुमान तथा वार्षिक कार्यक्रम प्राप्त भएपछि बजेट सीमा, आवधिक योजनाको नीति अनुरूप र उपलब्धिमूलक भए वा नभएको जाँची अन्तिम रूप दिई यस निर्देशिका र मन्त्रालयको मार्गदर्शन समेतको आधारमा बार्षिक कार्यक्रम फारम नं. १ मा उल्लिखित विवरण र वार्षिक कार्यक्रम समेत तयार गरी वैशाख १० गतेभित्र पुग्ने गरी विषयगत मन्त्रालयले मन्त्रालयमा पठाउनु पर्नेछ ।

(५) विषयगत मन्त्रालयले बजेट प्रस्ताव गर्दा मध्यमकालीन खर्च संरचना, बहुबर्षीय ठेक्का तथा चालु आयोजनालाई पर्याप्त बजेट व्यवस्था गरेर मात्र नयाँ आयोजना प्रस्ताव गर्नु पर्नेछ ।

(६) विषयगत मन्त्रालयले स्थानीय तहसँग समपूरक अनुदान मार्फत सहलगानी गर्ने गरी बजेट प्रस्ताव गर्दा प्रस्तावित आयोजनाहरुको लागत अनुमान, जग्गा प्राप्ति, स्थानीय तहले व्यहोर्ने लागत सहभागिताको अंश, रकम ट्रान्सफर गर्ने मोडालिटी, लेखाङ्कन र लेखापरीक्षण संयन्त्र समेतको प्रबन्ध स्पष्ट गर्नु पर्नेछ ।

(७) विषयगत मन्त्रालयले बजेट तर्जुमा गर्दा दीगो विकास लक्ष्यहरु, संघीय सरकारको चालु आवधिक योजना, लैङ्गिक उत्तरदायी बजेटको अवधारणा, गरिबी न्यूनीकरण गर्ने राष्ट्रिय लक्ष्य, जलवायु परिवर्तन अनुकूलन जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिई सो अनुरुप प्रस्तावित बजेटको कोडिङ तथा विभाजन गर्नु पर्नेछ ।

(८) विषयगत मन्त्रालयले बजेट प्रस्तुत गर्दा प्रदेश सरकारको बजेट तर्जुमा तथा कार्यान्वयनका लागि तयार गरिएको कम्प्युटर प्रणालीमा समेत प्रविष्टि गरी पेश गर्नु पर्नेछ ।

७. **बजेट छलफल:** (१) मन्त्रालयले विषयगत मन्त्रालयहरुसँग छलफल गरी बैशाख १५ गते भित्र बजेट छलफल गर्ने मिति, समय र स्थान निर्धारण गरी पठाउनेछ ।

(२) विषयगत मन्त्रालयहरुले प्रस्तावित बजेट तथा कार्यक्रम छलफलमा सम्बन्धित मन्त्रालय अन्तर्गतका बजेट कार्यान्वयन गर्ने निकायका प्रतिनिधि समेत सहभागी गराई कार्यक्रमको पुष्टयाईं सहित तोकिएको मिति र समयमा छलफलमा भाग लिनु पर्नेछ ।

(३) बजेट तथा कार्यक्रमको छलफलको क्रममा विषयगत मन्त्रालयका साथै अन्तरसम्बन्धित विषयमा अन्य मन्त्रालय तथा नीतिगत विषय र पूँजीगत बजेट छलफलमा कर्णाली प्रदेश योजना आयोगका प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ।

८. **विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता प्रस्तुत गरिने** (१) मन्त्रालयले प्रदेश सभा नियमावली, २०७४ को नियम १३३ तथा कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ९ बमोजिमको पूर्व बजेट छलफलको लागि विषयगत मन्त्रालयहरुसँग छलफल गरी विनियोजन विधेयकमा समावेश हुने सिद्धान्त र प्राथमिकता तयार गर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार पारिएको विनियोजन विधेयकका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु सहितको पूर्व बजेट तयार गरी विनियोजन विधेयक प्रदेश सभामा जेष्ठ १५ गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रीले प्रदेश सभामा पेश गर्नु पर्नेछ ।

९. **प्रदेश सरकारको नीति तथा कार्यक्रम:** (१) विषयगत मन्त्रालय तथा सरोकारवालाहरुसँग परामर्श गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जेष्ठ महिनाको दोश्रो हप्ताभित्र प्रदेश सरकारको नीति तथा कार्यक्रम दस्तावेज तयार गरिनेछ।

(२) उपदफा (१) बमोजिम तयार भएको नीति तथा कार्यक्रम प्रदेश प्रमुखबाट प्रदेश सभामा पेश हुनेछ ।

१०. **बजेट तथा कार्यक्रमलाई अन्तिम रुप दिइने** (१) मन्त्रालयले जेठ तेश्रो हप्ताभित्र बजेट तथा कार्यक्रमलाई अन्तिम रुप दिइसक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बजेटलाई अन्तिम रुप दिँदा विषयगत मन्त्रालयबाट प्रस्तावित आयोजना तथा कार्यक्रम, बजेट सीमा तथा दफा ८ बमोजिमको विनियोजन विधेयकका

सिद्धान्त र प्राथमिकता र दफा ९ बमोजिमको प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई आधार लिईनेछ।

११. **<u>प्रदेश सभामा बजेट पेश हुने</u>** (१) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ तथा कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १३ बमोजिम प्रत्येक वर्षको असार १ गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रीबाट प्रदेश सभामा आगामी आर्थिक वर्षको लागि बजेट (राजस्व र व्ययको अनुमान) प्रस्तुत हुनेछ ।

(२) उपदफा (१) बमोजिमको बजेटमा नेपालको संविधानको धारा २०७ मा उल्लिखित राजस्वको अनुमान, प्रदेश सञ्चित कोष माथि व्ययभार हुने आवश्यक रकम, प्रदेश विनियोजन ऐन बमोजिम व्यय हुने आवश्यक रकम प्रस्तुत गर्नुपर्नेछ । साथै, अघिल्लो आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र खर्च अनुसारको लक्ष्य हासिल भयो भएन सो समेतको विवरण (मन्त्रालयगत प्रगति विवरण) पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) का अतिरिक्त बजेट प्रस्तुत गर्दा कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १३ को उपदफा (२) मा उल्लिखित अघिल्लो आर्थिक वर्षमा अनुमान गरिएको राजस्व संकलनको विवरण र कर तथा गैरकर राजस्वमा छुट दिइएको विवरण, मध्यमकालीन खर्च संरचना, अनुदान, सार्वजनिक ऋण र लगानी सम्बन्धी नीति समेत प्रस्तुत गरिनेछ ।

(४) प्रदेश सभामा बजेट प्रस्तुत हुने दिन बजेट वक्तव्य, विनियोजन विधेयक, प्रदेश आर्थिक विधेयक, प्रदेश ऋण उठाउने विधेयकलाई अन्तिम रुप दिई मन्त्रिपरिषदबाट स्वीकृत गराई प्रदेश सभामा पठाइनेछ ।

(५) प्रदेश सभामा पठाइने विधेयकमा मन्त्रालयको सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालयको सचिव र आर्थिक मामिला तथा योजना मन्त्रीले दस्तखत गरी पठाउनु पर्नेछ ।

१२. **<u>बजेट साथ प्रस्तुत हुने</u>** (१) सामान्यतया मन्त्रालयले बजेट प्रस्तुत हुने समयमा देहायका विवरणहरु समेत प्रदेश सभामा पेश गर्नु पर्नेछ ।

(क) व्यय अनुमानको विवरण (खर्च शीर्षकगत र स्रोतगत समेत) (रातो किताब)

(ख) चालु आर्थिक वर्षमा हासिल भएको मन्त्रालयगत प्रगति विवरण पुस्तिका

(ग) विनियोजन विधेयक

(घ) आर्थिक विधेयक

(ङ) आन्तरिक ऋण प्रस्ताव गरिएको भए ऋण उठाउने विधेयक

(च) वार्षिक विकास कार्यक्रम पुस्तिका

(छ) मध्यमकालीन खर्च संरचना पुस्तिका

(२) उपदफा (१) को खण्ड (ख) र (छ) मा उल्लिखित विवरणहरु बाहेक अन्य विवरणहरु प्रदेश सभामा बजेट बक्तव्य प्रस्तुत भएपछि मात्र सार्वजनिक गरिनेछ ।

१३. **बजेट स्वीकृति:** प्रदेश सभामा बजेट प्रस्तुत भएपछि पेश हुने विनियोजन विधेयक, आर्थिक विधेयक, ऋण उठाउने विधेयक टेबल हुने, छलफल हुने र पारित हुने प्रकृया प्रदेश सभा नियमावली बमोजिम हुनेछ ।

१४. **बजेट अख्तियारी:** (१) दफा १२ बमोजिमको विधेयकहरु पारित भएपछि मन्त्रालयका सचिवले विषयगत मन्त्रालयका सचिवलाई अख्तियारी प्रदान गर्नु पर्नेछ ।

(२) मन्त्रालयबाट अख्तियारी तथा बजेट कार्यान्वयन गर्न मार्गदर्शन जारी गर्ने काम विनियोजन ऐन जारी भएको सात दिन सम्ममा सम्पन्न गरिनेछ ।

(३) मन्त्रालयबाट अख्तियारी प्राप्त भएको पन्ध्र दिन भित्र विषयगत मन्त्रालयले मातहतका कार्यालयको कार्यक्रम स्वीकृति तथा अख्तियारी सम्बन्धित कार्यालयमा पठाइसक्नु पर्नेछ ।

(४) कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६ बमोजिम विनियोजन ऐन वा पेश्की खर्च ऐन जारी भएपछि खर्च गर्ने अधिकार प्राप्त कार्यालयहरुले वार्षिक कार्यक्रमको आधारमा विनियोजन ऐनको अनुसूचीमा उल्लिखित रकम खर्च गर्न सक्नेछन् ।

१५. **आयोजना स्वीकृति:** (१) विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेतको विचार गरी प्रदेश सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनु पर्नेछ।

(२) प्रदेश सरकारको नीति भित्र रही विषयगत मन्त्रालयका सचिवले मन्त्रालयको सहमति प्राप्त गरे पश्चात आयोजना स्वीकृत गर्नेछ ।

(३) आयोजना स्वीकृत गर्दा कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को अनुसूची ४ मा उल्लिखित ढाँचा र मूल्याङ्कनको आधार लिनु पर्नेछ।

तर दशलाख रुपैयाँभन्दा कम लागत पर्ने आयोजनाको सम्बन्धमा उपर्युक्त विधि अपनाई आयोजना स्वीकृत गर्न सम्भव नभएमा कामको आवश्यकता, लागत, त्यसबाट हुने उत्पादन वा रोजगारी वृद्धि वा अन्य आर्थिक, सामाजिक उद्देश्य प्राप्तिको विवरण खुलाई त्यसको आधारमा सम्बन्धित मन्त्रालयले स्वीकृत गरी बजेटमा समावेश गराई

काम गराउन सक्नेछ । यसको जानकारी मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय तथा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा पठाउनु पर्नेछ ।

१६. **कार्यक्रम स्वीकृत र संशोधन गर्ने:** (१) कार्यालयको उद्देश्य, नीतिगत लक्ष्य र स्वीकृत बजेट अन्तर्गत दफा १५ को अधीनमा रही मन्त्रालयको पूर्व सहमति लिई विषयगत मन्त्रालयले आफ्नो र अन्तर्गत सञ्चालन हुने कार्यक्रम स्वीकृत गर्नु पर्नेछ ।

(२) विषयगत मन्त्रालयले उपनियम (१) बमोजिम स्वीकृत वार्षिक कार्यक्रमको जानकारी महालेखा परीक्षकको कार्यालय, मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनु पर्नेछ ।

(३) विषयगत मन्त्रालयले आफू र आफू मातहतका स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा स्थानीय परिस्थितिलाई समेत ध्यानमा राखी त्यस्तो कार्यक्रमको उद्देश्य, लक्ष्य, स्वीकृत बजेट र आवधिक योजना अनुकुल हुने गरी त्यस्तो कार्यक्रमलाई संशोधन गर्न आवश्यक ठानेमा दोश्रो चौमासिक अवधि पछि संशोधन गर्नु पर्ने स्पष्ट कारण खोली मन्त्रालयको सहमति लिई विषयगत मन्त्रालयले आवश्यक संशोधन गर्न सक्नेछ । यसरी कार्यक्रममा गरिएको संशोधनको जानकारी उपदफा (२) बमोजिमका निकालाई दिनु पर्नेछ ।

१७. **बजेट निकासा, खर्च र लेखाङ्कन व्यवस्था:** (१) प्रदेश लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा इकाई कार्यालयबाट प्रदेश सरकारको अख्तियारी अनुसारको निकासा तथा भुक्तानी हुनेछ ।

१८. **रकमान्तर स्रोतान्तर:** (१) रकमान्तर तथा स्रोतान्तर सम्बन्धी कार्य गर्दा कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ बमोजिम देहाय अनुसार गरिनेछ ।

कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ मा भएको व्यवस्था

रकमान्तर तथा स्रोतान्तर: (१) विनियोजन ऐनमा तोकिएको कुनै एक अनुदान सङ्केत अन्तर्गतको बजेट उप-शीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशीर्षकमा बचत हुने रकम मध्येबाट प्रदेश विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही मन्त्रालयले रकमान्तर गर्न सक्नेछ।

(२) आफ्नो र मातहत निकाय अन्तर्गतको कुनै बजेट उपशीर्षकमा रकम नपुग भएमा सो अन्तर्गत रकम बचत भएको अन्य बजेट उपशीर्षकहरूबाट प्रदेश विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही खर्च व्यहोर्ने स्रोत परिवर्तन नहुने गरी चालु बजेटबाट चालु तर्फका खर्च शीर्षकहरूमा र पूँजीगत बजेटबाट पूँजीगत तर्फका खर्च शीर्षकहरूमा सम्बन्धित सचिवले जुन शीर्षकमा रकमान्तर गरिने हो सो शीर्षकको २५प्रतिशत भन्दा बढी नहुने गरी तोकिए बमोजिम

रकमान्तर गर्न सक्नेछ । तर यसरी रकमान्तर गर्दा तलब, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा विजुली, सञ्चार महशुल र घरभाडा जस्ता अनिवार्य दायित्वबाट रकमान्तर गर्न पाइने छैन।

(३) प्रदेश विनियोजन ऐन अन्तर्गत कुनै एक प्रकारको खर्च व्यहोर्ने स्रोतमा रहेको रकम अर्को स्रोतमा सार्ने र भुक्तानी विधि परिवर्तन गर्ने अधिकार मन्त्रालयको हुनेछ ।

(२) विषयगत मन्त्रालयबाट मन्त्रालयमा रकमान्तर तथा स्रोतान्तरका लागि अनुरोध गरी पठाउँदा रकमान्तर तथा स्रोतान्तरण गर्नु पर्नाको कारण स्पष्ट गरी विषयगत मन्त्रालयको निर्णय सहित प्रस्तावित खर्च शीर्षकमा भएको खर्चको विवरण तथा पुष्ट्याई सहित पठाउनु पर्नेछ।

(३) रकमान्तर तथा थप रकम माग भई आउँदा विनियोजित बजेट खर्च भई सकेको वा नपुग हुने वा थप रकम आवश्यक भएको पुष्ट्याई पेश गर्नु पर्नेछ।

(४) नयाँ कार्यक्रममा रकमान्तरको लागि अनुरोध गर्दा त्यस्तो कार्यक्रम सरकारको नीति तथा तत्कालै कार्यान्वयन गर्नु पर्नाको कारण खोली उक्त कार्यक्रम मन्त्रालयबाट स्वीकृत भएको हुनु पर्नेछ।

(५) जुन शीर्षकबाट रकमान्तर गर्न प्रस्ताव गरिएको हो उक्त शीर्षकको रकम खर्च गर्न नसकिने आधार र कारण खोली पेश गर्नु पर्नेछ।

(६) सामान्यतया पौष मसान्त भन्दा अघि विनियोजित कुनै कार्यक्रमको रकम अर्को कुनै कार्यक्रममा वा बजेट नपुग हुने शीर्षकमा रकमान्तरका लागि अनुरोध गर्न पाइने छैन।

१९. **<u>बजेट अनुगमन र मूल्याङ्कन</u>**: (१) विषयगत मन्त्रालयले आफू र मातहतको कार्यालय समेतको बजेट कार्यान्वयन तालिका सहितको अनुगमन सूचक तयार गरी अख्तियारी साथ मातहत निकायमा पठाउनु पर्नेछ । यसरी जारी भएको बजेट कार्यान्वयन तालिका अख्तियारी जारी हुनासाथ मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइसक्नु पर्नेछ । सामान्यतया यस्तो काम श्रावण १५ गतेभित्र सम्पन्न गरिसक्नु पर्नेछ ।

(२) त्यस्तो अनुगमन सूचकको आधारमा प्रत्येक दुई महिनामा एक पटक आर्थिक मामिला तथा योजना मन्त्रीबाट तथा प्रत्येक चौमासिकमा मुख्यमन्त्रीबाट बजेट कार्यान्वयनको प्रगति अनुगमन हुनेछ ।

(३) अनुगमनबाट देखिएका विषयमा सुधारका लागि विषयगत मन्त्रालयमा लेखी पठाउनु पर्नेछ ।

(४) मन्त्रालयले द्विमासिक र चौमासिक प्रगति विवरणको आधारमा मध्यावधि मूल्याङ्कन गरी फाल्गुण मसान्त भित्र प्रतिवेदन प्रकाशन गर्नु पर्नेछ ।

(५) तालुक मन्त्रालय तथा निकायले मातहत निकायको भौतिक तथा वित्तीय प्रगति सम्बन्धमा प्रत्येक चौमासिक सकिएको १५ दिनभित्र तथा वार्षिक अवधि समाप्त भएको ३५ दिनभित्र सामूहिक समीक्षा गर्नु पर्नेछ ।

(६) कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐनको दफा २० बमोजिम अघिल्लो आर्थिक वर्षको वार्षिक तथा चालु आर्थिक वर्षको ६ महिनासम्मको क्रमशः वार्षिक र अर्धवार्षिक समीक्षा सम्पन्न गर्नुपर्नेछ ।

कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐनको दफा २० मा देहाय बमोजिमको व्यवस्था छ ।

बजेट तथा कार्यक्रमको मूल्याङ्कनः बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी मन्त्रालयले अर्धवार्षिक र वार्षिक रूपमा सो अवधि समाप्त भएको दुई महिनाभित्र देहायका विवरण सार्वजनिक गर्नुपर्नेछः

(क) राजस्व, खर्च, आयोजना र कार्यक्रम संचालन गर्न नेपाल सरकारबाट प्राप्त भएको समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान रकम, नेपाल सरकार मार्फत प्राप्त वैदेशिक अनुदान तथा ऋणको अनुमान, प्राप्ति तथा परिचालनको यथार्थ विवरण,

(ख) प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमहरूको कार्यान्वयन अवस्था,

(ग) अन्य आवश्यक विवरणहरू ।

२०. **समपूरक र विशेष अनुदान सम्बन्धी व्यवस्थाः** (१) स्थानीय तहले मन्त्रालयमा कर्णाली प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि २०७५ तथा कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ बमोजिम बजेट प्रस्ताव गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको बजेट प्रस्ताव गर्दा कार्यविधिले तोकेका प्रकृया र आधारहरु पूरा गरी लागत सहभागिताको अंश समेत खुलाई पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम स्थानीय तहबाट पेश भएका प्रस्तावहरु मध्ये कार्यविधि अनुसारको छनौट समितिले प्रदेश सरकारको नीति, आयोजनाको आवश्यकता, बजेट सीमा कार्यविधिमा भएका विषयवस्तुलाई समेत विचार गरी सिफारिससाथ मन्त्रालयमा पेश गर्नुपर्दछ ।

(४) स्थानीय तहले उपदफा (१) बमोजिमको प्रस्ताव पेश गर्दा स्थानीय तहबाट निर्णय गराई पेश गर्नुपर्नेछ । स्थानीय तहले प्रदेशको वार्षिक विकास कार्यक्रममा समावेश भएका यस्ता आयोजनालाई आफ्नो बजेट तथा कार्यक्रममा समावेश गर्नुपर्नेछ ।

(५) स्थानीय तहले उपदफा (४) बमोजिम प्रदेश सरकारको सहलगानीमा सञ्चालन गर्ने आयोजनालाई आफ्नो तहबाट लगानी गर्नुपर्ने हिस्सा छुट्याई राख्नुपर्नेछ । यस

प्रकारका आयोजना बहुवर्षीय भएमा आर्थिक वर्षको समाप्तिसम्म पुरा नभएमा आगामी दायित्व सम्बन्धित स्थानीय तह स्वयमले व्यहोर्नु पर्नेछ ।

(६) योजना तथा कार्यक्रम छनौट गर्दा स्थानीय तहको आफ्नै स्रोतबाट वा समानीकरण, सशर्त अनुदानबाट सञ्चालित योजना कार्यक्रम तथा विगतमा सम्पन्न भएका योजना तथा कार्यक्रमसँग दोहोरो नपर्ने गरी छनौट गर्नुपर्नेछ ।

(७) स्थानीय तहले प्रदेश सरकारलाई राजस्व बाँडफाँट अनुरुप संकलित राजस्व निर्धारित समयभित्र दाखिला नगरेमा यस्ता आयोजना तथा कार्यक्रम प्रस्ताव गर्न पाइने छैन ।

२१. **नेपाल सरकारसँग समपूरक र विशेष अनुदान माग गर्न सकिने** (१) नेपाल सरकार, अर्थ मन्त्रालयबाट समपुरक अनुदान र विशेष अनुदान माग गर्ने सूचना प्रकाशित हुँदा विषयगत मन्त्रालयले मन्त्रालय मार्फत उक्त सूचनामा आधारित रही यस्ता अनुदान माग गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको अनुदान प्रस्ताव गर्दा बजेटमा समावेश गरिएका समपूरक अनुदान र विशेष अनुदान माग गर्न भनी निर्धारित भइसकेका सम्बन्धित योजनामा मात्र माग गर्न सक्नेछन् ।

(३) यस्ता आयोजनाहरु आर्थिक वर्षको अन्तिमसम्ममा सम्पन्न नभएमा यस्ता आयोजनामा बजेटको व्यवस्था गरिसकेपछि मात्र नयाँ आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नुपर्नेछ ।

२२. **आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्था:** (१) कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० बमोजिम प्रदेश तहका सबै लेखा उत्तरदायी अधिकृतहरुले आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गर्नुपर्नेछ ।

(२) आन्तरिक नियन्त्रण प्रणाली, ढाँचा तथा कार्यविधि मन्त्रालयले तोके बमोजिम हुनेछ:

२३. **स्थानीय तहको लागि बजेट तर्जुमा मार्गदर्शन** स्थानीय तहले बजेट तर्जुमा गर्दा देहाय अनुसार गर्नुपर्नेछ:

(क) स्थानीय तहले आर्थिक र वित्तीय नीति तर्जुमा गर्दा नेपाल सरकारको आर्थिक र वित्तीय नीतिको सर्वसामान्यतामा असर नपर्ने गरी प्रदेश सरकारको आर्थिक र वित्तीय नीतिको अनुशरण गर्नु पर्नेछ ।

(ख) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (३) बमोजिम प्रत्येक वर्ष असार महिनाको १० गते भित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ वा नगर सभामा पेश गर्नुपर्नेछ ।

(ग) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १९ बमोजिम कर वा गैरकर राजस्व प्रस्ताव गर्दा, भैरहेको कर वा गैरकर राजस्वमा परिवर्तन गर्नुपर्दा

कर्णाली प्रदेश कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ अनुरुप आवश्यकता, औचित्व तथा त्यसबाट पर्ने प्रभाव समेत उल्लेख गरी प्रस्ताव तयार गर्नुपर्नेछ ।

(घ) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २८ बमोजिम नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्नुपर्नेछ ।

(ङ) बजेटमा पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न पाइने छैन ।

(च) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३२ को उपदफा (३) अनुसार स्थानीय तहले आफूले गरेको आय र व्ययको चौमासिक विवरण त्यस्तो अवधि समाप्त भएको मितिले १५ दिनभित्र नेपाल सरकार अर्थ मन्त्रालय तथा प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ । दोस्रो चौमासिकको विवरण पेश गर्दा तेस्रो चौमासिकमा हुन सक्ने अनुमान समेत पेश गर्नुपर्नेछ । विवरण पेश नगर्ने स्थानीय तहलाई उपलब्ध गराउने अनुदान रोक्का गर्न सकिनेछ ।

(छ) खण्ड(च) का अतिरिक्त कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७५ को दफा ८ बमोजिम स्थानीय तहले आफूले गरेको आय व्ययको चौमासिक विवरण त्यस्तो अवधि समाप्त भएको मितिले पन्ध्र दिनभित्र मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ। तोकेको अवधिभित्र विवरण पेश नगर्ने स्थानीय तहलाई प्रदेश सरकारले उपलब्ध गराउने अनुदान रोक्का गर्न सक्नेछ ।

(ज) आय-व्ययको वर्गीकरण तथा लेखांकन नेपाल सरकारले निर्धारण गरेबमोजिम हुनेछ।

(झ) आन्तरिक ऋण प्रस्ताव गर्दा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको सीमाभित्र रही प्रस्ताव गर्नु पर्नेछ ।

(ञ) नेपालको संविधानको धारा ५७ को उपधारा (६) र (७) अनुसार स्थानीय तहले संघीय र प्रदेश कानूनसँग बाझिने गरी कानून बनाउन नसक्ने हुँदा कर सम्बन्धी कानून बनाउँदा यो धारालाई मध्यनजर गर्नुपर्नेछ ।

(ट) नेपालको संविधानको धारा २३६ बमोजिम अन्तर प्रदेश व्यापारमा कुनै कर, शुल्क, दस्तुर वा महशुल लगाउन पाइने छैन ।

(ठ) स्थानीय तहले कर्णाली प्रदेश कर तथा गैर कर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा २४ बमोजिम मासिक रुपमा दहत्तर बहत्तर शुल्क, मनोरञ्जन कर, विज्ञापन करको विवरण मन्त्रालयमा प्रत्येक महिनाको १५ गते भित्र पठाउनु पर्नेछ ।

(ड) स्थानीय तहले प्राप्त गर्ने घरजग्गा रजिष्ट्रेशन शुल्कबाट उठ्ने रकमका सम्बन्धमा सम्बन्धित मालपोत कार्यालयबाट आफ्नो सञ्चित कोषमा प्राप्त गर्ने व्यवस्था मिलाई सो समेत वित्त विवरणमा समावेश गर्नु पर्नेछ ।

अनुसूचीहरु

नेपालको संविधानबाट सान्दर्भिक धाराहरु

भाग–५ राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड

धारा ५६. राज्यको संरचना: (१) संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ।

(२) नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले यस संविधान तथा कानून बमोजिम गर्ने छन् ।

(३) यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा कायम रहेका अनुसूची-४ मा उल्लेख भए बमोजिमका जिल्लाहरू रहेका प्रदेश रहनेछन् ।

(४) स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहनेछन् । गाउँपालिका र नगरपालिकामा रहने वडाको संख्या संघीय कानून बमोजिम हुनेछ ।

(५) संघीय कानून बमोजिम सामाजिक सांस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिनेछ ।

(६) संघ, प्रदेश र स्थानीय तहले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, सर्वांगीण विकास, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने छन् ।

धारा ५७. राज्यशक्तिको बाँडफाँड: (१) संघको अधिकार अनुसूची-५ मा उल्लिखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र संघीय कानून बमोजिम हुनेछ ।

(२) प्रदेशको अधिकार अनुसूची-६ मा उल्लिखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र प्रदेश कानून बमोजिमहुनेछ ।

(३) संघ र प्रदेशको साझा अधिकार अनुसूची-७ मा उल्लिखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान, संघीयकानून र प्रदेश कानून बमोजिम हुनेछ ।

(४) स्थानीय तहको अधिकार अनुसूची-८ मा उल्लिखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र गाउँ सभा वानगर सभाले बनाएको कानून बमोजिम हुनेछ ।

(५) संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसूची-९, मा उल्लिखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान रघद्ध संघीय कानून, प्रदेश कानून र गाउँ सभा वा नगर सभाले बनाएको कानून बमोजिम हुनेछ ।

(६) उपधारा (३) वा (५) बमोजिम प्रदेश सभा, गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनु पर्नेछ र प्रदेश सभा, गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म आमान्य हुनेछ ।

(७) उपधारा (५) बमोजिम गाउँ सभा वा नगर सभाले कानून बनाउँदा प्रदेश कानूनसँग नबाझिने गरी बनाउनु पर्नेछ र गाउँ सभा वानगर सभाले बनाएको त्यस्तो कानून प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म आमान्य हुनेछ ।

धारा ५८. <u>अवशिष्ट अधिकार:</u> यस संविधान बमोजिम संघ, प्रदेश तथा स्थानीय तहको अधिकारको सूची वा साझा सूचीमा उल्लेख नभएको वा यो संविधानमा कुनै तहले प्रयोग गर्ने गरी नतोकिएको विषयमा संघको अधिकार हुनेछ ।

धारा ५९. <u>आर्थिक अधिकारको प्रयोग:</u> (१) संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने छन् ।

(२) संघले साझा सूचीका विषयमा र आर्थिक अधिकारका अन्य क्षेत्रमा प्रदेशलाई समेत लागू हुने गरी आवश्यक नीति, मापदण्ड र कानून बनाउन सक्नेछ ।

(३) संघ, प्रदेश र स्थानीय तहले आ–आफ्नो तहको बजेट बनाउने छन् र प्रदेश र स्थानीय तहले बजेट पेश गर्ने समय संघीय कानून बमोजिम हुनेछ ।

(४) संघ, प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नु पर्नेछ । त्यस्तो लाभको निश्चित अंश रोयल्टी, सेवा वा वस्तुको रूपमा परियोजना प्रभावित क्षेत्र र स्थानीय समुदायलाई कानून बमोजिम वितरण गर्नु पर्नेछ ।

(५) संघ, प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको उपयोग गर्दा स्थानीय समुदायले लगानी गर्न चाहेमा लगानीको प्रकृति र आकारको आधारमा कानून बमोजिमको अंश लगानी गर्न प्राथमिकता दिनु पर्नेछ ।

(६) वैदेशिक सहायता र ऋण लिने अधिकार नेपाल सरकारको हुनेछ । त्यस्तो सहायता वा ऋण लिंदा देशको समष्टिगत आर्थिक स्थायित्व हुने गरी लिनु पर्नेछ ।

(७) संघ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

धारा ६०. <u>राजस्व स्रोतको बाँडफाँड:</u> (१) संघ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकारक्षेत्र भित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्नेछन् । तर साझा सूची भित्रको विषयमा र कुनै पनि तहको सूचीमा नपरेका विषयमा कर लगाउने र राजस्व उठाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) नेपाल सरकारले संकलन गरेको राजस्व संघ, प्रदेश र स्थानीय तहलाई न्यायोचित वितरण गर्ने व्यवस्था मिलाउनेछ ।

(३) प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुनेछ ।

(४) नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ ।

(५) प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई मातहतको स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानून बमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्ने छन् ।

(६) नेपाल सरकारले संघीय सञ्चित कोषबाट प्रदान गर्ने सशर्त अनुदान, समपूरक अनुदान वा अन्य प्रयोजनका लागि दिने विशेष अनुदान वितरण सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

(७) संघ, प्रदेश र स्थानीय तहबीच राजस्वको बाँडफाँड गर्दा सन्तुलित र पारदर्शी रूपमा गर्नु पर्नेछ ।

(८) राजस्व बाँडफाँड सम्बन्धी संघीय ऐन बनाउँदा राष्ट्रिय नीति, राष्ट्रिय आवश्यकता, प्रदेश र स्थानीय तहको स्वायत्तता, प्रदेश र स्थानीय तहले जनतालाई पुऱ्याउनु पर्ने सेवा र उनीहरूलाई प्रदान गरिएको आर्थिक अधिकार, राजस्व उठाउन सक्ने क्षमता, राजस्वको सम्भाव्यता र उपयोग, विकास निर्माणमा गर्नुपर्ने सहयोग, क्षेत्रीय असन्तुलन, गरीबी र असमानताको न्यूनीकरण, वञ्चितीकरणको अन्त्य, आकस्मिक कार्य र अस्थायी आवश्यकता पूरा गर्न सहयोग गर्नु पर्ने विषयहरूमा ध्यान दिनु पर्नेछ ।

भाग–१६ प्रदेश आर्थिक कार्यप्रणाली

धारा २०३. <u>कर लगाउन वा ऋण लिन नपाइने:</u> (१) कानून बमोजिम बाहेक प्रदेशमा कुनै कर लगाइने र उठाइने छैन ।

(२) संघीय कानून बमोजिम बाहेक प्रदेश सरकारले कुनै ऋण लिने र जमानत दिने छैन ।

धारा २०४. <u>प्रदेश सञ्चित कोष:</u> गुठी रकम बाहेक प्रदेश सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, राजस्वको धितोमा लिइएका सबै कर्जा, प्रदेश ऐनको अधिकार अन्तर्गत दिइएको जुनसुकै ऋण असुल हुँदा प्राप्त भएको सबै धन र नेपाल सरकारबाट प्राप्त हुने अनुदान एवं ऋण रकम प्रदेश ऐनद्वारा अर्को कुनै व्यवस्था नगरिएमा एक प्रदेश सरकारी कोषमा आम्दानी बाँधिनेछ, जसलाई प्रदेश सञ्चित कोष भनिनेछ ।

धारा २०५. <u>प्रदेश सञ्चित कोष वा प्रदेश सरकारी कोषबाट व्यय:</u> देहायका रकम बाहेक प्रदेश सञ्चित कोष वा अन्य कुनै प्रदेश सरकारी कोषबाट कुनै रकम झिक्न सकिने छैन :–

(क) प्रदेश सञ्चित कोषमाथि व्ययभार भएको रकम,

(ख) विनियोजन ऐन बमोजिम खर्च हुने रकम,

(ग) विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा पेश्कीको रूपमा ऐन बमोजिम खर्च हुने रकम, वा

(घ) विशेष अवस्थामा व्ययको विवरण मात्र भएको उधारो खर्च ऐनद्वारा व्यय हुने रकम ।

तर प्रदेश आकस्मिक कोषका हकमा धारा २१२ बमोजिम हुनेछ ।

धारा २०६. <u>प्रदेश सञ्चित कोषमाथि व्ययभार:</u> देहायका विषयसँग सम्बन्धित खर्च प्रदेश सञ्चित कोषमाथि व्ययभार हुनेछ र त्यस्तो व्ययका लागि प्रदेश सभाको स्वीकृति आवश्यक पर्ने छैन :–

(क) प्रदेश सभामुख र प्रदेश उपसभामुखलाई दिइने पारिश्रमिक र सुविधाका रकम,

(ख) प्रदेश लोकसेवा आयोगका अध्यक्ष र सदस्यलाई दिईने पारिश्रमिक र सुविधाका रकम,

(ग) प्रदेश सरकारको दायित्वको ऋण सम्बन्धी व्ययभार,

(घ) प्रदेश सरकारको विरुद्ध अदालतबाट भएको फैसला वा आदेश अनुसार तिर्नु पर्ने रकम, र

(ङ) प्रदेश कानूनले प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने भनी निर्धारण गरेको रकम ।

धारा २०७. <u>राजस्व र व्ययको अनुमान</u>: (१) प्रदेशको अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको सम्बन्धमा प्रदेश सभा समक्ष देहायका कुरा समेत खुलाई वार्षिक अनुमान पेश गर्न सक्नेछः–

(क) राजस्वको अनुमान,

(ख) प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने आवश्यक रकमहरू, र

(ग) प्रदेश विनियोजन ऐन बमोजिम व्यय हुने आवश्यक रकमहरू ।

(२) उपधारा (१) बमोजिम वार्षिक अनुमान पेश गर्दा अघिल्लो आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र खर्च अनुसारको लक्ष्य हासिल भयो वा भएन त्यसको विवरण पनि साथै पेश गर्नु पर्नेछ ।

धारा २०८. <u>प्रदेश विनियोजन ऐन</u>: प्रदेश विनियोजन ऐन बमोजिम व्यय हुने रकम शीर्षकमा उल्लेख गरी विनियोजन विधेयकमा राखिनेछन् ।

धारा २०९. <u>पूरक अनुमान</u>: (१) कुनै आर्थिक वर्षमा देहायको अवस्था पर्न आएमा प्रदेशको अर्थमन्त्रीले प्रदेश सभा समक्ष पूरक अनुमान पेश गर्न सक्नेछः–

(क) चालू आर्थिक वर्षका लागि प्रदेश विनियोजन ऐन बमोजिम कुनै सेवाका लागि खर्च गर्न अख्तियारी दिइएको रकम अपर्याप्त भएमा वा त्यस वर्षका लागि प्रदेश विनियोजन ऐनले अधिकार नदिएको नयाँ सेवामा खर्च गर्न आवश्यक भएमा, वा

(ख) चालू आर्थिक वर्षमा प्रदेश विनियोजन ऐनबमोजिम अख्तियारी दिएको रकमभन्दा बढी खर्च हुन गएमा ।

(२) पूरक अनुमानमा राखिएको रकम सम्बन्धित शीर्षकमा उल्लेख गरी पूरक विनियोजन विधेयकमा राखिनेछ ।

धारा २१०. <u>पेश्की खर्च</u>: (१) यस भागमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा आर्थिक वर्षका लागि अनुमान गरिएको व्ययको कुनै अंश पेश्कीका रूपमा प्रदेश ऐन बमोजिम खर्च गर्न सकिनेछ ।

(२) धारा २०७ बमोजिम राजस्व र व्ययको अनुमान पेश नगरिएसम्म पेश्की खर्च विधेयक प्रस्तुत गरिने छैन र पेश्कीको रकम आर्थिक वर्षको व्यय अनुमानको एक तिहाइ भन्दा बढी हुने छैन ।

(३) प्रदेश पेश्की खर्च ऐनबमोजिम खर्च भएको रकम प्रदेश विनियोजन विधेयकमा समावेश गरिनेछ ।

धारा २११. <u>उधारो खर्च</u>: यस भागमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक कारण वा अन्य कारणले गर्दा प्रदेशमा संकटको अवस्था परी धारा २०७ को उपधारा (१) बमोजिम चाहिने विवरण खुलाउन अव्यावहारिक वा प्रदेशको सुरक्षा वा हितको दृष्टिले अवाञ्छनीय देखिएमा प्रदेशको अर्थमन्त्रीले व्ययको विवरण मात्र भएको उधारो खर्च विधेयक प्रदेश सभा समक्ष पेश गर्न सक्नेछ ।

धारा २१२. <u>प्रदेश आकस्मिक कोष:</u> (१) प्रदेश ऐन बमोजिम प्रदेश आकस्मिक कोषको नामले एउटा कोष स्थापना गर्न सकिनेछ र त्यस्तो कोषमा समय समयमा प्रदेश ऐन बमोजिम निर्धारण भएको रकम जम्मा गरिनेछ ।

(२) उपधारा (१) बमोजिमको कोष प्रदेश सरकारको नियन्त्रणमा रहनेछ । प्रदेश सरकारले त्यस्तो कोषबाट आकस्मिक कार्यका लागि खर्च गर्न सक्नेछ ।

(३) उपधारा (२) बमोजिमको खर्चको रकम प्रदेश ऐन बमोजिम यथाशीघ्र सोधभर्ना गरिनेछ ।

धारा २१३. <u>आर्थिक कार्यविधि सम्बन्धी ऐन:</u>प्रदेश ऐन बमोजिम विनियोजित रकम एक शीर्षकबाट अर्को शीर्षकमा रकमान्तर गर्ने र आर्थिक कार्यविधि सम्बन्धी अन्य व्यवस्था प्रदेश ऐन बमोजिम हुनेछ ।

भाग–१९ स्थानीय आर्थिक कार्य प्रणाली

धारा २२८. <u>कर लगाउन वा ऋण लिन नपाइने:</u> (१) कानून बमोजिम बाहेक स्थानीय तहमा कुनै कर लगाउन, उठाउन र ऋण लिन पाइने छैन ।

(२) स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानून बनाई कर लगाउन सक्नेछ ।

धारा २२९. <u>स्थानीय सञ्चित कोष:</u> (१) स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहनेछ । त्यस्तो कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिका वा नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ ।

(२) उपधारा (१) बमोजिमको स्थानीय सञ्चित कोषबाट गर्न सकिने खर्च सम्बन्धी व्यवस्था स्थानीय कानून बमोजिम हुनेछ ।

धारा २३०. <u>गाउँपालिका र नगरपालिकाको राजस्व र व्ययको अनुमान:</u>(१) यस संविधानको अधीनमा रही गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानून बमोजिम गाउँ सभा वा नगर सभामा पेश गरी पारित गराउनु पर्नेछ ।

(२) उपधारा (१) बमोजिम गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले राजस्व र व्ययको अनुमान पेश गर्दा घाटा बजेट निर्माण गर्नु पर्ने भएमा संघीय कानून र प्रदेश कानून बमोजिम घाटा पूर्ति गर्ने स्रोत समेतको प्रस्ताव गर्नु पर्नेछ ।

भाग–२० संघ, प्रदेश र स्थानीय तह बीच अन्तरसम्बन्ध

धारा २३१. <u>संघ र प्रदेश बीचको व्यवस्थापकीय अन्तरसम्बन्ध:</u> (१) संघीय कानून नेपालभर वा आवश्यकता अनुसार नेपालको कुनै क्षेत्रमा मात्र लागू हुने गरी बनाउन सकिनेछ ।

(२) प्रदेश कानून प्रदेशभर वा आवश्यकता अनुसार प्रदेशको कुनै क्षेत्रमा मात्र लागू हुने गरी बनाउन सकिनेछ ।

(३) दुई वा दुईभन्दा बढी प्रदेशले अनुसूची-६ मा उल्लिखित कुनै विषयमा कानून बनाउन नेपाल सरकार समक्ष अनुरोध गरेमा संघीय संसदले आवश्यक कानून बनाउन सक्नेछ । त्यस्तो कानून सम्बन्धित प्रदेशको हकमा मात्र लागू हुनेछ ।

धारा २३२. <u>संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्धः</u> (१) संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ ।

(२) नेपाल सरकारले राष्ट्रिय महत्वका विषयमा र प्रदेशहरू बीच समन्वय गर्नुपर्ने विषयमा प्रदेश मन्त्रिपरिषदलाई यो संविधान र संघीय कानून बमोजिम आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु सम्बन्धित प्रदेश मन्त्रिपरिषदको कर्तव्य हुनेछ ।

(३) कुनै प्रदेशमा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा स्वाधीनतामा गम्भीर असर पर्ने किसिमको कार्य भएमा राष्ट्रपतिले त्यस्तो प्रदेश मन्त्रिपरिषदलाई आवश्यकता अनुसार सचेत गराउन, प्रदेश मन्त्रिपरिषद र प्रदेश सभालाई बढीमा छ महीनासम्म निलम्बन गर्न वाविघटन गर्न सक्नेछ ।

(४) उपधारा (३) बमोजिम कुनै प्रदेश मन्त्रिपरिषद र प्रदेश सभा निलम्बन वा विघटन गरेकोमा त्यस्तो कार्य पैंतीस दिन भित्र संघीय संसदको तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमतबाट अनुमोदन गराउनु पर्नेछ ।

(५) उपधारा (३) बमोजिम गरिएको विघटन सम्बन्धी कार्य संघीय संसदबाट अनुमोदन भएमा त्यस्तो प्रदेशमा छ महिना भित्र प्रदेश सभाको निर्वाचन हुनेछ। तर संघीय संसदबाट अनुमोदन नभएमा त्यस्तो निलम्बन वा विघटन सम्बन्धी कार्य स्वतः निष्क्रिय हुनेछ।

(६) उपधारा (३) बमोजिम गरिएको निलम्बन उपधारा (४) बमोजिम अनुमोदन भएमा त्यस्तो निलम्बनको अवधिभर र उपधारा (५) बमोजिम प्रदेश सभाको निर्वाचन नभएसम्मका लागि त्यस्तो प्रदेशमा संघीय शासन कायम रहनेछ ।

(७) संघीय शासन कायम रहेको अवस्थामा संघीय संसदले अनुसूची-६ बमोजिमको सूचीमा परेको विषयमा कानून बनाउन सक्नेछ । त्यस्तो कानून सम्बन्धित प्रदेश सभाले अर्को कानून बनाई खारेज नगरेसम्म बहाल रहनेछ ।

(८) नेपाल सरकारले आफै वा प्रदेश सरकार मार्फत गाउँ कार्यपालिका वा नगर कार्यपालिकालाई यो संविधान र संघीय कानून बमोजिम आवश्यक सहयोग गर्न र निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालन गर्नु गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कर्तव्य हुनेछ ।

धारा २३३. <u>प्रदेश-प्रदेश बीचको सम्बन्धः</u> (१) एक प्रदेशले अर्को प्रदेशको कानूनी व्यवस्था वा न्यायिक एवं प्रशासकीय निर्णय वा आदेशको कार्यान्वयनमा सहयोग गर्नु पर्नेछ ।

(२) एक प्रदेशले अर्को प्रदेशसँग साझा चासो, सरोकार र हितको विषयमा सूचना आदान प्रदान गर्न, परामर्श गर्न, आफ्नो कार्य र विधायनकाबारेमा आपसमा समन्वय गर्न र आपसी सहयोग विस्तार गर्न सक्नेछ ।

(३) एक प्रदेशले अर्को प्रदेशको बासिन्दालाई आफ्नो प्रदेशको कानून बमोजिम समान सुरक्षा, व्यवहार र सुविधा उपलब्ध गराउनु पर्नेछ ।

धारा २३४. <u>अन्तर प्रदेश परिषदः</u> (१) संघ र प्रदेश बीच तथा प्रदेश–प्रदेश बीच उत्पन्न राजनीतिक विवाद समाधान गर्न देहाय बमोजिमको एक अन्तर प्रदेश परिषद रहनेछः–

(क) प्रधानमन्त्री – अध्यक्ष

(ख) नेपाल सरकारका गृहमन्त्री – सदस्य

(ग) नेपाल सरकारका अर्थमन्त्री – सदस्य

(घ) सम्बन्धित प्रदेशका मुख्यमन्त्री – सदस्य

(२) अन्तर प्रदेश परिषदको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) अन्तर प्रदेश परिषदले आफ्नो बैठकमा विवादको विषयसँग सम्बन्धित नेपाल सरकारको मन्त्री र सम्बन्धित प्रदेशको मन्त्री तथाविशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) अन्तरप्रदेश परिषदको बैठक सम्बन्धी कार्यविधि सो परिषद आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

धारा २३५. <u>संघ, प्रदेश र स्थानीय तह बीचको समन्वयः</u> (१) संघ, प्रदेश र स्थानीय तह बीच समन्वय कायम गर्न संघीय संसदले आवश्यक कानून बनाउनेछ ।

(२) प्रदेश, गाउँपालिका वा नगरपालिका बीच समन्वय कायम गर्न र कुनै राजनीतिक विवाद उत्पन्न भएमा प्रदेश सभाले सम्बन्धित गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिसँग समन्वय गरी त्यस्तो विवादको समाधान गर्न सक्नेछ ।

(३) उपधारा (२) बमोजिम विवाद समाधान गर्ने प्रक्रिया र कार्यविधि प्रदेश कानून बमोजिम हुनेछ ।

धारा २३६. <u>अन्तर प्रदेश व्यापारः</u> यस संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तार वा कुनै प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा स्त्राको विस्तारमा कुनै किसिमको बाधा अवरोध गर्न वा कुनै कर, शुल्क, दस्तुर वा महसूल लगाउन वा त्यस्तो सेवा वा वस्तुको ढुवानी वा विस्तारमा कुनै किसिमको भेदभाव गर्न पाइने छैन ।

धारा २३७. <u>सर्वोच्च अदालतको संवैधानिक इजलासको अधिकार क्षेत्रमा असर नपर्नेः</u> यस भागमा लेखिएको कुनै कुराले धारा १३७ बमोजिमको सर्वोच्च अदालतको संवैधानिक इजलासको अधिकार क्षेत्रमा कुनै असर पर्ने छैन ।

धारा २४४. <u>प्रदेश लोक सेवा आयोग सम्बन्धी व्यवस्थाः</u> (१) प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहनेछ।

(२) प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुनेछ ।

(३) उपधारा (२) को प्रयोजनका लागि संघीय संसदले कानून बनाई आधार र मापदण्ड निर्धारण गर्नेछ ।

२५१. <u>राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको काम, कर्तव्य र अधिकारः</u> (१) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ : –

(क) संविधान र कानून बमोजिम संघीय सञ्चित कोषबाट संघ, प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँड गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने,

(ख) संघीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने समानीकरण अनुदान सम्बन्धमा सिफारिस गर्ने,

(ग) राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्था अनुसार प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको सम्बन्धमा अध्ययन अनुसन्धान गरी आधार तयार गर्ने

(घ) प्रदेश सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँड गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने,

(ङ) संघ, प्रदेश र स्थानीय सरकारको खर्च जिम्मेवारी पूरा गर्ने र राजस्व असुलीमा सुधार गर्नु पर्ने उपायहरूको सिफारिस गर्ने,

(च) समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी संघ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने,

(छ) संघ र प्रदेश सरकारको राजस्व बाँडफाँड आधारको पुनरावलोकन गरी परिमार्जनको सिफारिस गर्ने,

(ज) प्राकृतिक स्रोतको परिचालन गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने,

(झ) प्राकृतिक स्रोतको बाँडफाँड सम्बन्धी विषयमा संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरू बीच उठ्न सक्ने संभावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न सुझाव दिने ।

(२) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्राकृतिक स्रोतको बाँडफाँड गर्दा सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्नेछ ।

(३) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको अन्य काम, कर्तव्य र अधिकार, प्राकृतिक स्रोतको परिचालन गर्दा वा राजस्वको बाँडफाँड गर्दा अपनाउनु पर्ने विस्तृत आधार, आयोगका पदाधिकारीहरूको सेवाका शर्त लगायत अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ।

धारा २६८. <u>नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान संगठन सम्बन्धी व्यवस्था</u>: (१) संघमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभाग रहनेछन् ।

(२) प्रत्येक प्रदेशमा प्रदेश प्रहरी संगठन रहनेछ ।

(३) नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरिवेक्षण र समन्वय सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

(४) नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभाग सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

धारा २८५. <u>सरकारी सेवाको गठन</u>: (१) नेपाल सरकारले देशको प्रशासन सञ्चालन गर्न संघीय निजामती सेवा र आवश्यकता अनुसार अन्य संघीय सरकारी सेवाहरूको गठन गर्न सक्नेछ । त्यस्ता सेवाहरूको गठन, सञ्चालन र सेवाका शर्त संघीय ऐन बमोजिम हुनेछ ।

(२) संघीय निजामती सेवा लगायत सबै संघीय सरकारी सेवामा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्दा संघीय कानून बमोजिम खुला र समानुपातिक समावेशी सिद्धान्तका आधारमा हुनेछ ।

(३) प्रदेश मन्त्रिपरिषद, गाउँ कार्यपालिका र नगर कार्यपालिकाले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकताअनुसार कानूनबमोजिम विभिन्न सरकारी सेवाहरूको गठन र सञ्चालन गर्न सक्नेछन् ।

धारा २९४. <u>संवैधानिक निकायको वार्षिक प्रतिवेदन</u>: (१) यस संविधान बमोजिमका संवैधानिक निकायले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन संघीय संसद समक्ष पेश गर्न लगाउनेछ ।

(२) उपधारा (१) बमोजिमको वार्षिक प्रतिवेदनमा खुलाउनु पर्ने कुराहरू संघीय कानूनबमोजिम हुनेछ ।

(३) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्नेछ ।

धारा ३०२. <u>प्रदेश र स्थानीय तहमा सरकारी सेवाहरूको गठन र सञ्चालन</u>: (१) प्रदेश र स्थानीय तहमा आवश्यक सेवा प्रवाह गर्न नेपाल सरकारले आवश्यक व्यवस्था गर्नेछ ।

(२) उपधारा (१) बमोजिमको व्यवस्था गर्दा यो संविधान प्रारम्भ हुँदाका बखत सरकारी सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारीलाई नेपाल सरकारले कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहमा समायोजन गरी सेवा प्रवाहको व्यवस्था मिलाउन सक्नेछ ।

धारा ३०६. <u>परिभाषा र व्याख्या</u>: (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस संविधानमा,–

(ख) "कानून" भन्नाले संघीय कानून, प्रदेश कानून र स्थानीय कानून सम्झनु पर्छ ।

(च) "प्रदेश" भन्नाले यस संविधान बमोजिम संघीय इकाइमा विभाजन गरिएको नेपालको संघीय ईकाइको क्षेत्र र स्वरूप सम्झनु पर्छ ।

(ट) "संघीय ईकाइ" भन्नाले संघ, प्रदेश र स्थानीय तह सम्झनु पर्छ ।

(ढ) "स्थानीय तह" भन्नाले यस संविधान बमोजिम स्थापना हुने गाउँपालिका, नगरपालिका र जिल्ला सभालाई सम्झनु पर्छ।

अनुसूची –६ प्रदेशको अधिकारको सूची

(धारा ५७ को उपधारा (२), धारा १६२ को उपधारा (४), धारा १९७, धारा २३१ को उपधारा (३), धारा २३२ को उपधारा (७), धारा २७४ को उपधारा (४) र धारा २९६को उपधारा (४) सँगसम्बन्धित)

क्र.सं.	विषयहरु
१.	प्रदेश प्रहरी र शान्ति सुरक्षा
२.	नेपाल राष्ट्र बैंकको नीति अनुरुप वित्तीय संस्थाहरुको सञ्चालन, सहकारी संस्था, केन्द्रको सहमतिमा वैदेशिक अनुदान र सहयोग
३.	रेडियो, एफ.एम., टेलिभिजन सञ्चालन
४.	घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना
५.	प्रदेश निजामती सेवा र अन्य सरकारी सेवा
६.	प्रदेश तथ्याङ्क
७.	प्रदेश स्तरको विद्युत, सिचाई र खानेपानी सेवा परिवहन
८.	प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, संग्रहालय
९.	स्वास्थ्य सेवा
१०.	प्रदेश सभा, प्रदेश मन्त्रिपरिषद सम्बन्धी
११.	प्रदेश भित्रको व्यापार
१२.	प्रदेश लोकमार्ग
१३.	प्रदेश अनुसन्धान ब्यूरो
१४.	प्रदेश सरकारी कार्यालयहरुको भौतिक व्यवस्थापन र अन्य आवश्यक विषय
१५.	प्रदेश लोक सेवा आयोग
१६.	भूमि व्यवस्थापन, जग्गाको अभिलेख
१७.	खानी अन्वेषण र व्यवस्थापन
१८.	भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग
१९.	प्रदेशभित्रको राष्ट्रिय वन, जग उपयोग तथा वातावरण व्यवस्थापन
२०.	कृषि तथा पशु विकास, कलकारखाना, औद्योगिकीकरण, व्यापार व्यवसाय, यातायात
२१.	गुठी व्यवस्थापन

अनुसूची-७ संघ र प्रदेशको साझा अधिकारको सूची

(धारा ५७ को उपधारा (३), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७ सँग सम्बन्धित)

क्र.सं.	विषयहरु
१.	फौजदारी तथा देवानी कार्यविधि र प्रमाण र शपथ (कानूनी मान्यता, सार्वजनिक कार्य र अभिलेख र न्यायिक प्रक्रिया)
२.	आवश्यक वस्तु तथा सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमन
३.	देशको सुरक्षासँग सम्बन्धित विषयमा निवारक नजरबन्द, कारागार तथा हिरासत व्यवस्थापन र शान्ति सुरक्षाको व्यवस्था
४.	एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण
५.	पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, लोपोन्मुख, टुहुरा, धर्मपुत्र, धर्मपुत्री, उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी कानून
६.	सम्पत्ति प्राप्ति, अधिग्रहण र अधिकारको सृजना
७.	करार, सहकारी, साझेदारी र एजेन्सी सम्बन्धी
८.	टाट पल्टेको र दामासाही सम्बन्धी
९.	औषधि र विषादी
१०.	योजना, परिवार नियोजन र जनसंख्या व्यवस्थापन
११.	सामाजिक सुरक्षा र रोजगारी, ट्रेड युनियन, औद्योगिक विवादको समाधान, श्रमिकका हक, अधिकार र विवाद सम्बन्धी कार्य
१२.	कानून व्यवसाय, लेखा परीक्षण, इन्जिनियरिङ्ग, चिकत्सा, आयुर्वेद चिकित्सा, पशु चिकित्सा, आम्ची र अन्य पेशा
१३.	प्रदेश सीमा नदी, जलमार्ग, वातावरण संरक्षण, जैविक विविधता
१४.	सञ्चार माध्यम सम्बन्धी
१५.	उद्योग तथा खनिज र भौतिक पूर्वाधार
१६.	क्यासिनो, चिट्ठा
१७.	प्राकृतिक तथा गैर प्राकृतिक विपद पूर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभ
१८.	पर्यटन, खानेपानी तथा सरसफाइ
१९.	चलचित्र, सिनेमा हल, खेलकुद
२०.	बीमा व्यवसाय सञ्चालन र व्यवस्थापन
२१.	गरिबी निवारण र औद्योगीकरण
२२.	वैज्ञानिक अनुसन्धान, विज्ञान प्रविधि र मानव संशासन विकास
२३.	अन्तर प्रादेशिक रुपमा फैलिएको जंगल, हिमाल, वन संरक्षण क्षेत्र जल उपयोग
२४.	भूमि नीति र सो सम्बन्धी कानून
२५.	रोजगारी र बेरोजगार सहायता

अनुसूची-९ संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची

(धारा ५७ को उपधारा (५), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७,धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा(१) सँग सम्बन्धित)

क्र.सं.	विषयहरु
१.	सहकारी
२.	शिक्षा, खेलकुद र पत्रपत्रिका
३.	स्वास्थ्य
४.	कृषि
५.	विद्युत, खानेपानी, सिचाई जस्ता सेवाहरु
६.	सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क
७.	वन, जंगल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता
८.	खानी तथा खनिज
९.	विपद व्यवस्थापन
१०.	सामाजिक सुरक्षा र गरिबी निवारण
११.	व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क
१२.	पुरातत्व, प्राचीन स्मारक र संग्रहालय
१३.	सुकुम्बासी व्यवस्थापन
१४.	प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी
१५.	सवारी साधन अनुमति

१. नेपाल सरकार मन्त्रिपरिषदबाट २०७३/१०/१८ मा स्वीकृत कार्यविस्तृतीकरण प्रतिवेदनबाट प्रदेशको कार्य विस्तृतीकरण

प्रदेशको एकल अधिकारको (अनुसूची ६) विस्तृतीकरण			
अनुसूचीको क्र.सं.	**संविधानका अधिकार सूचीका विषय**	**संविधानको अधिकार सूचीका विषयको विस्तृतीकरण**	
१	प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा (अनुसूची ७ को ३ र ४ बाट समेत)	**१.१**	**प्रदेश प्रहरी प्रशासन**
		१.१.१	प्रदेश प्रहरी सेवा सम्बन्धी नीति, कानून, कार्यान्वयन र नियमन
		१.१.२	संघीय कानून बमोजिम प्रदेश प्रहरी संचालन, व्यवस्थापन र नियमन
		१.१.३	ब्यारेक र कार्यालयसहितको भौतिक पूर्वाधार, हातहतियार, गोली गठ्ठा, यातायात साधन, सञ्चार उपकरण तथा सामग्रीको आपूर्ति र व्यवस्थापन
		१.१.४	प्रदेशभित्रको अपराध अनुसन्धान, रोकथाम तथा नियन्त्रण
		१.१.५	प्रदेशभित्रको शान्ति सुरक्षाको व्यवस्थापन, कानून कार्यान्वयनमा सहयोग, आवश्यकता अनुसार प्रहरी परिचालन, केन्द्रीय प्रहरी र अन्य सुरक्षा निकायलाई लोकमार्ग लगायत अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग
		१.१.६	विपद् प्रतिकार्य सम्बन्धी कार्य
		१.१.७	केन्द्रीय प्रहरी र अन्य प्रदेशका प्रहरी संगठनसंग सम्पर्क, सूचना आदान प्रदान र समन्वय
		१.१.८	आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रबर्द्धनमा सहयोग
		१.१.९	प्रदेश प्रहरीको क्षमता अभिवृद्धि
		१.१.१०	प्रादेशिक कारागार सुरक्षा तथा हिरासत व्यवस्थापन
		१.१.११	सामुदायिक प्रहरी
		१.१.१२	प्रदेश प्रहरी कल्याण
		१.१.१३	प्रदेशभित्रको लोकमार्ग, सहायक मार्ग तथा स्थानीय तहका मार्गमा ट्राफिक व्यवस्थापन
		१.१.१४	प्रदेशभित्र न्यायिक र अर्ध न्यायिक निकायले गरेका फैसला कार्यान्वयन लगायत अन्य कार्यमा सहयोग
		१.२	**शान्ति सुरक्षा**
		१.२.१	प्रदेशको लागि शान्ति सुरक्षा र सार्वजनिक सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना, कार्यान्वयन र नियमन

		१.२.२	शान्ति सुरक्षामा असर गर्न सक्ने खतर, चुनौती र जोखिम सम्बन्धी सूचना संकलन, विश्लेषण, आदान-प्रदान र उपयोग प्रतिवेदन
		१.२.३	प्रदेशभरको शान्ति सुरक्षाको समग्र स्थितिको लेखाजोखा, रेखदेख, नियन्त्रण, मूल्यांकन र आवश्यक सुरक्षा उपायहरू अवलम्बन तथा आवधिक प्रतिवेदन
		१.२.४	प्रदेशभित्रको सार्वजनिक सुव्यवस्था र प्रदेशको काबु वाहिरको शान्ति सुव्यवस्था सम्वन्धमा संघसँग समन्वय र सहकार्य
		१.२.५	अतिविशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल, उत्सव, मेला, समारोह आदिको सुरक्षा
		१.२.६	विपद प्रभावित स्थल, व्यक्ति तथा सम्पत्तिको सुरक्षा
		१.२.७	प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको संचालन, सुपरिवेक्षण र समन्वय
		१.२.८	प्रदेश र केन्द्रीय सुरक्षा निकायसंगको सम्बन्ध
		१.२.९	स्थानीय प्रशासन सम्बन्धी
		१.२.९.१	संघ, संस्था दर्ता, अभिलेखीकरण र नियमन
		१.२.९.२	गुनासो र विवाद व्यवस्थापन
		१.२.९.४	उमेर, नाम र जात सच्याउने सम्बन्धी
		१.२.९.५	विपद् व्यवस्थापनमा समन्वय
		१.२.९.६	अर्धन्यायिक कार्य
		१.२.९.७	हातहतियार तथा खरखजना सम्बन्धी
		१.२.९.८	संघीय मापदण्ड बमोजिम विस्फोटक पदार्थ भण्डारण तथा प्रयोग सम्बन्धी कार्य
		१.३	**अपराध रोकथाम तथा नियन्त्रण**
		१.३.१	प्रदेशभित्रको अपराध सम्बन्धी सूचना संकलन, विश्लेषण र उपयोग
		१.३.२	केन्द्रीय प्रहरीको कार्यक्षेत्र बाहेकको अपराधहरूको रोकथाम, अनुसन्धान र नियन्त्रण सम्बन्धी
		१.३.३	अपराध अनुसन्धानमा अन्य प्रदेश र संघलाई सहयोग तथा समन्वय
		१.३.४	अपराध सम्बन्धी प्रादेशिक अभिलेख व्यवस्थापन
		१.३.५	फौजदारी कार्यविधिको कार्यान्वयन

		१.३.६	अपराध पीडितको पुनस्थापन र अपराध तथा यातना पीडितको क्षतिपूर्ति
		१.३.७	प्रादेशिक कारागारको सुरक्षा व्यवस्था, भौतिक पूर्वाधार निर्माण, मर्मत संभार, संचालन, तथा हिरासत व्यवस्थापन
		१.३.८	थुनुवा तथा कैदीहरूको मानव अधिकार संरक्षण र प्रवर्द्धन
		१.३.९	एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण सम्बन्धी व्यवस्थापन र सुरक्षा
		१.३.१०	निवारक नजरबन्दर स्थानहद सम्बन्धी कार्य कार्यन्वयन
२	नेपालराष्ट्र बैंकको नीति अनुरूप वित्तीय संस्थाहरूको सञ्चालन, सहकारी संस्था, केन्द्रको सहमतिमा वैदेशिक अनुदान र सहयोगप्रदेश आर्थिक कार्य प्रणाली (अनुसूची ७ को १० बाट समेत)	**२**	**आर्थिक, योजना,वित्तीय क्षेत्र**
		२.१	**आर्थिक क्षेत्र**
		२.१.२	प्रदेशको समष्टिगत आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन रनियमन
		२.१.३	आर्थिक साधनको बाँडफाँड
		२.१.४	प्रदेश आर्थिक स्थायित्व, मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा कार्यान्वयन र नियमन
		२.१.५	संघको स्वीकृतिमा वैदेशिक अनुदान र सहयोग प्राप्ति उपयोग, लेखाङ्कन र प्रतिवेदन
		२.१.६	प्रदेश सेवा सुविधा र दीर्घकालीन आर्थिक दायित्व सम्वन्धी विषय
		२.१.७	प्रदेश सरकारी सम्पत्तिको एकीकृत विवरण
		२.१.८	प्रदेश सरकारी वाँकी रकमको लगत र असुल उपर
		२.२	**योजना**
		२.२.१	प्रदेश विकास नीति, प्रदेशस्तरका अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा र अनुगमन तथा मूल्यांकन
		२.२.२	प्रदेश प्राथमिकता प्राप्त क्षेत्र तथा लक्ष निर्धारण
		२.२.३	प्रदेशगत मानव संशाधन विकासका लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा
		२.२.४	अन्तरक्षेत्रगत केन्द्रीय विकास आयोजनाहरूमा समन्वय र सशर्त अनुदानको सदुपयोग
		२.२.५	अध्ययन अनुसन्धान
		२.२.६	सन्तुलित विकासका लागि क्षेत्रगत नीति ररणनीति तर्जुम

		२.२.७	गरीवी निवारणको रणनीति तर्जुमा
		२.२.८	विषयक्षेत्रगत योजना स्वीकृति
		२.२.९	कुल प्रदेश लगानी प्रक्षेपण (सरकारी, सहकारी र निजी) र वित्तीय व्यवस्थापन
		२.२.१०	वार्षिक विकास कार्यक्रम, स्वीकृति, कार्यान्वयन र नियमन
		२.२.११	प्रदेशस्तरमा अनुगमन तथा मूल्यांकनको आधार, प्रक्रिया निर्धारण, क्षेत्रगत नीतिको अनुगमन तथा मूल्यांकन, विकास आयोजना कार्यान्वयन, अनुगमन र प्रतिफलको समीक्षा
		२.३	**वित्तक्षेत्र**
		२.३.१	वित्तीय संस्थाहरुको संचालन र सहजीकरण
		२.३.२	प्रदेश राजश्व सम्बन्धी नीति, कानुन तर्जुमा कार्यान्वयन र नियमन
		२.३.२	प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीति तर्जुमा कार्यान्वयन, नियमन र स्थानीय तहमा अनुदान
		२.३.३	प्रदेश आन्तरिक र वैदेशिक ऋण तथा अनुदानको व्यवस्थापन र नियमन
		२.३.४	संघीय नीति अनुरुप सहवित्तीयकरण
		२.४	**सहकारी संस्था**
		२.४.१	सहकारी संस्था सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन
		२.४.२	प्रादेशिक सहकारी संस्था, सहकारी संघ, सहकारी बैंक सम्वन्धी अनुमति, सञ्चालन र नियमन
		२.४.३	सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्डरनियमन
		२.४.४	सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय विषयगत र अन्तरप्रादेशिक संघसंस्थासँग समन्वय र सहकार्य
		२.४.५	सहकारी सम्बन्धी प्रादेशिक एवं स्थानीय तह भित्रका संघसंस्थासँग समन्वय र सहकार्य
		२.४.६	सहकारी सम्वन्धी प्रादेशिक तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान
		२.४.७	सहकारी सम्वन्धी क्षमता अभिवृद्धि
		२.४.८	सहकारी क्षेत्रको प्रवर्द्धन र परिचालन

		२.५	**प्रदेश आर्थिक प्रणाली**
		२.५.१	प्रदेश आर्थिक कार्यविधि सम्वन्धी नीति तथा कानून निर्माण, कार्यान्वयन र नियमन
		२.५.२	बजेट सीमा निर्धारण, तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन
		२.५.३	लेखा नियन्त्रण तथा व्यवस्थापन
		२.५.४	प्रदेश संचित कोषको संचालन र व्यवस्थापन
		२.५.५	प्रदेश राजस्व र व्ययको अनुमान
		२.५.७	प्रदेश विनियोजन ऐन (स्थानीय तहलाइ उपलब्ध गराउने स्रोत समेत)
		२.५.८	प्रदेश पुरक अनुमान
		२.५.९	प्रदेश पेश्की खर्च
		२.५.१०	प्रदेश आकष्मिक कोष
		२.५.११	प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन
		२.५.१२	प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्य संचालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परीक्षण
३	रेडियो, एफ्.एम्. टेलिभिजन संचालन(अनुसूची ६ (३) ७(१४), ९(२)बाट समेत	**३.१**	**रेडियो, एफ्. एम्. टेलिभिजन**
		३.१.१	रेडियो, एफ्. एम्., टेलिभिजन संचालन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन
		३.१.२	१०० वाटभन्दा माथि १००० वाटसम्मको एफ. एम. रेडियो इजाजत र नवीकरण
		३.१.३	प्रदेशस्तरको विद्युतीय संचार माध्यम सञ्चालन अनुमति, नवीकरण र नियमन
		३.२	**संचार तथा सूचना प्रविधि र आम सञ्चार**
		३.२.१	प्रदेशस्तरमा तारयुक्त र तारररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन
		३.२.२	प्रदेशस्तरका सूचना प्रविधि पार्कको योजना, निर्माण, व्यवस्थापन र नियमन
		३.२.३	सूचना प्रविधिको प्रवर्द्धन
		३.२.४	प्रदेश भित्र टेलिसेन्टर संचालन, व्यवस्थापन र नियमन
		३.२.५	प्रदेशस्तरका इन्टरनेट सेवाको दर्ता, अनुमति, नविकरण र

			नियमन
		३.२.६	साइवर सुरक्षा अनुगमन
		३.२.७	पत्रकार आचार संहिता अनुगमन
		३.२.८	छापा संचार माध्यमको दर्ता, अनुमति, आचार संहिता निर्धारण, अभिलेखाङ्कन, बर्गीकरण, सञ्चालन र नियमन
		३.२.९	अनलाइन मिडिया र अन्य प्रविधिमा आधारित संचार माध्यमको दर्ता, नवीकरण, अभिलेख, अनुगमन र न्यिमन
		३.२.१०	अनलाइन मिडिया र अन्य प्रविधिमा आधारित संचार माध्यमको दर्ता, नवीकरण, अभिलेख, अनुगमन र नियमन
		३.२.११	प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण
		३.२.१२	श्रमजीवि सञ्चारकर्मीहरुको न्यनतम पारिश्रमिक अनुगमन
		३.२.१३	प्रदेशस्तरीय प्रेस रजिष्ट्रार सम्बन्धी
		३.२.१४	केबुल वितरणको इजाजत, नवीकरण र नियमन
		३.२.१५	सञ्चारको हकको प्रादेशिक संरक्षण र प्रवर्द्धन
		३.२.१६	सूचनाको हक सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन
४	घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना र सेवा शुल्क दस्तुर दण्डजरीवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शूल्क (अनुसूची ९ को ६ र १४ समेत बाट)	४.१	घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना सम्बन्धी नीति, कानून, मापदण्ड, नियमन, संकलन र बाडफाँड
		४.२	प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी र पर्यटन शुल्क सम्बन्धमा संघीय कानुन र प्रदेश कानुन अनुसार संकलन नियमन र हस्तान्तरण
		४.३	राजश्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीतिकानून, मापदण्ड, कार्यान्वयन र नियमन
		४.४	संघसँगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध, सहकार्य र वित्तीय व्यवस्था
५	प्रदेश निजामती सेवा र अन्य	५.१	सार्वजनिक प्रशासन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना, सुधार र नियमन

	सरकारी सेवा	५.२	प्रदेश निजामती सेवा र अन्य सरकारी सेवा सञ्चालन सम्बन्धी प्रादेशिक नीति, कानून रमापदण्ड
		५.३	प्रदेश निजामती सेवा र अन्य सरकारी सेवाका विभिन्न सेवा, समूह र उपसमूहको व्यवस्थापन
		५.४	प्रदेश निजामती तथा अन्य सरकारी कर्मचारी व्यवस्थापन सम्वन्धी प्रादेशिक नीति, कानून, सेवा शर्त एवं मापदण्ड, कार्यान्वयन र नियमन
		५.५	प्रदेश निजामती र अन्य सरकारी सेवामा मानव संसाधन विकास र व्यवस्थापन
		५.६	प्रदेशस्तरमा व्यवस्थापन परीक्षण र सेवाग्राही सन्तुष्टि सर्भेक्षण तथा सेवा प्रवाहको अनुगमन
		५.७	प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्भेक्षण
		५.८	प्रदेशनिजामती तथा अन्य सरकारी कर्मचारी कल्याण र अवकाश व्यवस्थापन
		५.९	प्रदेश निजामती तथा अन्य सरकारी कर्मचारीको क्षमता अभिवृद्धि र छात्रवृत्ति व्यवस्थापन
		५.१०	तालीम सम्वन्धी प्रादेशिक नीति, मापदण्ड र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवं समन्वय
		५.११	प्रदेश निजामती तथा अन्य सरकारी कर्मचारीको अभिलेख व्यवस्थापन
		५.१२	संघीय लोकसेवा आयोग, प्रादेशिक लोक सेवा र अन्य सेवा आयोगसँग सम्पर्क र समन्वय
		५.१३	प्रदेश निजामती तथा अन्य सरकारी सेवा सम्बन्धी अनुसन्धान र विकास
		५.१४	प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण
		५.१५	संघीय सरकारले तोकेको नीति र मापदण्ड बमोजिम प्रदेश निजामती र सरकारी सेवा संचालनर व्यवस्थापन
		५.१६	संघीय कानून बमोजिम समायोजित निजामती सेवा र अन्य सरकारी सेवाका कर्मचारीहरुको व्यवस्थापन
		५.१७	गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्बन्धी कानुन

		५.१८	प्रादेशिक अन्तर सरकारी सेवा समन्वय, अन्तरसम्बन्ध र साझेदारी सम्बन्धी नीति, मापदण्ड र कार्यान्वयन
६	प्रदेश तथ्यांक	६.१	तथ्याङ्क सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
		६.२	नेपाल स्ट्याण्डर्ड वर्गीकरण तथा मापदण्ड अनुसार प्रादेशिक तहको तथ्याङ्क व्यवस्थापन
		६.३	प्रदेशतहको सर्वेक्षण
		६.४	प्रदेशतहको तथ्याङ्कको सूचना प्रणाली व्यवस्थापन
		६.५	तथ्यांकसम्बन्धी संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य
		६.६	प्रादेशिक अभिलेख तथ्याङ्क व्यवस्थापन
		६.७	प्रादेशिक तथ्यांकीय अभिलेख संरक्षण तथा व्यवस्थापन
		६.८	प्रादेशिक मानव संसाधन विकास र क्षमता अभिवृद्धि
७	प्रदेशस्तरको विद्युत, सिचाइ र खानेपानी सेवा, परिवहन (अनुसूची ६ (२०), ७ (१३), ७ (१८) र ९(५) बाट समेत)	७.१	**विद्युत, सिंचाइ र खानेपानी**
		७.१.१	विद्युत, सिंचाई, खानेपानी, सरसफाइतथा स्वच्छता सम्वन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
		७.१.२	प्रदेश स्तरको विद्युत, सिंचाइ, जल उत्पन्न प्रकोप नियन्त्रण र खानेपानी, सरसफाइतथा स्वच्छता सम्वन्धी सम्बन्धी योजना/गुरुयोजनाको तर्जुमा, आयोजनाको पहिचान, अध्ययन, निर्माण, संचालन, संभार र व्यवस्थापन
		७.१.३	विद्युत वितरण र सेवाको गुणस्तर नियमन
		७.१.४	ठूला सिंचाइ प्रणाली र संघबाट निर्मित जल उत्पन्न प्रकोप नियन्त्रण आयोजनाको संचालन, संभार र व्यवस्थापन तथा संघ सँग समन्वय
		७.१.५	प्रादेशिक नदी नियन्त्रण तथा व्यबस्थापन
		७.१.६	प्रदेशस्तरमा विद्युत, सिंचाई, खानेपानी, सरसफाइतथा स्वच्छता सम्वन्धी सेवाको शुल्क दस्तुरको आधार निर्धारण
		७.१.७	प्रदेशका जलस्रोत उपयोग सम्बन्धी अन्तर सेवा संचालनमा समन्वय
		७.१.८	विद्युत, सिंचाई, खानेपानी तथा सरसफाइको सेवा बिस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति र मापदण्ड र नियमन
		७.१.९	खानेपानी, सर-सफाइतथा स्वच्छता सम्वन्धी पिछडिएका वर्गको

			पहुँच सुनिश्चितत
		७.२	**प्रदेश सीमा नदी र जलमार्ग**
		७.२.१	राष्ट्रिय जलस्रोत नीति, संघीय कानुन, वेसिन योजना बमोजिम प्रदेश सीमा नदीका जलउपयोग सम्बन्धी आयोजना पहिचान, अध्ययन, निर्माण, संचालन, व्यवस्थापन र नियमन
		७.२.२	आन्तरिक जलमार्ग सम्वन्धी संभाव्यता अध्ययन, सञ्चालन र व्यवस्थापन
		७.३	**यातायात (परिवहन)**
		७.३.१	यातायात सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
		७.३.२	सवारी दर्ता र नवीकरण, चालक अनुमति र नवीकरण
		७.३.३	प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, गुणस्तर, भाडा दर निर्धारण र नियमन
		७.३.४	वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद जोखिम संवेदी, अपाङ्गता र लैङ्गिक मैत्री यातायात प्रणालीको प्रवर्द्धन
		७.३.५	प्रदेश तहमा यातायात सुरक्षा सम्बन्धी योजना र कार्यान्वयन
		७.३.६	रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, योजना र आयोजना कार्यान्वयन
८	प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, संग्रहालय	**८.१**	**प्रदेश विश्वविद्यालय,उच्च शिक्षा**
		८.१.१	प्रदेशस्तरको उच्च शिक्षा सम्वन्धी नीति, कानुन, प्रशासन, मापदण्ड र नियमन
		८.१.२	प्रदेश विश्वविद्यालय सम्वन्धी नीति, कानुन, मापदण्ड, प्रशासन र नियमन
		८.१.३	शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन
		८.२	**पुस्तकालय र संग्रहालय**
		८.२.१	प्रदेशस्तरमा पुस्तकालय सम्वन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन
		८.२.२	प्रदेशस्तरमा संग्रहालय सम्वन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन
अनुसूची ९	शिक्षा, खेलकूद र	२.१	**शिक्षा क्षेत्र**

को २ बाट	पत्रपत्रिका	२.१.१	शिक्षाको प्रादेशिक नीति, कानुन, मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन
		२.१.२	प्रादेशिक मानव संसाधन आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन
		२.१.३	प्रदेशस्तरमा विद्यालय तहको पाठ्यक्रम एवं पाठ्यपुस्तक निर्माण र उत्पादन
		२.१.४	प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको प्रादेशिक नीति, पाठ्यक्रम र पाठ्य सामग्री निर्माण, कार्यान्वयन र नियमन
		२.१.५	विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता र सक्षमताको प्रदेशस्तरमा मापदण्ड निर्धारण एवं नियमन
		२.१.६	माध्यमिक तहको शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन
		२.१.७	माध्यमिक तहको कक्षा १० को परीक्षा व्यवस्थापन
		२.१.८	उच्च शिक्षाको छात्रवृत्ति व्यवस्थापन
		२.१.९	प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्वन्धी प्रादेशिक नीति, मापदण्ड र नियमन
		२.१.१०	प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको छात्रवृत्ति व्यवस्थापन
		२.१.११	प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन
९	स्वास्थ्य सेवा	९.१	स्वास्थ्यसेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, गुणस्तर मापदण्ड, योजना, कार्यान्वयन र नियमन
		९.२	प्रदेशस्तरमा आवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको व्यवस्थापन
		९.३	स्वास्थ्यसेवा सम्वन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यवसायिक र पेसागत संघ संस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन
		९.४	प्रदेश स्तरीय उपचार केन्द्र तथा सेवाको गुणस्तर निर्धारण, दर्ता, सञ्चालन अनुमति, व्यवस्थापन र नियमन
		९.५	राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सामग्री उत्पादन, संचय, अधिकतम खुद्रा मूल्य, अन्तिम बिसर्जन सम्बन्धी गुणस्तर मापदण्ड, दर्ता, सञ्चालन अनुमति, र नियमन
		९.६	निकायगत सहकार्य तथा समन्वय

अनुसूची ९ को ३ बाट	स्वास्थ्य	३.१	राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल र नर्सिङ्ग होम, निदान केन्द्र र अन्य स्वास्थ्य संस्थाहरुको दर्ता, सञ्चालन अनुमति र नियमन
		३.२	खानेपानी, खाद्य पदार्थ, ध्वनि र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखा ढाँचा एवं गुणस्तरको मापदण्ड र कार्यान्वयन
		३.३	प्रादेशिक कार्यक्रमहरुको कार्यान्वयन, निगरानी तथा अनुगमन
		३.४	राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन
		३.५	प्रदेशस्तरीय स्वास्थ्य क्षेत्र मानवस्रोत विकास र व्यवस्थापन
		३.६	औषधी निगरानी (Pharmacovigilance), औषधिको उचित प्रयोग र सुक्ष्मजीव निरोधक प्रतिरोध(Antimicrobial Resistance) न्युनीकरण
		३.७	खोप र परिवार नियोजन लगायतका गुणस्तर संवेदनशील औषधी तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन
		३.८	प्रदेशस्तरमा अनुसन्धानका प्राथमिकता निर्धारण, अध्ययन तथा अनुसन्धान तथा सूचना प्रवाह
		३.९	प्रदेशस्तरमा स्वास्थ्य सूचना प्रणाली तथा स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन
		३.१०	प्रदेश स्तरीय जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन
		3.११	आर्युवेद र अन्य प्रचलित स्वास्थ्य सेवा सम्क्धी प्रदेशस्तरीय मापदण्ड र व्यवस्थापन
		३.१२	सूर्ति, मदिरा र लागुपदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन
		३.१३	निदान केन्द्र तथा प्रयोगशाला सेवाको अनुमति, सञ्चालन र विस्तार
		३.१४	जनस्वास्थ्य आपत्कालीन अवस्था, स्वास्थ्य क्षेत्रमा विपद् र महामारी व्यवस्थापन
		३.१५	सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम
		३.१६	राष्ट्रिय मापदण्ड अनुरुप स्वास्थ्य सेवा सम्वन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन
		३.१७	स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्वन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन

		३.१८	आपतकालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन
		३.१९	आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवा व्यवस्थापन
		३.२०	आकस्मिक स्वास्थ्य सेवा प्रवाह
१०	प्रदेश सभा, प्रदेश मन्त्रिपरिषद सम्बन्धी	१०.१	प्रदेशसभाको कार्यसंचालन नियमावली पारित र कार्यान्वयन गर्ने
		१०.२	प्रदेशसरकारबाट प्रस्तुत विधेयक पारित, फिर्ता र प्रमाणीकरण
		१०.३	**प्रदेश मन्त्रिपरिषद् सम्वन्धी**
		१०.३.१	प्रदेश सरकारको अल्पकालीन तथा दीर्घकालीन नीति एवं रणनीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन
		१०.३.२	प्रदेश सरकारको कार्य–विभाजन र मन्त्रालयहरुको गठन, विघटन तथा संगठन संरचना स्वीकृति र हेरफेर
		१०.३.३	प्रदेश सरकारको कार्य–सम्पादन नियमावली तर्जुमा र कार्यान्वयन
		१०.३.४	प्रदेश अन्तर्गतका विभिन्न मन्त्रालयको कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, सुपरिवेक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कन
		१०.३.५	प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन तथा सोको अनुगमन
		१०.३.६	प्रदेश व्यवस्थापिकामा पेश हुने विधेयक, अध्यादेश, नियम तथा आदेशको तर्जुमा, स्वीकृति तथा जारी
		१०.३.७	प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्तिसुव्यवस्था एवं प्रशासनिक गतिविधिहरुको अद्यावधिक जानकारी लिने र सम्बोधन गर्न समयोचित कार्यक्रम संचालन
		१०.३.८	प्रदेश शासकीय सुधार, मानवअधिकारको संरक्षण र प्रवर्द्धन, सुशासन व्यवस्थापन, र भ्रष्टाचार नियन्त्रण सम्बन्धी कार्य
		१०.३.९	प्रदेशभित्र सामाजिक सुरक्षा तथा रोजगारी सम्बन्धी नीति, योजना, कार्यक्रम, मापदण्ड निर्धारण गर्ने र स्थानीय सरकारसंग समन्वय गरी कार्यान्वयन गर्ने
		१०.३.१०	संघीय संवैधानिक तथा अन्य आयोगका कार्यक्रमहरु संचालनमा सहजीकरण

		१०.३.११	संघीय सरकारको स्वीकृत नीति बमोजिम द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन
		१०.३.१२	प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन
		१०.३.१३	स्थानीय तहको केन्द्र निर्धारण तथा व्यवस्थापन र विवाद समाधानमा समन्वय
		१०.३.१४	अन्तरप्रदेश परिषद र अन्तरप्रदेश समन्वय
		१०.३.१५	जिल्लासभाको संचालन, व्यवस्थापन र समन्वय
		१०.३.१६	प्रदेशस्तरका संवैधानिक तथा अन्य आयोगहरुका पदाधिकारीहरुको नियुक्ति, सेवा, सुविधा सम्बन्धी नीति कानून तर्जुमा, गठन र संचालन सम्बन्धी कार्य
		१०.३.१७	संघीय तथा स्थानीय स्तरका विशेष संरचनाहरु संगको समन्वय सम्बन्धी कार्य
		१०.३.१८	अन्तर प्रदेश समन्वय समितिमा सहभागिता, निर्णय कार्यान्वयन सम्बन्धी काम
		१०.४	**प्रदेश सभा**
		१०.४.१	प्रदेश सभा संचालन सम्बन्धी नियमावली तर्जुमा र कार्यान्वयन
		१०.४.२	विधेयक प्रस्तुति, पारित, फिर्ता र प्रमाणीकरण
११	प्रदेशभित्रको व्यापार	**११.१**	**प्रदेश भित्रको व्यापार**
		११.१.१	व्यापार/वाणिज्यसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
		११.१.२	प्रादेशिक व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन
		११.१.३	प्रदेशभित्रको व्यापार पूर्वाधार निर्माण, सञ्चालन, सहयोग, सहजीकरण, समन्वय र नियमन
		११.१.४	ढुवानी/परिवहनप्रणाली तथा कार्गो व्यवस्थापन
		११.१.५	व्यापारसम्वन्धी सिन्डिकेट, कार्टेलिङ्ग नियन्त्रण र प्रतिस्पर्धा सम्बन्धी नीति तथा कानून, मापदण्ड, कार्यान्वयन र नियमन
		११.१.६	वस्तु, सेवा र बौद्धिक सम्पत्ति सम्वन्धीव्यापार
		११.१.७	व्यापारिक फर्महरुको दर्ता, नवीकरण, खारेजी र नियमन
		११.१.८	प्रदेशगत सार्वजनिक संस्थान, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन सुधार तथा नियमन
		११.१.९	निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य

		११.१.१०	प्रादेशिक व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान
१२	प्रदेश लोकमार्ग	६.१	प्रदेश लोकमार्ग प्रणाली सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
		६.२	प्रदेश लोकमार्ग प्रणालीका सडकको मापदण्ड तथा आधार निर्धारण
		६.३	प्रदेश लोकमार्गको गुरुयोजना, निर्माण/ स्तरोन्नति, कार्यान्वयन र नियमन
		६.४	प्रदेश लोकमार्गको मर्मत सम्भार र व्यवस्थापन
		६.५	प्रदेश लोकमार्ग सम्वन्धी तथ्याकं व्यवस्थापन
		६.६	प्रदेश लोकमार्गको यातायात सुरक्षा व्यवस्था र नियमन
		६.७	प्रदेश लोकमार्ग संभार कोष व्यवस्थापन
		६.८	सडक प्रविधि र संस्थागत विकास सम्बन्धी प्रदेश स्तरीय अध्ययन र अनुसन्धान
१३	प्रदेश अनुसन्धान ब्युरो	१३.१	प्रदेशको सार्वजनिक सुरक्षा व्यवस्थामा असर पुरयाउने खालका व्यक्ति, विचार र गतिविधिसम्बन्धी सूचना संकलन, विश्लेषण, उपयोग र प्रवाह
		१३.२	राष्ट्रिय हित विरुद्धका सूचना संकलन, विश्लेषण, उपयोग र प्रवाह
		१३.३	विभिन्न जातजाति, भाषा, धर्म, संस्कृति, सम्प्रदाय र सम्प्रदाय वीचको पारस्परिक सदभाव, सहिष्णुता, एकतामा खलल पुरयाउने खालका गतिविधिहरुको सूचना संकलन, विश्लेषण, उपयोग र प्रवाह
		१३.४	प्रदेश भित्रको राजनीतिक गतिविधिको विश्लेषण र प्रतिवेदन
		१३.५	अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना संकलन, विश्लेषण, उपयोग र प्रवाह
		१३.६	अन्तरप्रदेश सम्बन्धलाई धमिल्याउने गतिविधिको सूचना संकलन, विश्लेषण, उपयोग र प्रवाह
		१३.७	मानव वेचविखन र लागू औषध कारोवार सम्बन्धी सूचना संकलन, विश्लेषण र प्रवाह
		१३.८	प्राप्त सूचनाहरुको विश्लेषण सहितको प्रतिवेदन तयारी
१४	प्रदेश सरकारी कार्यालयहरुको भौतिक व्यवस्थापन	१४.१	**प्रदेश सरकारी कार्यालयहरुको भौतिक व्यवस्थापन**
		१४.१.१	सरकारी कार्यालयहरुको भौतिक व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

	र अन्य आवश्यक विषय (१४)	१४.२	**अन्य आवश्यक विषय**
		१४.२.१	प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मतसंभार र आवास तथा भवन सम्बन्धी योजनाहरुको कार्यान्वयन र मार्ग निर्देशन
		१४.२.२	प्रदेश सरकारी कार्यालयहरुको निर्माण संयोजन र समन्वय
		१४.२.३	प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन
		१४.२.४	प्रादेशिक तहमा राष्ट्रिय भवन संहिताको कार्यान्वयन र नियमन
		१४.२.५	कर्मचारी आवास, अस्पताल र विद्यालय निर्माण
		१४.२.६	लोपन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड, योजना र कार्यान्वयन
		१४.२.७	प्रादेशिक राजधानी र अन्तर स्थानीय सहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण
१५	प्रदेश लोक सेवा आयोग	१५.१	प्रदेश लोक सेवा आयोग सम्बन्धी ऐन तर्जुमा, कार्यान्वयन
		१५.२	आयोगको गठन, सेवा,सुविधा सम्बन्धी ऐनको तर्जुमा र कार्यान्वयन र आवश्यक भौतिक, जनशक्ति र अन्य श्रोत साधन को आपुर्ति
१६	भूमि व्यवस्थापन, जग्गाको अभिलेख	१६.१	भूमि तथा भू उपयोग सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन
		१६.२	भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन
		१६.३	निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन
		१६.४	जग्गादर्ता, रजिष्ट्रेशन, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति र मापदण्ड निर्धारण
		१६.५	संघीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख व्यवस्थापन
		१६.६	नापनक्शाका नियन्त्रण विन्दुहरुको संजाल स्थापना
		१६.७	प्रदेश भित्रको नापनक्शा र अभिलेख
		१६.८	क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्वन्धी मापदण्ड र कार्यान्वयन
		१६.९	भूउपयोग, भूमिसुधार र चक्लाबन्दी सम्बन्धी

		१६.१०	भूमिहिन दलित, भूमिहिन, मुक्त कमैया, हलिया, हरवा चरवा आदि वर्गको पुनःस्थापना सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
		१६.११	उपयोग नभएको वा कम उपयोग भएका जग्गा भाडामा दिने सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
		१६.१२	विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका एवं वन, सिमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत
		१६.१३	सरकारी प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण एवं वितरणमा समन्वय र सहजीकरण
		१६.१४	जग्गा विवाद समाधान
		१५.१५	जग्गाधनी प्रमाण पुर्जा वितरण सम्वन्धी मापदण्ड निर्धारण
		१६.१६	भूमिको दोहोरो स्वामित्व अन्त्य गर्ने नीतिको कार्यान्वयन
		१६.१७	सुरक्षित बसोवास र जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन
१७	खानी अन्वेषण र व्यवस्थापन र उद्योग तथा खनिज र भौतिक पूर्वाधार (अनुसूची ७(१५) र ९ (८) बाट समेत)	१७.१	खानी तथा खनीजपदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
		१७.२	संघको कार्यक्षेत्र भित्रका र साधरण निर्माणमुखी खानी तथा खनिज बाहेकका खानी तथा खनीजपदार्थ सम्बन्धी सर्वेक्षण, अन्वेषण, उत्खनन र व्यवस्थापन
		१७.३	संघको कार्यक्षेत्र भित्रका र साधरण निर्माणमुखी खनी तथा खनिज बाहेकका खानी तथा खनीजपदार्थ सम्बन्धी दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन
		१७.४	खानी तथा खनीजजन्य बस्तुहरूको लगत संकलन तथा अभिलेखाङ्कन
		१७.५	भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सासम्बन्धी
		१७.६	खानी तथा खनिज अनुसन्धान एवं उत्खनन् सम्वन्धी प्रादेशिक प्रयोगशाला, स्थापना र सञ्चालन
		१७.७	उद्योग तथा खनिज सम्बन्धि भौतिक पूर्वाधार विकासको योजना कार्यान्वयन
१८	भाषा, लिपि संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग (अनुसूची ९	१८.१	**भाषा, लिपि संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग**
		१८.१.१	भाषा, लिपि संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्वन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

	को १२ बाट समेत)	१८.१.२	प्रादेशिक स्तरका भाषा, लिपि संस्कृति, ललितकला र धार्मिक लगायतका सम्पदाको संरक्षण, सम्वर्द्धन, खोज, अनुसन्धान तथा व्यवस्थापन
		१८.१.३	ऐतिहासिक, धार्मिक साँस्कृतिक एवं कला र वास्तुकलात्मक दृष्टिकोणले महत्व बोकेका प्रादेशिक स्तरका दरवारहरुको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन
		१८.१.४	प्रादेशिक स्तरमा संग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन
		१८.१.५	प्रादेशिक महत्वका धार्मिक तथा सांस्कृतिक सम्पदाको व्यवस्थापन
		१८.१.६	प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक सांस्कृतिक सम्पदा सम्वन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
		१८.१.७	प्रदेशस्तरका ऐतिहासिक, पुरातात्विक, धार्मिक एवं सांस्कृतिक महत्वका सम्पदाको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन, पुनर्निर्माण
		१८.१.८	पुरातत्व, सास्कृतिक धरोहर, धर्म र परम्परा सम्वन्धी संघसंस्था र अन्तरप्रदेश सम्पर्क, सहयोग र समन्वय
१९	प्रदेश भित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन (अनुसूची ९ को ७ समेतबाट)	१९.१	**प्रदेश भित्रको राष्ट्रिय वन**
		१९.१.१	प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानुन, मापदण्ड, योजना र नियमन
		१९.१.२	प्रदेशस्तर मानव, वन्यजन्तु र वन पैदावार ओसारपसार सम्वन्धी नियमन र अपराध नियन्त्रण
		१९.१.३	वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन
		१९.१.४	प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन
		१९.१.५	हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन
		१९.१.६	जडिबुटी खेती प्रविधि प्रर्वद्धन, विस्तार तथा बजारीकरणसम्बन्धी नीति, कानून र नियमन
		१९.१.७	जडिबुटीजन्य विरुवाहरुको Pharmacological अध्ययन तथा जडिबुटीजन्य उत्पादनहरुको Microbial Activity तथा PRA Database सम्बन्धी अध्ययन अनुसन्धान
		१९.१.८	वन वातावरण सम्बन्धी बिषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह

		१९.१.९	वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्बन्धी नीति, समन्वय र सहयोग
		१९.१.१०	प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरीयमहरुको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्बन्धी नीति र व्यवस्थापन
		१९.२	**जलउपयोग**
		१९.२.१	प्रदेशभित्रको जल उपयोग केन्द्रीय गुरुयोजना भित्र रहने गरी विद्युत, खानेपानी, सरसफाइतथा स्वच्छता सम्बन्धी रसिंचाई सम्बन्धि योजना, गुरु योजना तर्जुमा र कार्यान्वयन, अनुगमन तथा मुल्याङकन
		१९.२.२	प्रदेशभित्रको जलस्रोत उपयोग हुने आयोजनाहरुको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वयन र अनुगमन
		१९.३	**वातावरण व्यवस्थापन**
		१९.३.१	प्रदेशस्तरमा जैविक विविधताको यथास्थान र परस्थान संरक्षण एवम् लाभांश बाँडफाँड
		१९.३.२	प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीति, प्रविधि विकास, व्यवस्थापन
		१९.३.३	प्रदेशभित्र भू-स्खलन नियन्त्रण
		१९.३.४	प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी नीति, प्रविधि विकास र व्यवस्थापन
		१९.४	**जल तथा मौसम विज्ञान**
		१९.४.१	मौसम र जलमापन सञ्जाल व्यवस्थापन
		१९.४.२	Weather TV Studio व्यवस्थापन
		१९.४.३	जलगुण तथा वायूगुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन
		१९.४.४	जैविक प्रविधिको अध्ययन, अनुसन्धान, विकास र नियमन
२०	कृषि तथा पशु विकास, कलकारखाना, औद्योगिकीकरण, व्यापार व्यवसाय, यातायात	२०.१	**कृषि तथा पशु विकास**
		२०.१.१	कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
		२०.१.२	कृषि तथा पशुपंछीजन्य रोग किरा एवं महामारी नियन्त्रण
		२०.१.३	कृषि औद्योगिकीकरण, पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रबर्द्धन
		२०.१.४	कृषि तथा पशु यान्त्रिकीकरण र उन्नत औजार विकास तथा

			विस्तार
		२०.१.५	राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन
		२०.१.६	कृषि तथा पशु रोगको निदान प्रयोगशाला व्यवस्थापन र नियमन
		२०.१.७	कृषि उपज, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्रीको गुणस्तर निर्धारण र नियमन
		२०.१.८	कृषिजन्य वस्तु, सेवा र प्रविधिको सम्बद्धता, स्तरीयकरण, गुणस्तर निर्धारण र प्रमाणीकरण
		२०.१.९	बीउ विजन एवं नक्ष सम्वन्धी गुणस्तर निर्धारण र नियमन
		२०.१.१०	चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति, कानुन र नियमन
		२०.१.११	प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार र खाद्य सम्प्रभुता
		२०.१.१२	कृषि सम्वन्धी प्रादेशिक तथ्याङ्क प्रणाली, अध्ययन, अनुसन्धान, स्रोत संरक्षण, विकास र विस्तार तथा सामूहिक खेती प्रणाली
		२०.१.१३	कृषि तथा पशुपन्छी एवं खाद्य प्रविधि सम्वन्धी अध्ययन, अनुसन्धान विकास र प्रवर्द्धन
		२०.१.१४	कृषिमल, बिऊ र बिषादी आपूर्ति व्यवस्था र नियमन
		२०.१.१५	कृषि, पशुपन्छी तथा खाद्य सम्वन्धी प्रादेशिक प्रयोगशाला विकास र व्यवस्थापन
		२०.१.१६	कृषिप्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तिकरण
		२०.१.१७	कृषि उपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन
		२०.१.१८	कृषि र पशुपन्छी बीमा सम्वन्धी योजना र कार्यान्वयन
		२०.१.१९	कृषि बजार र पूर्वाधार विकास र सञ्चालन
		२०.१.२०	कृषिफार्म केन्द्रहरुको विकास र व्यवस्थापन
		२०.२	**कलकारखाना, औद्योगिकीकरण, व्यापार व्यवसाय**
		२०.२.१	कलकारखाना र औद्योगिकीकरण सम्वन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
		२०.२.२	औद्योगिक व्यवसाय प्रवर्धन र नियमन
		२०.२.३	उद्योगदर्ता, अनुमति,नवीकरण, खारेजी एवं नियमन
		२०.२.४	प्रदेशस्तरको औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना

			र विस्तार
		२०.२.५	औद्योगिक भौतिक पूर्वाधार विकास सम्बन्धी योजना र कार्यान्वयन
		२०.२.६	औद्योगिक विकास र प्रवर्द्धन
		२०.२.७	औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन
		२०.२.८	प्रादेशिक सार्वजनिक संस्था/संस्थानको विकास, औद्योगिक विकास र प्रवर्द्धन प्रवर्द्धन र नियमन
२१	गुठी व्यवस्थापन	२१.१	गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
		२१.२	सार्वजनिक गुठी अन्तर्गत रहेका जग्गा जमिन र सम्पत्तिको संरक्षण र अभिलेख व्यवस्थापन
		२१.३	गुठी जग्गा र गुठी व्यवस्थापनका सन्दर्भमा संघीय सरकार, प्रदेश र स्थानीय तहसँग सहयोग एवं समन्वय
		२१.४	परम्परागरत रुपमा गुठी अन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन
संविधानको अनुसूची (७) मा उल्लिखित साझा अधिकारको विस्तृतीकरण			
१	फौजदारी तथा देवानी कार्यविधि र प्रमाण र शपथ (कानूनी मान्यता, सार्वजनिक कार्य र अभिलेख र न्यायिक प्रक्रिया)	१.१	फौजदारी तथा देवानी कार्यविधि कार्यान्वयन
२	आवश्यक वस्तु तथा सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमन	२.१	आवश्यक वस्तु तथा सेवा आपूर्ति सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन
		२.१.१	उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता चेतना जागरण कार्यक्रम, कार्यान्वयन तथा अनुगमन
		२.१.२	बजार अनुगमन र नियमन
		२.१.३	मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवं नियमन
		२.१.४	राष्ट्रिय मापदण्ड अनुरुप गुणस्तर परीक्षण र नियमन

		२.१.५	सार्वजनिक सेवा र वस्तु तथा अत्यावश्यक सेवा र वस्तु आपूर्ति व्यवस्था र नियमन
		२.१.६	उपभोक्ता अदालत गठन र सञ्चालन
		२.१.७	अत्यावश्यक वस्तुहरुको प्रादेशिक (मौज्दात) बफरस्टकको व्यबस्था
		२.१.८	लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक मुल्य अनुदान र नियमन
		२.१.९	अत्यावश्यक वस्तुको आपूर्तिमा अन्तरप्रादेशिक र स्थनीय तह बीच समन्वय
		२.१.१०	प्रदेशस्तरमा अत्यावश्यक वस्तु तथा सेवाको माग र आपूर्ति सम्वन्धी सूचना संकलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था
३	देशको सुरक्षासँग सम्बन्धित विषयमा निवारक नजरबन्द, कारागार तथा हिरासत व्यवस्थापन र शान्ति सुरक्षाको व्यवस्था	३.१	**शान्ति सुरक्षाको व्यवस्था**
		३.१.१	शान्ति सुव्यवस्था कायम गर्ने
		३.१.२	नेपाल प्रहरीको कार्यक्षेत्र बाहेकका अपराधको रोकथाम तथा अनुसन्धान
		३.१.३	अपराध सम्बन्धी सूचना संकलन, विश्लेषण, उपयोग, प्रवाह र प्रतिवेदन
		३.१.४	स्थानीय प्रशासनको सन्चालन, व्यवस्थापन र समन्वय
		३.१.५	निवारक नजरबन्द, र स्थानहद सम्बन्धी कार्य कार्यन्वयन
		३.१.६	कारागार तथा हिरासत व्यवस्थापन सम्बन्धी कार्य (निर्माण, मर्मत संभार, संचालन, व्यवस्थापन, सुरक्षा र थुनुवा तथा कैदीहरूको मानव अधिकार संरक्षण र प्रवर्द्धन)
४	एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण	४.१	अन्तरप्रदेश र संघ सँग समन्वय

५	पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, लोपोन्मुख टुहुरा, धर्मपुत्र धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार सम्बन्धी कानुन)	५.१	पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, लोपोन्मुख टुहुरा, धर्मपुत्र धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन
६	सम्पत्ति प्राप्ति, अधिग्रहण र अधिकारको सृजना	६.१	सम्पत्ति प्राप्ति, अधिग्रहण र अधिकारको सृजना सम्बन्धी प्रादेशिक नीति, कानुन, कार्यान्वयन र नियमन
७	करार, सहकारी, साझेदारी र एजेन्सी सम्बन्धी	७.१	करार, सहकारी, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन
		७.३	साझेदारी तथा एजेन्सी फर्म सम्बन्धी नीति तथा कानून निर्माण, व्यवस्थापन र नियमन
		७.४	कृषि करार खेतीको कार्यान्वयन र प्रबर्द्धन
८	टाट पल्टेको र दामासाही सम्बन्धी	८.१	संघसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन
		८.२	दामासाहिमा परेका उद्योग, व्यवसायिक कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
९	औषधी र विषादि	९.१	औषधि र बिषादिको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन
		९.२	विषादीको मापदण्ड अनुरुप बिक्री वितरणको अनुमति र नियमन
		९.३	कृषिजन्य प्रयोजनको सूक्ष्म पोषणतत्वयुक्त वस्तु र विषादीको मापदण्ड कार्यान्वयन
		९.४	पशुपन्छीजन्य औषधी उत्पादन र नियमन
		९.५	विषादीको उत्पादन, वेचविखन र उपयोगको अनुगमन र नियन्त्रण
१०	योजना परिवार नियोजन र	१०.१	**योजना**

	जनसंख्या व्यवस्थापन	१०.१.१	प्रदेशका क्षेत्रगत आयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन
		१०.१.२	आयोजनाको प्रतिफल समीक्षा
		१०.२	**परिवार नियोजन र जनसंख्या व्यवस्थापन**
		१०.१.१	जनसंख्या परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानुन, योजना, कार्यान्वयन र नियमन
		१०.१.२	प्रादेशिकस्तरमा जनसङ्ख्यासम्बन्धी अध्ययन तथा अनुसन्धान र जनसाङ्ख्यिक बिश्लेषण
		१०.१.३	प्रादेशिकस्तरमा बसाइसराइ व्यवस्थापन
		१०.१.४	प्रादेशिकस्तरमा जनसङ्ख्या चाप सूचाङ्क तथा प्रोफाइल
		१०.१.५	प्रादेशिकस्तरमा जनसङ्ख्यासम्बन्धी क्षमता अभिवृद्धि
		१०.१.६	जनसङ्ख्यासम्बन्धी राष्ट्रिय एवं प्रादेशिक संस्थाहरुसँगको सम्पर्क र समन्वय
		१०.१.७	प्रादेशिकस्तरमा जनसङ्ख्या सूचना प्रणाली स्थापना तथा सञ्चालन
११	सामाजिक सुरक्षा र रोजगारी, ट्रेड युनियन, औद्योगिक विवादको समाधान, र श्रमिकका हक, अधिकार र विवाद सम्बन्धी (अनुसूची ९ को १० मध्ये)	**११.१**	**सामाजिक सुरक्षा**
		११.१.१	सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन
		११.१.२	सामाजिक सुरक्षा कोष व्यवस्थापन र नियमन
		११.१.३	सामाजिक सुरक्षा सम्बन्धी राष्ट्रिय र प्रादेशिक निकाय तथा संघसंस्थासँग सम्पर्क, समन्वय र सहकार्य
		११.२	**रोजगारी, ट्रेड युनियन, औद्योगिक विवादको समाधान, र श्रमिकका हक, अधिकार र विवाद सम्बन्धी**
		११.२.१	रोजगार प्रवर्द्धन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन
		११.२.२	रोजगार प्रवर्द्धन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन
		११.२.३	श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन
		११.२.४	ट्रेडयुनियन सम्बन्धी नीति, कानून र नियमन
		११.२.५	श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना

		११.२.६	औद्योगिक विवाद समाधान, श्रम सम्बन्ध र न्यायिक निरुपण
		११.२.७	कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन
१२	कानून व्यवसाय, लेखापरीक्षण, इन्जिनियरिङ, चिकित्सा, आयुर्वेद चिकित्सा, पशु चिकित्सा, आम्ची र अन्य पेशा	१२	कानून व्यवसाय, लेखापरीक्षण, इन्जिनियरिङ, चिकित्सा, आयुर्वेद चिकित्सा, पशु चिकित्सा, आम्ची र अन्य पेशा सम्बन्धी
		१२.१	संघले निर्धारण गरेको मापदण्ड र वर्गीकरण बमोजिम पेशागत अनुमति
१३	प्रदेश सीमा नदी, जलमार्ग, वातावरण संरक्षण,जैविक विविधता	१३.१	प्रदेशसीमा नदी र जलमार्ग (अनुसूची ६ को ७ मा समेत समावेश भएको)
		१३.२	**वातावरण संरक्षण र जैविक विविधता**
		१३.२.१	प्रदेशस्तरमा वातावरण सम्वन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन
		१३.२.२	प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना
		१३.२.३	प्रदेशस्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार
		१३.२.४	प्रदेशस्तरमा वातावरणीय प्रयोगशाला
		१३.२.५	प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनि तथा बिद्युतीय लगायत प्रदुषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण
		१३.२.६	प्रदेशस्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन
		१३.२.७	प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन
		१३.२.८	प्रदेशस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन
		१३.२.९	प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन
		१३.२.१०	प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि, वातावरणीय सुशासन तथापरीक्षण
१४	सञ्चार माध्यम सम्बन्धी	१४.१	केवुल प्रशारण इजाजत, नवीकरण
		१४.२	पत्रकार आचार संहिता अनुगमन
		१४.३	प्रेस सुचना प्रवाह गर्ने सुचना सामाग्रीहरुको उत्पादन, प्रकाशन र वितरण गर्ने

		१४.४	श्रमजीवि सञ्चारकर्मीहरुको न्यनतम पारिश्रमिक अनुगमन गर्ने
१५	उद्योग तथा खनिज र भौतिक पूर्वाधार	१५.१	उद्योग, व्यवसाय र कम्पनी प्रशासन (थप विषय अनुसूची ६ को १७ मा समावेश)
१६	क्यासिनो, चिठ्ठा	१६.१	संघीय कानुन बमोजिम क्यासिनो तथा चिठ्ठा सम्बन्धी दर्ता अनुमति र नियमन
१७	प्राकृतिक तथा गैर प्राकृतिक विपद पूर्व तयारी उद्धार तथा राहत र पुनर्लाभ	१७.१	प्राकृतिक तथा गैर प्राकृतिक विपद पूर्व तयारी, उद्धार तथा राहत र पुनर्लाभ सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
		१७.२	विपद्पूर्व तयारी, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण र व्यवस्थापन
		१७.३	विपद्जोखिम क्षेत्रको नक्शाँकन, बस्तीहरूको पहिचान र स्थानान्तरण
		१७.४	प्रादेशिक विपद कोष स्थापना र संचालन र स्थानीय विपद् कोषमा सहयोग
		१७.५	विपद्जोखिम न्यूनीकरणका प्रादेशिक आयोजना, कार्यान्वयन र नियमन
		१७.६	विपद् पश्चात प्रदेशस्तरको पुनस्थापन र पुनर्निर्माण
		१७.७	स्थानीय तहमा विपद पूर्व तयारी तथा प्रतिकार्य, जोखिम न्यूनीकरण, पुनस्थापन र पुनर्निर्माणमा सहयोग र समन्वय
		१७.८	प्रादेशिक आपतकालीन कार्य सञ्चालन प्रणाली
		१७.९	विपद्पूर्व तयारी तथा प्रतिकार्य योजना
		१७. १०	प्रादेशिकस्तरको विपद सम्बन्धि तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान
		१७. ११	विपद्व्यवस्थापन समन्वय र परिचालन
१८	पर्यटन, खानेपानी तथा सरसफाइ	१८.१	**पर्यटन**
		१८.१.१	प्रादेशिक पर्यटन विकासको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
		१८.१.२	ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी दर्ता अनुमति र नवीकरण
		१८.१.३	प्रादेशिक पर्यटनको प्रवर्द्धन
		१८.१.४	प्रादेशिक पर्यटकीय पूर्वाधारको विकास
		१८.१.५	पर्यटक प्रहरी व्यवस्थापन

		१८.१.६	पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल गाईड, र्‍याफ्टिङ्ग आदिको प्रवर्द्धन, दर्ता, अनुमति, नवीकरण र नियमन
		१८.२	**खानेपानी तथा सरसफाइ**
		१८.२.१	खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी प्रदेशिक नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
		१८.२.२	प्रदेशस्तरको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी योजना, गुरुयोजनाको तर्जुमा, आयोजनाको पहिचान, अध्ययन, निर्माण, सञ्चालन, संभार, व्यवस्थापन, गुणस्तर र नियमन
		१८.२.३	प्रदेशस्तरमा खानेपानी तथा सरसफाइ सेवाको शुल्क दस्तुरको आधार निर्माण
		१८.२.४	खानेपानी तथा सरसफाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति, मापदण्ड र नियमन
		१८.२.५	खानेपानी सरसफाइ तथा स्वच्छतामा पिछडीएका वर्गको पहुँच सुनिश्चितता
१९	चलचित्र,सिनेमा हल, खेलकुद	**१९.१**	**चलचित्र र सिनेमा हल**
		१९.१.१	चलचित्रहल संचालन अनुमति र नियमन
		१९.१.२	चलचित्र निर्माण एवं प्रदर्शन अनुमति र नियमन
		१९.२	**खेलकुद**
		१९.२.१	खेलकूद सम्वन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन
		१९.२.२	खेलकूद प्रशासन र संघसंस्थाको समन्वय र नियमन
		१९.२.३	प्रादेशिकस्तरमा खेलकूद विकास र प्रवर्द्धन
		१९.२.४	राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता आयोजना र सहभागिता
		१९.२.५	प्रदेशस्तरीय खेलकुद कार्यक्रम सञ्चालन
		१९.२.६	खेलकूद सम्वन्धी प्रादेशिक पूर्वाधारको विकास
२०	बीमा व्यवसाय सञ्चालन र व्यवस्थापन	२०.१	बीमा र बीमा व्यवसायको संचालन,व्यवस्थापन र नियमन
		२०.२	बीमा व्यवसायको प्रवर्द्धन तथा विस्तार
२१	गरिबी निवारण र औद्योगीकरण (अनुसूची ७ को २१) अनुसूची ९ को १० समेत)	**२१.१**	**गरिवी निवारण**
		२१.१.१	गरिवी निवारण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, नियमन रअध्ययन अनुसन्धान
		२१.१.२	गरिब घरपरिवार पहिचान सम्वन्धी प्रादेशिक सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन

		२१.१.३	पहिचान भएका गरिब घरपरिवारका लागि सामाजिक सुरक्षा र संरक्षण सम्वन्धी व्यवस्थापन
		२१.१.४	राष्ट्रिय र अन्तरप्रादेशिक संघसंस्थासँग सम्पर्क, समन्वय र सहकार्य
		२१.२	**औद्योगिकीकरण**
		२१.२.१	प्रदेशस्तरको औद्योगिक क्षेत्र एवं विशेष आर्थिक क्षेत्रको स्थापना व्यवस्थापन र संचालन
		२१.२.२	प्रदेशभित्रका उद्योगहरु र साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन
		२१.२.३	औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन
		२१.२.४	उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग
२२	वैज्ञानिक अनुसन्धान, विज्ञान प्रविधि र मानव संशाधन बिकास	२२.१	प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास र विस्तार
		२२.२	प्रदेशस्तरमा विज्ञान प्रविधि सम्बन्धी जनशक्तीको विकास र उपयोग
		२२.३	प्रदेशस्तरमा विज्ञान प्रविधि विषयक तथ्यांक संकलन, प्रशोधन र सर्वेक्षण
		२२.४	वैज्ञानिक अध्ययन अनुसन्धान एंव विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकास
२३	अन्तरप्रादेशिक रूपमा फैलिएको जंगल, हिमाल, वन संरक्षण क्षेत्र जल उपयोग	२३.१	**वनक्षेत्र**
		२३.१.१	भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, बर्गीकरण, संरक्षण र व्यवस्थापन
		२३.१.२	व्यवस्थापन योजना तयारी तथा कार्यक्रम कार्यान्वयन
		२३.१.३	दिगो व्यवस्थापन लाभांश बाँडफाँड तथा अनुगमन तथा मूल्याङ्कन
		२३.१.४	संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण
		२३.१.५	व्यवस्थापन योजना तयारी, कार्यान्वयन सहभागितामूलक पद्धति चयन
		२३.१.६	संरक्षण, जीविकोपार्जन तथा वातावरणीय कार्यक्रम सञ्चालन
		२३.१.७	अन्तरप्रदेशीय नदी उकास तथा सडक किनार वृक्षारोपण व्यवस्थापन

		२३.१.८	दिगो रुपले उत्पन्न तथा गुणस्तरीय बीउ उत्पादन गरी वृक्षारोपणको लागि उपलव्ध गराउन वन बीउबगैँचा (Breeding Seed Orchards - BSOs) स्थापना र व्यवस्थापन गर्ने
		२३.२	जलस्रोत संवन्धी प्रादेशिक योजना कार्यान्वयन, अनुगमन, मूल्याकंन
२४	भुमि नीति र सो सम्बन्धी कानून	२४.१	अनुसूची ६ को १६ मा समावेश
२५	रोजगारी र बेरोजगार सहायता अनुसूची (७ को ११ मा समेत समावेश भएको)	२५.१	स्वरोजगारका लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन सहायता
संविधानको अनुसूची(९) मा उल्लिखित साझा अधिकारको विस्तृतीकरण			
१	सहकारी	१	अनुसूची ६(२) मा समावेश भएको
२	शिक्षा, खेलकुद र पत्रपत्रिका	२	अनुसूची ६(८), ७(१९),७(१४)मा समावेश भएको
३	स्वास्थ्य	३	अनुसूची ६(९) मा समावेश भएको
४	कृषि	४	अनुसूची ६(२०) मा समावेश भएको
५	विद्युत, खानेपानी सिंचाई जस्ता सेवाहरु	५	अनुसूची ६(७) मा समावेश भएको
६	सेवाशुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क	६	अनुसूची ६(४) मा समावेश भएको
७	वन, जंगल,	७.१	**वनक्षेत्र**

	वन्यजन्तु, चराचु रूंगी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता	७.१.१	प्रदेशभित्र सार्वजनिक खाली जग्गा र नाङ्गा पाखाहरु वा क्षेतिग्रस्त वनक्षेत्रहरुमा वृक्षारोपण तथा सम्भार सम्वन्धी नीति, कानुन, मापदण्ड तथा नियमन
		७.१.२	प्रदेशभित्र जडिबुटि तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन
		७.१.३	वन्यजन्तु र चराचु रुङ्गी सम्वन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, र नियमन
८	खानी तथा खनिज	८	अनुसूची ६(१७) र ७ (१५) मा समावेश गरिएको
९.	विपद् व्यवस्थापन	९	अनुसूची ७ को (१७) समावेश भएको
१०	सामाजिक सुरक्षा र गरिबी निवारण	१०	अनुसूची ७ को (२१) मा समावेश
११	व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्यांक	११.१	प्रदेशस्तरको अभिलेख व्यवस्थापन
१२	पुरातत्व, प्राचीन स्मारक र संग्रहालय	१२	**संस्कृति क्षेत्र**
		१२.१	अनुसूची ६ को (१८) मा समावेश भएको
१३	सुकुम्बासी व्यवस्थापन	१३.१	सुकुम्बासी व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन
		१३.२	प्रदेशस्तरमा सुकुम्बासीलाई बसोबास तथा जीविकोपार्जन व्यवस्था तथा स्थानीय तहसंग समन्वय
१४	प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी	१४	अनुसूची ६(४) मा समावेश
१५	सवारी साधन अनुमति	१५	प्रादेशिक यातायात सेवाको व्यवस्थापन र नियमन
संविधानका मौलिक हक र राज्यका निर्देशक सम्बन्धी धारा र अन्य धारामा उल्लिखित कार्यको विस्तृतीकरण			
१	संघसंस्था दर्ता	**१**	**संघसंस्था दर्ता**
		१.१	संघसंस्था दर्ता, नवीकरण र अनुगमन
२	अपराध पीडितको पुनस्थापना	२	**अपराध पीडितको पुनस्थापना**
		२.१	अपराध पीडितको पुनस्थापना सम्बन्धी कार्यको कार्यान्वयन

५	अपराध, यातना तथा शोषण पीडितलाई क्षतिपूर्ति	५	**अपराध, यातना तथा पीडितलाई क्षतिपूर्ति**
		५.१	अपराध, यातना तथा पीडितलाई क्षतिपूर्ति सम्बन्धी कार्यको कार्यान्वयन
६	महिला हक सम्बन्धी	६	**महिला सम्बन्धी**
		६.१	महिला हक सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
		६.२	महिला हिंसा, मानव बेचबिखन तथा ओसारपसार सम्वन्धी नीति तथा कार्ययोजनाको कार्यान्वयन
		६.३	महिला तथा लैङ्गिक हिंसा सम्वन्धी अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन
		६.४	महिलास सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन, अनुसन्धान
		६.५	लैंगिकहिंसा निवारणका लागि निरोधात्मक, प्रवर्द्धनात्मक, संरक्षणात्मक उपाय र पुनस्थापन
		६.६	लैंगिक उत्तरदायी वजेट र परिक्षण सम्बन्धी
७	बालबालिकाको हकहित संरक्षण	७	**बालबालिकाको हकहित संरक्षण**
		७.१	बालबालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन रनियमन
		७.२	बालबालिका सम्वन्धी अध्ययन अनुसन्धान
		७.३	प्रदेशस्तरमा आपत्कालीन बाल उद्धार कोष व्यवस्थापन
		७.४	प्रदेशस्तरको बाल सुधार तथा पुनर्स्थापना
		७.५	बालमैत्री शासकीय प्रवन्ध र सेवा प्रवाह
८	उपभोक्ताको हकको संरक्षण	८	**उपभोक्ताको हकको संरक्षण**
		८.१	उपभोक्ता हकहित संरक्षण सम्बन्धी अनुगमन र समन्वय
९	युवाक्षेत्र	९	**युवाक्षेत्र**
		९.१	युवा वैज्ञानिक प्रोत्साहन
		९.२	युवा सम्बन्धी प्रादेशिक नीति, कानुन, योजना, कार्यान्वयन तथा नियमन
		९.३	विज्ञान संग्राहलय, प्लानेटोरियम
१०	उपाधि सम्मान र	१०	**उपाधि सम्मान र विभूषण सम्बन्धी**

	विभूषण सम्बन्धी	१०.१	उपाधि,सम्मान तथा विभूषणको सिफारिस
११	सन्धि वा सम्झौता	११	**सन्धि वा सम्झौता**
		११.१	अन्तर्राष्ट्रिय सन्धि सम्झौता सम्बन्धी नीति कार्यान्वयन
			नेपाल सरकारको सहमति लिई आर्थिक तथा औद्योगिक विषयका करारजन्य विषयका सम्झौता
१२	कर्मचारी समायोजन	१२	**कर्मचारी समायोजन**
		१२.१	वर्तमान स्थानीय निकायका कर्मचारीलाई स्थानीय तहमा समायोजन सम्बन्धी नीति, मापदण्ड, योजना तर्जुमा र कार्यान्वयन
१३	खानेपानी	१३	सर्वसाधारणलाइ स्वच्छ खानेपानीको उपलब्धता
कार्य विभाजन नियमावली र अन्य ऐन कानून अन्तर्गत भै रहेका कार्यहरूको विस्तृतीकरण			
१	सार्वजनिक बिदा, उत्सव, उर्दी आादि	१.१	प्रदेशस्तरमा सार्वजनिक बिदा, उत्सव, उर्दी आादिको व्यवस्थापन
२	निर्वाचन सम्बन्धी	२.१	निर्वाचनकार्यमा सहयोग र समन्वय
३	संस्कृति सम्बन्धि कार्यहरु	३	**संस्कृति सम्बन्धि कार्यहरु**
		३.१	संस्कृतिको विकास सम्वन्धी नीति, कानुन र नियमन
		३.२	निकासी गरिने पुरातात्विक वस्तुको जाँच र अनुमति सम्वन्धी
४	समाज कल्याण र संघसस्था सम्बन्धी	४	**समाज कल्याण र संघसस्था सम्बन्धी**
		४.१	प्रदेशस्तरमा समाजकल्याण सम्बन्धी संघसस्थाका कायर्हरु
		४.२	प्रदेशस्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त, बालबालिकाका र महिला सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन
		४.३	समाजकल्याण र संघसस्था सम्वन्धी कार्यहरुको अनुगम्न तथा मूल्याङ्कन
५	शान्ति तथा पुनर्निर्माण क्षेत्र	५	**शान्ति तथा पुनर्निर्माण क्षेत्र**
		५.१	प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन सम्वन्धी
		५.२	प्रदेशस्तरमा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनस्थापन सम्वन्धी
		५.३	सत्यनिरुपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्ति सम्वन्धी

३. कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बाट सान्दर्भिक दफाहरु

५. **मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेः** (१) प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नु अघि मन्त्रालयले आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेछ। यस्तो खर्च संरचना बनाउँदा संघीय तथा प्रादेशिक आवधिक विकास योजनालाई मार्गदर्शनको रुपमा लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मध्यमकालीन खर्च संरचनामा प्रस्तावित योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रत्येक क्रियाकलापको प्रति इकाई लागत, सञ्चालनमा लाग्ने अनुमानित समय, सोबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि समेत खुलाई प्रत्येक योजना वा कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्नेछ। प्रति ईकाइ लागत तयार गर्दा प्रदेश सरकारले स्वीकृत गरेको खर्च मापदण्ड समेतलाई ध्यानमा राखी तयार गर्नु पर्नेछ ।

स्पष्टीकरणः यस उपदफाको प्रयोजनका लागि "प्रस्तावित योजना वा कार्यक्रम" भन्नाले तोकिए बमोजिम सम्भाव्यता अध्ययन तथा विस्तृत प्रतिवेदन तयार भईसकेको वा सम्भाव्यता अध्ययन गरेर मात्र कार्यान्वयन गर्न सकिने नयाँ योजना वा कार्यक्रमको क्विरण खुलाई सोको लागि गरिएको अनुमानित लागतको पुष्ट्याई सहितको विवरणलाई जनाउनेछ ।

(३) मध्यमकालीन खर्च संरचना तयार गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

६. **स्रोत अनुमान र खर्चको सीमा निर्धारण गर्नुपर्नेः**(१) आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि उपलब्ध पूर्वानुमान मन्त्रालयले चालु आर्थिक वर्षको फाल्गुण मसान्तभित्र गरिसक्नु पर्नेछ।

तर यो ऐन प्रारम्भ हुँदाका बखत प्रथम पटकका लागि यो प्रावधान लागु हुने छैन ।

(२) उपदफा (१) को प्रयोजनका लागि मन्त्रालयले एक स्रोत अनुमान समिति गठन गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको स्रोत अनुमान समितिले आवश्यकता अनुसार मध्यकालीन वित्तीय संरचना, गत आर्थिक वर्षको यथार्थ वित्तीय, भौतिक उपलब्धि र चालु आर्थिक वर्षको ६ महिनाको समष्टिगत आर्थिक परिसूचकहरू, आगामी आर्थिक वर्षमा उपलव्ध हुन सक्ने राजस्व, अनुदान, विकास सहायता र आन्तरिक ऋण तथा प्रतिबद्धता लेखा विवरण रकम समेतका आधारमा स्रोत अनुमान गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम स्रोत अनुमान भएपछि मध्यमकालीन खर्च संरचना समेतलाई दृष्टिगत गरी आगामी आर्थिक वर्षको लागि गर्न सकिने खर्चको सीमा निर्धारण गर्नुपर्नेछ।

(५) स्रोत अनुमान समितिले उपदफा (३) र (४) बमोजिम स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण गरी सोको प्रतिवेदन अर्थमन्त्री समक्ष पेश गर्नुपर्नेछ ।

(६) स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७. **बजेट सीमा र मार्गदर्शन पठाउनेः** (१) मन्त्रालयले स्रोत अनुमान समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधीनमा रही आगामी आर्थिक वर्षको बजेट तर्जुमाका लागि बजेट सीमा र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा निर्माण गरी चालु आर्थिक वर्षको फागुनमसान्तसम्म

सम्बन्धित प्रदेश कार्यालयको निकायगत बजेट सीमा उल्लेख गरी बजेट तर्जुमा सम्बन्धी सीमा र मार्गदर्शन पठाइसक्नु पर्नेछ । यस्तो मार्गदर्शन पठाउँदा आवधिक प्रादेशिक विकास योजना र त्रिबर्षीय खर्च संरचनालाई आधार मान्नु पर्नेछ । उक्त मार्गदर्शन पठाउँदा संघीय आवधिक योजनासँग तादाम्यता हुने गरी तयार गर्नु पर्नेछ ।

तर यो ऐन प्रारम्भ हुँदाका बखत प्रथम पटकका लागि यो प्रावधान लागु हुने छैन ।

(२) उपदफा (१) बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा ढाँचाको निर्माण गर्दा सम्बन्धित निकायले आर्जन गर्न सक्ने राजस्व रकम, आयोजनासँग सम्बन्धित वैदेशिक अनुदान तथा ऋण रकम र प्रस्तावित बजेटको पुष्ट्याईंका लागि आवश्यक अन्य विवरणहरू समेत खुल्ने गरी तयार गर्नु पर्नेछ।

(३) बजेट तर्जुमा, छलफल एवं बजेटको मस्यौदालाई अन्तिम रूप दिने अन्य प्रक्रिया र समय सीमा तोकिए बमोजिम हुनेछ ।

८. **<u>विनियोजन दक्षता:</u>** (१) दफा १० बमोजिम आगामी आर्थिक वर्षको लागि बजेट प्रस्ताव गर्दा देहाय बमोजिम गर्नुपर्नेछ,

(क) चालु र पूँजीगत खर्च र वित्तीय व्यवस्थाको लागि बजेट प्रस्ताव गर्दा त्यस्तो खर्च सिर्जना गर्ने स्पष्ट आधार सहित प्रस्तावित रकमको पुष्ट्याई गर्ने आवश्यक सूचना विस्तृत रूपमा खुलाउनु पर्नेछ ।

(ख) नयाँ आयोजनाको हकमा रकम प्रस्ताव गर्दा सम्भाव्यता अध्ययन गर्न आवश्यक हुने तथा सम्भाव्यता अध्ययन पश्चात आगामी वर्ष खर्च हुन सक्ने रकम मात्र पुष्ट्याई सहित प्रस्ताव गर्नुपर्नेछ । सम्भाव्यता अध्ययन भई स्वीकृत भइसकेका तथा क्रमागत रूपमा कार्यान्वयनमा रहेका आयोजनाका हकमा गुरुयोजना र वार्षिक खरिद योजना, प्रतिबद्धता लेखा व्यवस्था तथा वित्तीय खरिद सम्झौता अनुरूप आगामी वर्ष आवश्यक पर्ने रकम मात्र प्रस्ताव गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम बजेट प्रस्ताव गर्दा दफा ११ बमोजिम लेखांकन गरिएको प्रतिवद्ध कार्यका लागि पर्याप्त रकम छुट्याएर मात्र नयाँ योजना तथा कार्यक्रमका लागि रकम प्रस्ताव गर्नुपर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको प्रस्तावित बजेट तथा कार्यक्रम उपर दफा १० को उपदफा (४) बमोजिम भएको छलफल तथा प्रस्तावित बजेट तथा कार्यक्रमको विश्लेषण र मूल्याङ्कनका आधारमा उपयुक्त ठहरिएको बजेट तथा कार्यक्रम आगामी वर्षको विनियोजन विधेयकमा समावेश गर्नु पर्नेछ ।

९. **<u>पूर्व बजेट छलफल:</u>** (१) प्रत्येक आर्थिक वर्ष यस ऐन बमोजिम विनियोजन विधेयक प्रदेश सभामा पेश गर्नुभन्दा कम्तिमा एक महिना अगावै आर्थिक मामिला तथा योजना मन्त्रीले विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु सहितको पूर्व बजेट तयार गरी प्रदेश सभामा प्रस्तुत गर्नु पर्नेछ ।

(२) प्रदेश सभाले उपदफा (१) बमोजिम पूर्व बजेट पेश भएको पन्ध्र दिनभित्र सो माथि आवश्यक छलफल गरी मन्त्रालयलाई उपयुक्त सुझाव तथा निर्देशन उपलब्ध गराउनेछ ।

१०. **बजेट प्रस्ताव र छलफलः** (१) मन्त्रालयबाट प्राप्त बजेट सीमा र मार्गदर्शनको अधीनमा रही निर्धारित ढाँचामा सम्बन्धित मन्त्रालय, निकाय तथा सो मातहतका निकायको नीति तथा कार्यक्रम सहित बजेट प्रस्ताव तयार गरी मन्त्रालयले तोकेको निर्धारित समय सीमाभित्र मन्त्रालयमा पठाउने दायित्व सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(२) उपदफा (१) बमोजिम बजेट प्रस्ताव गर्दा मध्यमकालीन खर्च संरचनामा आधारित रही कार्यान्वयन गरिने क्रियाकलाप, सो को लागत एवं त्यस्तो लागत व्यहोरिने स्रोत समेत स्पष्ट खुलाई आगामी आर्थिक वर्षको बजेट अनुमानको साथै त्यस पछिका दुई आर्थिक वर्षको खर्च र स्रोतको प्रक्षेपित विवरण पनि पेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको बजेट प्रस्तावको साथमा गत आर्थिक वर्षको यथार्थ स्थिति र चालु आर्थिक वर्षको ६ महिनासम्मको वित्तीय तथा भौतिक प्रगति विवरण समेत संलग्न गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रस्तावित बजेट तथा कार्यक्रम उपर सम्बन्धित लेखा उत्तरदायी अधिकृतको उपस्थितिमा मन्त्रालयमा छलफल हुनेछ।

११. **प्रतिबद्धता लेखा तथा नियन्त्रणः** (१) प्रचलित कानूनको अधिनमा रही प्रदेश सरकारबाट सिर्जित आर्थिक दायित्व तथा नेपाल सरकारबाट सम्झौता वा निर्णय भइ हस्तान्तरण भई आएका विभिन्न सम्झौता वा निर्णयबाट खर्च व्यहोर्न वा प्रदेश सरकार वा नेपाल सरकारबाटराजस्वमा छुट दिन प्रतिबद्धता जनाईएको रकमको स्पष्ट व्यहोरा देखिने गरी लेखा राख्नु पर्नेछ ।

(२) प्रतिबद्धता लेखा राख्ने तथा सो को नियन्त्रण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१२. **विनियोजन विधेयक तयार गर्ने:**(१) दफा १० को उपदफा (३) बमोजिमको बजेट तथा कार्यक्रम वा आयोजनालाई प्राथमिकीकरण गरी बजेट मस्यौदालाई अन्तिम रुप दिई विनियोजन विधेयक तयार गर्ने जिम्मेवारी मन्त्रालयको हुनेछ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिम तयार भएको विनियोजन विधेयकको साथमा आर्थिक विधेयक लगायत अन्य आवश्यक विधेयकहरू समेत तर्जुमा गर्नुपर्नेछ ।

१३. **राजस्व र व्ययको अनुमान पेश गर्नुपर्ने:** (१) आर्थिक मामिला तथा योजना मन्त्रीले प्रत्येक वर्ष आषाढ महिनाको १ गते दफा १२ बमोजिम अन्तिम रूप दिइएको प्रदेश सरकारको आगामी आर्थिक बर्षको लागि राजस्व र व्ययको अनुमान प्रदेशसभामा पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश हुने राजस्व र व्ययको अनुमानको साथमा संविधानको धारा २०७ मा उल्लिखित विवरणहरूको अतिरिक्त देहायका विवरणहरू समेत समावेश गर्नुपर्नेछः

(क) अघिल्लो आर्थिक वर्षमा गरिएको अनुमान अनुसार राजस्व संकलन भ नभएको विवरणको साथै कर वा गैर करमा छुट दिइएको विवरण,

(ख) दफा ५ बमोजिम तयार गरिएको मध्यमकालीन खर्च संरचना,

(ग) अनुदान, सार्वजनिक ऋण र लगानी सम्बन्धी नीति ।

१४. **परामर्श गर्न सक्ने:** मन्त्रालयले आय र व्ययको अनुमान तयार गर्नु अघि तत् सम्बन्धमा सम्बन्धित सरोकारवालासँग आवश्यक परामर्श गर्न सक्नेछ।

१५. **घाटा वा सन्तुलित बजेट पेश गर्न सक्ने:** (१) प्रदेश सरकारले घाटा वा आवश्यकता अनुसार सन्तुलित बजेट पेश गर्न सक्नेछ । यसरी घाटा बजेट पेश गर्दा घाटा पूर्ति गर्ने स्रोत र सो को स्पष्ट आधार खुलाउनु पर्नेछ। तर प्रशासनिक खर्च व्यहोर्न घाटा बजेट पेश गर्न सकिने छैन । साथै मन्त्रालयले आवश्यकता र राजस्व अवस्था अनुसार सन्तुलित बजेट समेत पेश गर्नसक्नेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि घाटा बजेट भन्नाले राजस्व र अनुदानको योग भन्दा व्यय बढी हुने गरी व्यवस्था भएको बजेट सम्झनु पर्छ ।

(२) घाटा वा सन्तुलित बजेट सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

परिच्छेद: ४

बजेट निकासा, रकमान्तर तथा नियन्त्रण

१६. **बजेट निकासा:** (१) विनियोजन ऐन वा पेश्की खर्च ऐन जारी भएपछि खर्च गर्न अधिकार प्राप्त कार्यालयले वार्षिक कार्यक्रमको आधारमा विनियोजन ऐनको अनुसूचीमा उल्लिखित रकम खर्च गर्न सक्नेछन् ।

(२) विनियोजन ऐनको अनुसूचीमा उल्लिखित विनियोजित रकम एकभन्दा बढी कार्यालयले खर्च गर्नुपर्ने अवस्थामा तालुक निकायले विनियोजन ऐन वा पेश्की खर्च ऐन जारी भएको ७ दिनभित्र बाँडफाँट गरी सम्बन्धित कार्यालयलाई जानकारी दिनुपर्नेछ। यसरी एक पटक बाँडफाँट गरिसकेपछि पटक-पटक बाँडफाँट गर्न पाइनेछैन।

(३) उपदफा (२) बमोजिमको विवरण मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, महालेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा ईकाइ कार्यालयलाई पठाउनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम बाँडफाँटको जानकारी प्राप्त भएपछि सम्बन्धित कार्यालयले उपदफा (१) बमोजिम खर्च गर्न सक्नेछन्।

(५) एक मन्त्रालय अन्तर्गत विनियोजित बजेट अर्को मन्त्रालय वा अन्तर्गतको निकाय मार्फत कार्यक्रम सञ्चालन गरी खर्च गर्न आवश्यक भएमा त्यस्तो वार्षिक कार्यक्रम र बजेट विनियोजन भएको मन्त्रालय वा निकायको सचिवले कार्यक्रम सञ्चालन गर्ने मन्त्रालय वा निकायको सचिवलाई त्यस्तो वार्षिक कार्यक्रम र बजेट विनियोजनको खर्च गर्ने अख्तियारी प्रदान गर्नु पर्नेछ।

(६) सम्बन्धित कार्यालयको नाममा विनियोजित वा बाँडफाँट भएको रकम सो कार्यालयको भुक्तानी आदेशका आधारमा प्रदेश सञ्चित कोषबाट मन्त्रालयद्वारा निर्धारित नीति अन्तर्गत रही प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेको प्रक्रिया अनुसार एकल खाता कोष प्रणालीबाट खर्च भुक्तानी तथा निकासा हुनेछ ।

(७) सम्बन्धित कार्यालयको नाममा विनियोजन वा बाँडफाँट भएको रकम प्रचलित कानून बमोजिम खर्च गर्ने, लेखा राख्ने, प्रतिवेदन गर्ने, लेखापरीक्षण गराउने र बेरुजू फछ्यौंट लगायत फरफारक गर्ने गराउने उत्तरदायित्व सम्बन्धित कार्यालय प्रमुखको हुनेछ।

(८) सरकारी रकम खर्च भुक्तानी तथा निकासा दिने, कोष सञ्चालन गर्ने गराउने सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

१७. **रकमान्तर तथा स्रोतान्तरः** (१) विनियोजन ऐनमा तोकिएको कुनै एक अनुदान संकेत अन्तर्गतको बजेट उप-शीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएका अन्य अनुदान संकेत अन्तर्गतको उपशीर्षकमा बचत हुने रकम मध्येबाट प्रदेश विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही मन्त्रालयले रकमान्तर गर्न सक्नेछ।

(२) आफ्नो र मातहत निकायको अनुदान संकेत अन्तर्गतको कुनै बजेट उप-शीर्षकमा रकम नपुग भएमा सो अन्तर्गत रकम बचत भएको अन्य बजेट उपशीर्षकहरूबाट प्रदेश विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही खर्च व्यहोर्ने स्रोत परिवर्तन नहुने गरी चालु बजेटबाट चालु तर्फका खर्च शीर्षकहरूमा र पूँजीगत बजेटबाट पूँजीगत तर्फका खर्च शीर्षकहरूमा सम्बन्धित सचिवले जुन शीर्षकमा रकमान्तर गरिने हो सो शीर्षकको २५ प्रतिशत भन्दा बढी नहुने गरी तोकिए बमोजिम रकमान्तर गर्न सक्नेछ । तर यसरी रकमान्तर गर्दा तलब, भत्ता जस्ता उपभोग खर्च र पोशाक, खाद्यान्न, पानी तथा बिजुली, सञ्चार महशुल र घरभाडा जस्ता सञ्चालन खर्च अनिवार्य दायित्वबाट रकमान्तर गर्न पाइनेछैन।

(३) प्रदेश विनियोजन ऐन अन्तर्गत कुनै एक प्रकारको खर्च व्यहोर्ने स्रोतमा रहेको रकम अर्को स्रोतमा सार्ने र भुक्तानी विधि परिवर्तन गर्ने अधिकार मन्त्रालयको हुनेछ ।

(४) रकमान्तर तथा स्रोतान्तर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१८. **बजेट रोक्का वा नियन्त्रण गर्न र समर्पण गराउन सक्नेः** (१) दफा १६ मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशको आर्थिक स्थिति र प्रदेश सञ्चित कोषमा जम्मा रहेको रकमलाई विचार गरी मन्त्रालयले प्रदेश सञ्चित कोष माथि व्ययभार हुने रकम बाहेक विनियोजित रकममा आवश्यकता अनुसार पूर्ण वा आंशिक रुपमा रोक्का वा नियन्त्रण गर्न र समर्पण (Budget Surrender) गराउन सक्नेछ ।

(२) प्रदेश विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रमको आर्थिक वर्षको दोस्रो चौमासिक अवधिसम्म पनि सन्तोषजनक रूपमा कार्यान्वयन नभएको वा हुन नसक्ने ठहर भएमा मन्त्रालयले त्यस्तो बजेट समर्पण गर्न लगाई आवश्यक अन्य शीर्षकमा दफा १७ बमोजिम रकमान्तर गर्न सक्नेछ।

१९. **प्रदेश सञ्चित कोषबाट हुने वित्तीय हस्तान्तरणः** (१) प्रदेश सञ्चित कोषबाट स्थानीय तहलाई प्रदान गर्ने वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान रकमको हस्तान्तरण मन्त्रालयबाट प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत हुनेछ।

(२) प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा रकम हस्तान्तरण हुने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०. **बजेट तथा कार्यक्रमको मूल्याङ्कनः** बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी मन्त्रालयले अर्ध वार्षिक र वार्षिक रूपमा सो अवधि समाप्त भएको दुई महिनाभित्र देहायका विवरण सार्वजनिक गर्नुपर्नेछः

(क) राजस्व, खर्च, आयोजना र कार्यक्रम संचालन गर्न नेपाल सरकारबाट प्राप्त भएको समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान रकम, नेपाल सरकार मार्फत प्राप्त वैदेशिक अनुदान तथा ऋणको अनुमान, प्राप्ति तथा परिचालनको यथार्थ विवरण,

(ख) प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमहरूको कार्यान्वयन अवस्था,

(ग) अन्य आवश्यक विवरणहरू ।

२३. **राजस्व दाखिला र राजस्व लेखाः** (१) प्रचलित कानून बमोजिम प्रदेश सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि तोकिए बमोजिम सरकारी कारोवार गर्ने बैंकमा दाखिला गर्नु पर्नेछ।

(२) सरकारी कारोवार गर्ने स्वीकृत प्राप्त बैंकमा जम्मा हुन आएको राजस्व सोही दिन सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ । कुनै बाहिरको परिस्थिति परी सोही दिन राजस्व दाखिला हुन नसकेमा सोको भोलिपल्ट सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ ।

(३) उपदफा (२) विपरित सरकारी कारोवार गर्न स्वीकृत प्राप्त कुनै बैंकले प्रदेश सञ्चित कोषमा राजस्व दाखिला नगरेको पाइएमा प्रदेश लेखा नियन्त्रक कार्यालयको सिफारिसमा दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशत जरिवाना गरी बिगो बमोजिमको राजस्व दाखिला गर्न लगाउने र दश दिनभन्दा बढी ढिलो गरेको भए दश प्रतिशत जरिवाना गरी बिगो बमोजिमको राजस्व दाखिला गर्न लगाई सो बैकको इजाजत रद्ध गर्नेतर्फ कारवाही गर्नु पर्नेछ ।

(४) राजस्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, वित्तीय विवरण तयार गर्ने र लेखा परीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुनेछ ।

२५. **लेखा दाखिला गर्नेः** (१) प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकिएको अवधिभित्र प्रत्येक आर्थिक वर्ष प्रदेश सञ्चित कोषको अतिरिक्त विनियोजन, राजस्व, धरौटी, वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको लेखा र आर्थिक वर्षको एकीकृत लेखाको वित्तीय विवरण मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालय समक्ष दाखिला गर्नुपर्नेछ ।

(२) लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय–व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(३) जिम्मेवार व्यक्तिले कारोबारको लेखा र सम्बन्धित कागजात तोकिएको कार्यालय वा लेखापरीक्षक समक्ष तोकिएको अवधिभित्र तोकिए बमोजिम दाखिला गर्नु पर्नेछ ।

२६. **एकीकृत वित्तीय विवरण तयार गर्नेः** (१) प्रदेश स्थित स्थानीय तहका कार्यालयका लागि संघीय र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँटबाट प्राप्त रकम, आन्तरिक आय तथा ऋण

र अनुदान समेतको विवरण देखिने गरी आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा ईकाइ कार्यालयमा पठाउने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ ।

(२) आफ्नो कार्य क्षेत्र भित्रका कार्यालयहरूको संघीय र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँटबाट प्राप्त रकम, आन्तरिक आय तथा ऋण र अनुदान समेतको विवरण र आफ्नो क्षेत्र भित्रका स्थानीय तहको आर्थिक कारोवारको छुट्टाछुट्टै र एकीकृत विवरण तयार गरी मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयमा पठाउने जिम्मेवारी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ ।

(३) स्थानीय तहभित्रका कार्यालयहरूको संघीय र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँटबाट प्राप्त रकम, आन्तरिक आय तथा ऋण र अनुदान समेतको एकीकृत विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखा नियन्त्रक कार्यालयमा पठाउने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ ।

(४) आ-आफ्नो कार्य क्षेत्रभित्रको वित्तीय विवरण पेश नगर्ने तथा लेखापरीक्षण नगराउने कार्यालय तथा स्थानीय तहलाई प्रवाह हुने अनुदान रकम रोक्का राख्न सकिनेछ ।

(५) प्रदेशले तयार गर्ने वित्तीय प्रतिवेदन नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम हुनेछ।

३०. **<u>आन्तरिक नियन्त्रण प्रणाली:</u>** (१) प्रदेश तहका सबै लेखा उत्तरदायी अधिकृतले आफ्नो र मातहतका सबै सरकारी कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम सम्पादन गर्नुपर्ने कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी ढाँचा र कार्यविधि मन्त्रालयले तोके बमोजिम हुनेछ ।

(३) आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन सम्बन्धमा सम्बन्धित लेखा उत्तरदायी अधिकृत वा निजले तोकेको पदाधिकारीबाट वर्षको कम्तिमा दुई पटक अनुगमन तथा सुपरिवेक्षण गर्नु पर्नेछ ।

४. अन्तर सरकार वित्त व्यवस्थापन ऐन, २०७४ का सान्दर्भिक दफाहरु

९. सशर्त अनुदानः (१) नेपाल सरकारले प्रदेश वा स्थानीय तह वा नेपाल सरकारको कुनै योजना कार्यान्वयन गर्न संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) बमोजिम आयोगले तोकेको आधार बमोजिम प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्नेछ।

(२) उपदफा (१) बमोजिम सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्नेछ र सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्नेछ ।

(३) प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम आयोगले तोकेको आधार बमोजिम सशर्त अनुदान प्रदान गर्नेछ।

१०. समपूरक अनुदान(१) नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समपूरक अनुदान प्रदान गर्दा देहायका कुराहरुलाई आधार बनाइनेछः-

(क) योजनाको सम्भाव्यता,

(ख) योजनाको लागत,

(ग) योजनाबाट प्राप्त हुने प्रतिफल वा लाभ,

(घ) योजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति,

(ङ) योजनाको आवश्यकता र प्राथमिकता ।

(३) प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम समपूरक अनुदान प्रदान गर्न सक्नेछ ।

(४) उपदफा (१) र (३) बमोजिमको समपूरक अनुदान कुनै योजनाको कुल लागतको अनुपातका आधारमा प्रदान गरिनेछ ।

(५) समपूरक अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

११. विशेष अनुदानः(१) नेपाल सरकारले देहायको कुनै उद्देश्य राखी प्रदेश वा स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजनाको लागि विशेष अनुदान प्रदान गर्न सक्नेछः

(क) शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाको विकास र आपूर्ति गर्ने,

(ख) अन्तर प्रदेश वा अन्तर स्थानीय तहको सन्तुलित विकास गर्ने,

(ग) आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदायको उत्थान वा विकास गर्ने ।

(२) प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम विशेष अनुदान प्रदान गर्न सक्नेछ ।

(३) विशेष अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

१२. वैदेशिक सहायता लिने अधिकारः(१) वैदेशिक अनुदान वा ऋण लिने अधिकार नेपाल सरकारको हुनेछ ।

(२) नेपाल सरकारले वैदेशिक अनुदान वा ऋण लिँदा देशको समष्टिगत आर्थिक स्थायित्व हुने गरी लिनु पर्नेछ ।

(३) नेपाल सरकारले प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन हुने योजना वा कार्यक्रमको लागि वैदेशिक अनुदान वा सहयोग लिन सक्नेछ।

(४) प्रदेश तथा स्थानीय तहले नेपाल सरकारको पूर्वस्वीकृति बिना कुनै पनि किसिमको वैदेशिक अनुदान वा सहयोग लिन वा वैदेशिक अनुदान वा सहयोगमा कुनै योजना वा कार्यक्रम कार्यान्वयन गर्न् गराउन सक्ने छैन।

१४. <u>आन्तरिक ऋणः</u> (१) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्नेछ ।

तर प्रदेश तथा स्थानीय तहले आन्तरिक ऋण लिनु अघि नेपाल सरकारको सहमति लिनु पर्नेछ ।

(२) नेपाल सरकार तथा प्रदेशले प्रचलित कानूनको अधीनमा रही ऋणपत्र जारी गरी आन्तरिक ऋण उठाउन सक्नेछ ।

(३) प्रदेश तथा स्थानीय तहले आन्तरिक ऋण लिन नेपाल सरकारको सहमति माग गर्दा आन्तरिक ऋण लिन खोजिएको योजना, योजनाबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि, ऋण भुक्तानी योजना, ऋण दिने संस्थाको विवरण सहितको प्रस्ताव मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश भएको प्रस्ताव कार्यान्वयन योग्य देखिएमा नेपाल सरकारले सम्बन्धित प्रदेश वा स्थानीय तहलाई आन्तरिक ऋण लिन सहमति दिन सक्नेछ ।

१५. <u>नेपाल सरकारले ऋण दिन सक्नेः</u> (१) नेपाल सरकारले प्रदेश वा स्थानीय तहलाई ऋण दिन सक्नेछ।

(२) प्रदेश वा स्थानीय तहले ऋण रकमको उपयोग, भुक्तानीको तरिका तथा समय सीमा समेत उल्लेख गरी ऋणको लागि मन्त्रालय समक्ष अनुरोध गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त अनुरोध मनासिब देखिएमा नेपाल सरकारले ऋण प्रदान गर्ने स्वीकृति दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम नेपाल सरकारबाट ऋण प्रदान गर्ने स्वीकृति भएमा मन्त्रालयले सम्बन्धित प्रदेश वा स्थानीय तहसँग सम्झौता गर्नेछ ।

(५) नेपाल सरकारबाट प्राप्त ऋण प्रदेश वा स्थानीय तहले सम्झौतामा उल्लिखित अवधिभित्र चुक्ता नगरेमा नेपाल सरकारले सम्बन्धित प्रदेश वा स्थानीय तहलाई उपलब्ध गराउने अनुदानबाट त्यस्तो ऋण रकम असुली गर्न सक्नेछ ।

<u>१६ सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्नेः</u>(१) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आफ्नो कार्यक्षेत्र भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवरण तयार गर्दा चालू खर्च, पूँजीगत खर्च र वित्त व्यवस्थाका लागि आवश्यक पर्ने रकम समेत छुट्याउनु पर्नेछ ।

१७. <u>मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्नेः</u>(१) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले दफा १६ बमोजिमको सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार गरिने मध्यमकालीन खर्च संरचनामा देहायका विवरण खुलाउनु पर्नेछः–

(क) प्रस्तावित योजनाको उद्देश्य,

(ख) प्रस्तावित योजनाको लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुट्याउन आवश्यकताको पुष्टयाईं,

(ग) प्रस्तावित योजना कार्यान्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि,

(घ) प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण,

(ङ) खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण,

(च) प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्च सँगको तादाम्यता,

(छ) सञ्चालित योजना भएगत आर्थिक वर्षमा छुट्याइएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश तथा स्थानीय तहले यो ऐन प्रारम्भ भएको मितिले तीन वर्षसम्म सोही उपदफा बमोजिमको मध्यकालीन खर्च संरचना आ–आफ्नो प्राथमिकता र आवश्यकताका आधारमा तयार गर्न सक्नेछन् ।

१८. <u>आय व्ययको प्रक्षेपण गर्ने:</u> (१) प्रदेश तथा स्थानीय तहले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको देहायका विवरण प्रत्येक वर्षको पुस मसान्तभित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछः-

(क) व्ययको अनुमान,

(ख) आफ्नो स्रोतबाट सङ्कलन हुन सक्ने अनुमानित राजस्व,

(ग) राजस्व बाँडफाँटबाट प्राप्त हुन सक्ने अनुमानित रकम,

(घ) अनुदानबाट प्राप्त हुन सक्ने अनुमानित रकम,

(ङ) बजेट घाटा पूर्ति गर्न आवश्यक पर्ने अनुमानित रकम र त्यसको स्रोत।

(२) नेपाल सरकारले आयोगसँग परामर्श गरी चालु आर्थिक वर्षको फागुन मसान्तभित्र दफा ६ बमोजिमको राजस्व बाँडफाँट र दफा ८ बमोजिमको वित्तीय समानीकरण अनुदान बापत अगामी आर्थिक वर्षमा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने अनुमानित स्रोतको विवरण प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) प्रदेश सरकारले अयोगसँग परामर्श गरी चालु आर्थिक वर्षको चैत्र मसान्तभित्र संविधानको धारा ६० को उपधारा (५) बमोजिम स्थानीय तहलाई उपलब्ध गराउने वित्तीय अनुदानको अनुमानित विवरण स्थानीय तहलाई उपलब्ध गराउनु पर्नेछ ।

१९. <u>राजस्व प्रस्ताव तयार गर्ने:</u> (१) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले कर वा गैर कर राजस्वको प्रस्ताव गर्दा वा भैरहेको कर वा गैर कर राजस्वमा परिवर्तन गर्नु पर्दा त्यसको आवश्यकता, औचित्य तथा त्यसबाट पर्ने प्रभाव समेत उल्लेख गरी प्रस्ताव तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राजस्व प्रस्ताव तयार गर्दा प्रदेश वा स्थानीय तहले त्यस्तै विषयमा नेपाल सरकार, अन्य प्रदेश वा स्थानीय तहले लगाएका कर वा गैर कर र त्यसका दरसँग यथासम्भव तादात्म्य हुने गरी गर्नु पर्नेछ ।

२१. <u>राजस्व र व्ययको अनुमान पेश गर्नु पर्ने</u>:(१) नेपाल सरकारको अर्थ मन्त्रीले प्रत्येक वर्ष संविधान बमोजिम आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सङ्घीय संसदको दुवै सदनको संयुक्त बैठकमा पेश गर्नु पर्नेछ ।

(२) प्रदेशको अर्थ मन्त्रीले प्रत्येक वर्ष असार महिनाको एक गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान प्रदेश सभामा पेश गर्नु पर्नेछ ।

(३) गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्ष असार महिनाको दश गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ वा नगर सभामा पेश गर्नु पर्नेछ ।

(४) प्रदेश तथा स्थानीय तहले आफूले उठाएको राजस्व र यस ऐन बमोजिम राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेश गर्नुपर्नेछ ।

(५) यस दफा बमोजिम पेश गरिने राजस्व र व्ययको अनुमान दफा ३८ बमोजिमको मापदण्ड अनुरुप हुनु पर्नेछ ।

२२. <u>राजस्व र व्ययको अनुमान साथ संलग्न गर्नु पर्ने विवरण</u>:(१) नेपाल सरकार तथा प्रदेशले राजस्व र व्ययको अनुमान पेश गर्दा देहायका विवरण संलग्न गर्नु पर्नेछः

(क) अघिल्लो आर्थिक वर्षमा गरिएको राजस्वको अनुमान अनुसार राजस्व सङ्कलन भए नभएको तथा प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र खर्च अनुसारको लक्ष्य हासिल भए नभएको विवरण,

(ख) दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना,

(ग) आगामी तीन आर्थिक वर्षको राजस्व, व्यय र अनुमानको प्रक्षेपण,

(घ) ऋण, लगानी तथा दायित्व सम्बन्धी विवरण,

(ङ) वित्तीय सन्तुलन कायम गर्न अपनाइने रणनीति उल्लेख भएको वित्तीय नीति,

(च) आगामी तीन आर्थिक वर्षको कूल ग्राहस्थ उत्पादनमा हुने वृद्धिदर, मुद्रास्फिति, चालु खाता सन्तुलन र भुक्तानी सन्तुलनको स्थिति उल्लेख भएको समष्टिगत आर्थिक स्थिति

(छ) कर वा गैर करमा छुट दिइएको विवरण,

(ज) अघिल्लो आर्थिक वर्षको वैदेशिक सहायता प्राप्तिको विवरण ।

(२) नेपाल सरकार तथा प्रदेशले अघिल्लो वर्ष अनुमान गरे अनुसारको राजस्व सङ्कलन हुन नसकेको वा मन्त्रालयलाई छुट्याएको रकम लक्ष्य अनुसार खर्च हुन नसकेकोमा त्यसको कारण र त्यसका लागि गरिने सुधारका उपाय समेत उपदफा (१) को खण्ड(क) बमोजिमको विवरणमा उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा (१) को खण्ड (च) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशले सो खण्ड बमोजिमको विवरण पेश गर्नु पर्ने छैन ।

(४) स्थानीय तहले राजस्व र व्ययको अनुमान पेश गर्दा अघिल्लो आर्थिक वर्षमा गरिएको राजस्वको अनुमान अनुसार राजस्व सङ्कलन हुन नसकेको वा खर्चको लागि छुट्याएको रकम लक्ष्य अनुसार खर्च हुन नसकेकोमा त्यसको कारण र त्यसका लागि गरिने सुधारका उपायको विवरण संलग्न गर्नु पर्नेछ ।

२३. घाटा बजेट पेश गर्न सक्ने: (१) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले सम्बन्धित व्यवस्थापिकामा आवश्यकता अनुसार घाटा बजेट पेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम घाटा बजेट पेश गर्दा बजेट घाटा पूर्ति गर्ने स्रोतको स्पष्ट आधार समेत खुलाउनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रदेश तथा स्थानीय तहले घाटा बजेट पेश गर्दा नेपाल सरकारले संविधान र प्रचलित कानून बमोजिम कुनै सुझाव वा निर्देशन दिएको भए सो को पालना गर्नुपर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रशासनिक खर्च व्यहोर्न घाटा बजेट पेश गर्न सकिने छैन ।

२४. पेश्की खर्च: (१) नेपाल सरकार तथा प्रदेशले विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा चालू आर्थिक वर्षको व्यय अनुमानको एकतिहाई भन्दा बढी नहुने गरी ऐन बमोजिम खर्च गर्न सक्नेछन् ।

(२) स्थानीय तहले विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा चालू आर्थिक वर्षको व्ययको एक तिहाई भन्दा बढी नहुने गरी कानून बमोजिम खर्च गर्न सक्नेछ।

(३) उपदफा (१)र(२) बमोजिम खर्च भएको रकम विनियोजन विधेयकमा समावेश गर्नु पर्नेछ ।

२५. आर्थिक तथा वित्तीय नीति अनुशरण गर्नुपर्ने:प्रदेश तथा स्थानीय तहले आर्थिक र वित्तीय नीति तर्जुमा गर्दा नेपाल सरकारको आर्थिक र वित्तीय नीति अनुशरण गर्नुपर्नेछ ।

२६. सञ्चित कोषमा दाखिला गर्नुपर्ने: यस ऐनमा अन्यथा व्यवस्था भएकोमा वाहेक नेपाल सरकार, प्रदेश तथा स्थानीय तहलाई प्राप्त हुने सबै आय आफ्नो सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ ।

२७. बजेटमा व्यवस्था गरेर मात्र खर्च गर्नु पर्ने:नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेकका अन्य रकम आफ्नो बजेटमा व्यवस्था गरी सम्बन्धित व्यवस्थापिकाबाट त्यस्तो बजेट स्वीकृत भएपछि मात्र खर्च गर्नु पर्नेछ ।

२८. अनुदानको प्रयोग:यस ऐन वा प्रचलित कानून बमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्नु पर्नेछ ।

२९. रकमान्तर गर्न नपाइने:बजेटमा पूँजीगत खर्चको रूपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न पाइने छैन ।

३०. पारदर्शीता कायम गर्नुपर्ने:(१) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले वित्तीय व्यवस्थापन सम्बन्धी काम कारबाही यस ऐन र प्रचलित कानून बमोजिम पारदर्शी रूपमा गर्नु पर्नेछ ।

(२) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले आय व्यय विवरणको लेखा प्रचलित कानून बमोजिम लेखापरीक्षण गरी पन्ध्र दिनभित्र तत्सम्बन्धी विवरण सार्वजनिक गर्नु पर्नेछ ।

(३) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले बजेट कार्यान्वयनको वार्षिक समीक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गर्नु पर्नेछ ।

(४) नेपाल सरकारले प्रदेश तथा स्थानीय तह समेतको आर्थिक विवरणको आधारमा एकीकृत आर्थिक विवरण तयार गरी प्रत्येक वर्षको पुस मसान्तभित्र सार्वजनिक गर्नु पर्नेछ ।

३१. आय व्ययको वर्गीकरण तथा लेखाङ्कनः नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले आय व्ययको वर्गीकरण तथा लेखाङ्कन नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

३२. आवधिक विवरण पेश गर्नु पर्नेः(१) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले आय र व्ययको आवधिक विवरण नेपाल सरकारले तोकेको ढाँचामा तयार गर्नु पर्नेछ ।

(२) उपदफा (३) बमोजिम स्थानीय तहबाट प्राप्त विवरण समेत समावेश गरी प्रदेशले आफ्नो आय र व्ययको चौमासिक विवरण त्यस्तो अवधि समाप्त भएको मितिले तीस दिनभित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(३) स्थानीय तहले आफूले गरेको आय र व्ययको चौमासिक विवरण त्यस्तो अवधि समाप्त भएको मितिले पन्ध्र दिनभित्र मन्त्रालय तथा प्रदेश समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम प्रदेश र स्थानीय तहले दोस्रो चौमासिक आय व्ययको विवरण पेश गर्दा तेस्रो चौमासिकमा हुन सक्ने आय र व्ययको अनुमान समेत पेश गर्नु पर्नेछ ।

(५) उपदफा (२) र (३) बमोजिम तोकिएको अवधिभित्र विवरण पेश हुन नआएमा नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई उपलब्ध गराउने अनुदान रोक्का गर्न सक्नेछ ।

३४. नेपाल सरकारले निर्देशन दिन सक्नेः (१) नेपाल सरकारले संविधानको धारा २३२ को उपधारा (२) बमोजिम प्रदेशहरु बीच समन्वय गर्नुपर्ने वित्त सम्बन्धी विषयमा प्रदेश मन्त्रिपरिषदलाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु प्रदेश मन्त्रिपरिषदको कर्तव्य हुनेछ ।

(२) नेपाल सरकारले संविधानको धारा २३२ को उपधारा (८) बमोजिम वित्त सम्बन्धी विषयमा आफै वा प्रदेश मार्फत स्थानीय तहलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु स्थानीय तहको कर्तव्य हुनेछ ।

३५. प्रदेशको जिम्मेवारीः (१) एक प्रदेशले अर्को प्रदेशको वित्त विषयसँग सम्बन्धित कानून, निर्णय वा आदेश कार्यान्वयनमा सहयोग गर्नु पर्नेछ ।

(२) एक प्रदेशले अर्को प्रदेशका बासिन्दालाई वित्त सम्बन्धी विषयमा समान सुरक्षा, व्यवहार र सुविधा उपलब्ध गराउनु पर्नेछ ।

३६. समन्वय र सहयोग गर्नु पर्नेः(१) एक प्रदेशले अर्को प्रदेशसँग वित्त सम्बन्धी साझा चासो, सरोकार र हितका विषयमा सूचना आदान प्रदान गर्न, परामर्श गर्न तथा आफ्ना कार्य र विधायनबारे आपसमा समन्वय र आपसी सहयोग विस्तार गर्न सक्नेछन् ।

(२) नेपाल सरकार, प्रदेश वा स्थानीय तहले आपसमा समन्वय गरी आफ्नो जिम्मेवारीभित्रको राजस्व एक अर्का मार्फत् उठाउन वा कुनै खास प्रकारका राजस्व एकद्वार प्रणालीबाट उठाउने व्यवस्था गर्न सक्नेछन्।

(३) नेपाल सरकार, प्रदेश वा स्थानीय तहले राजस्वका दर यथासम्भव समान रूपमा कायम गर्ने वा तत्सम्बन्धी अन्य विषयमा आवश्यक समन्वय गर्न सक्नेछन् ।

५. कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७५ को सान्दर्भिक दफाहरुः

परिच्छेद-२

राजस्व बाँडफाँड

३. **राजस्व बाँडफाँडः**(१) प्रदेश एवं स्थानीय तह दुबैको अधिकार क्षेत्रभित्र परेका कर एवम् गैरकर राजस्व बाँडफाँड गर्न प्रदेश सरकारले एक कर्णाली प्रदेश विभाज्य कोष खडा गरी त्यस्तो रकम सो कोषमा जम्मा गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको राजस्व अनुसूची- १ बमोजिम प्रदेश र स्थानीय सरकारबीच बाँडफाँड गरिनेछ ।

(३) उपदफा (२) बमोजिम बाँडफाँड भएको राजस्वमध्ये प्रदेश सरकारले प्राप्त गर्ने राजस्व प्रदेश सञ्चित कोषमा जम्मा गरिनेछ ।

(४) उपदफा (२) बमोजिमको स्थानीय तहहरूबीच बाँडफाँड हुने राजस्व यस ऐनको अधीनमा रही देहायको आधार एवम् आयोगले निर्धारण गरेको ढाँचा तथा सूत्र बमोजिम प्रदेश अन्तर्गतका स्थानीय तहलाई बाँडफाँड गरिनेछ :-

(क) राजस्व उत्पत्तिको आधार;

(ख) राजस्व सङ्कलन लागत;

(ग) प्रदेश र गाउँपालिका वा नगरपालिकाले जनतालाई पुऱ्याउनु पर्ने सेवाको क्षेत्र;

(घ) गरिबी, स्थानीय क्षेत्रगत असन्तुलन र असमानता न्यूनीकरण र

(ङ) अन्य आयका आधारहरू ।

परिच्छेद —३

अनुदानसम्बन्धी व्यवस्था

४. **वित्तीय समानीकरण अनुदानः** (१) प्रदेश सरकारले स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ ।

(२) प्रदेश सरकारले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्व समेतका आधारमा उपदफा (१) बमोजिम स्थानीय तहलाई बाँडफाँड हुने समानीकरण अनुदान रकम निर्धारण गर्नेछ ।

५. **सशर्त अनुदान** (१) प्रदेश सरकारले स्थानीय तह वा प्रदेश सरकारको कुनै योजना कार्यान्वयन गर्न संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) बमोजिम आयोगले तोकेको आधार बमोजिम स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सशर्त अनुदान प्रदान गरी प्रदेश सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्नेछ र सम्बन्धित स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्नेछ ।

६. **समपूरक अनुदानः** (१) प्रदेश सरकारले स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समपूरक अनुदान प्रदान गर्दा देहायका कुराहरूलाई आधार बनाइनेछः-

(क) योजनाको सम्भाव्यता;

(ख) योजनाको लागत;

(ग) योजनाबाट प्राप्त हुने प्रतिफल र लाभ;

(घ) योजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता र जनशक्ति, र

(ङ) योजनाको आवश्यकता र प्राथमिकता ।

(३) उपदफा (१) बमोजिमको समपूरक अनुदान कुनै योजनाको कूल लागतको अनुपातको आधारमा प्रदान गरिनेछ ।

(४) समपूरक अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था प्रदेश सरकारले निर्धारण गरेबमोजिम हुनेछ ।

७. **विशेष अनुदानः** (१) प्रदेश सरकारले देहायको कुनै उद्देश्य राखी स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजनाको लागि विशेष अनुदान प्रदान गर्न सक्नेछ-

(क) शिक्षा, स्वास्थ्य, खानेपानी, सामाजिक विकास, आवास, लैङ्गिक सशक्तीकरण जस्ता आधारभूत सेवाको विकास र आपूर्ति गर्ने,

(ख) अन्तर स्थानीय तहको सन्तुलित विकास गर्ने,

(ग) आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेद तथा वञ्चितीकरणमा परेका वर्ग वा समुदायको उत्थान र विकास गर्ने।

(२) विशेष अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था प्रदेश सरकारले निर्धारण गरेबमोजिम हुनेछ ।

परिच्छेद — ४
विविध

८. **अनुदानको प्रयोगः** यस ऐन बमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि प्रयोग गर्नुपर्नेछ । सोही प्रयोजनमा प्रयोग भएको नपाइएमा प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराउने अनुदान रोक्का गर्न सक्नेछ ।

९. **नियम तथा कार्यविधि बनाउन सक्नेः** यस ऐन कार्यान्वयनका लागि प्रदेश सरकारले नियम वा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

अनुसूची — १

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

राजस्व बाँडफाँड (प्रतिशतमा)

क्र.स.	राजस्व शीर्षक	प्रदेश	स्थानीय तह	कैफियत
१	सवारी साधन कर	६०	४०	
२	घरजग्गा रजिष्ट्रेशन शुल्क	४०	६०	
३	विज्ञापन कर	४०	६०	
४	मनोरञ्जन कर	४०	६०	

द्रष्टव्यः उल्लिखित करको दर आर्थिक ऐनमा तोकिनेछ ।

६. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का सान्दर्भिक दफाहरु :

११. गाउँपालिका तथा नगरपालिकाको अधिकारः (१) गाउँपालिका तथा नगरपालिकाको एकल अधिकार संविधानको अनुसूची-८ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

<u>घ. स्थानीय कर, सेवा शुल्क तथा दस्तुर</u>

(१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), मनोरञ्जन कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

(२) स्थानीय पूर्वाधार तथा सेवाको शुल्क निर्धारण, सङ्कलन र व्यवस्थापन,

(३) ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, ज्याफ्टिङ्ग, मोटरबोट, केवुलकार सेवा लगायत अन्य जल तथा स्थल क्षेत्रमा सञ्चालन हुने नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क,

(४) जडीबुटी, कवाडी र जीवजन्तु कर निर्धारण तथा सङ्कलन,

(५) स्थानीय राजस्वको आधार विस्तार तथा प्रवर्द्धन,

(६) ढुगां, गिट्टी, वालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुगां आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर संकलन

(७) सिफारिस, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क, दस्तुर निर्धारण र संकलन

(८) स्थानीय राजस्व प्रवर्द्धनका लागि प्रोत्साहन,

(९) राजस्व सूचना तथा तथ्याकंको आदान प्रदान,

(१०) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय तहमा राजस्व चुहावट नियन्त्रण सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

(११) स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

(१२) मालपोत सकंलन,

(१३) कर तथा सेवा शुल्क सम्बन्धी अन्य कार्य।

(३) गाँउपालिका तथा नगरपालिकाले संघ तथा प्रदेश सँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूचि ९ मा उल्लेख भए बमोजिम हुनेछ ।

(५) उपदफा (१) र (३) मा उल्लिखित अधिकारका अतिरिक्त गाउँपालिका तथा नगरपालिकाको अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

क. भूमि व्यवस्थापन

(१) संघीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीयस्तरको भू-उपयोग नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन,

(२) संघीय तथा प्रदेशको मापदण्डको अधीनमा रही व्यवस्थित बस्ती विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन, एकीकृत बस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन

(३) स्थानीय स्तरका अव्यवस्थित बसोबास व्यवस्थापन

ख. सञ्चार सेवा

(१) संघीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रशारणको अनुमति, नवीकरण र नियमन,

(२) स्थानीय क्षेत्रमा सूचना प्रविधिको विकास र प्रवर्द्धन,

१३. **<u>न्यूनतम दररेट निर्धारण गर्नेः</u>** (१) गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम श्रमिकको ज्यालादर निर्धारण गर्दा नेपाल सरकारले निर्धारण गरेको राष्ट्रिय न्यूनतम पारिश्रमिकभन्दा कम नहुने गरी तोक्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको दररेट प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै तोकी सक्नु पर्नेछ ।

२४. **<u>योजना बनाई कार्यान्वयन गर्नेः</u>** (१) गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम योजना बनाउदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद व्यवस्थापन, लैगिंक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ।

(३) गाउँपालिका तथा नगरपालिकाले उपदफा (१) बमोजिमको योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिनु पर्नेछः-

(क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,

(ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,

(ग) जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने,

(घ) स्थानीय बासिन्दाहरूको सहभागिता जुट्ने स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

(ङ) स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,

(च) महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

(छ) लैगिंक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,

(ज) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बद्धन गर्न सघाउ पुऱ्याउने,

(झ) भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने ।

(४) गाउँपालिका तथा नगरपालिकाले उपदफा (१) बमोजिम योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गर्नु पर्नेछ ।

(५) गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजीवि, विषय विज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसङ्ख्यक, अपागंता भएका व्यक्ति, जेष्ठ नागरिक लगायतका सरोकारवालाहरूको अधिकतम सहभागितामा गर्नु पर्नेछ ।

(६) गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नु पर्नेछ ।

(७) नेपाल सरकार तथा प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी सो कार्यान्वयन गर्न प्रक्रिया निर्धारण गरेकोमा गाउँपालिका तथा नगरपालिकाले सोही प्रक्रिया बमोजिम सो कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ ।

(८) गाउँपालिका तथा नगरपालिकाले नेपाल सरकार वा प्रदेश सरकारसँगको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा कुनै योजना सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ ।

(९) गाउँपालिका तथा नगरपालिकाले सङ्घीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्नु पर्नेछ ।

(१०) गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवश्यक अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनको कार्य गर्न सक्नेछ ।

५४. **<u>कानून बमोजिम बाहेक कर लगाउन, उठाउन वा ऋण लिन नपाउने:</u>** कानून बमोजिम बाहेक गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र कुनै कर लगाउन, उठाउन र ऋण लिन पाउने छैन ।

आर्थिक ऐन, २०७५ द्वारा स्थानीय सरकार सञ्चालन ऐन, २०७५ मा संशोधन तथा खारेज गरी कायम भएका विषय

(१) दफा ५५ को सट्टा देहायको दफा ५५ राखिएको छः

५५. सम्पत्ति करः (१) गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गामा सम्पत्ति कर लगाउने छ ।

स्पष्टीकरणः यस उपदफाको प्रयोजनको लागि "चर्चेको जग्गा" भन्नाले भवन र भवनले ओगटेको क्षेत्रफल बराबरको जग्गा वा पाँचहजार चारसय छहत्तर वर्गफिट जग्गामध्ये जुन घटी हुन्छ त्यसलाई सम्झनुपर्छ ।

(२) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउने भनी तोकेको घरजग्गा बाहेकका अन्य जग्गा भएमा दफा ५६ बमोजिम भूमि कर (मालपोत) लगाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउँदा देहायका विषयलाई आधार लिनु पर्नेछः

(क) घर र जग्गाको आकार, प्रकार र बनौट

(ख) घर र जग्गाको प्रचलित बजार मूल्य तथा घरको हकमा ह्रास मूल्य

(ग) घर र जग्गाको व्यापारिक आवासीय उपयोगको अवस्था

(२) दफा ५६ को सट्टा देहायको दफा ५६ राखिएको छः

५६. भूमि कर (मालपोत)ः गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्र भित्रको दफा ५५ बमोजिम सम्पत्ति कर लागेको घर जग्गा बाहेकको अन्य जग्गामा भूमि कर (मालपोत) लगाउने छ ।

(३) दफा ६४ खारेज गरिएको छ ।

८८. **कर्मचारीको तलबः** स्थानीय सेवाका कर्मचारीको शुरु तलब स्केल प्रदेश सरकारले तोके बमोजिम हुनेछ र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

९३. **जिल्ला सभाको बजेटः** (१) जिल्ला सभालाई आवश्यक पर्ने बजेट नेपाल सरकार तथा प्रदेश सरकारले उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त रकम र अन्य स्रोतबाट प्राप्त रकम जिल्ला सभाको कोषमा जम्मा गरिनेछ ।

(३) जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा उपदफा (१) बमोजिम प्राप्त हुने बजेटबाट व्यहोरिनेछ ।

९९. **विशेष संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सक्नेः** नेपाल सरकारले सामाजिक, सास्कृतिक संरक्षण वा आर्थिक विकासको लागि प्रदेश सरकारको परामर्शमा देहायको कुनै क्षेत्रलाई नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विशेष संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सक्नेछ ।

(क) कुनै एक वा एकभन्दा बढी जिल्ला,

(ख) कुनै एक वा एकभन्दा बढी गाँउपालिका वा नगरपालिका,

(ग) कुनै गाँउपालिका वा नगरपालिकाको कुनै एक वा एकभन्दा बढी वडा,

१०५. <u>प्रदेश समन्वय परिषद्</u>: (१) प्रदेश तथा स्थानीय तहले गर्ने काम कारबाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकारक्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट सम्बन्धी विषयमा प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न एक प्रदेश समन्वय परिषद् रहनेछ

(२) उपदफा (१) बमोजिमको परिषद्मा देहायका पदाधिकारीहरू रहनेछन्:–

(क) मुख्य मन्त्री	संयोजक
(ख) प्रदेश सरकारका मन्त्रीहरू	सदस्य
(ग) प्रदेशको मुख्य सचिव	सदस्य
(घ) प्रदेश सरकारका सचिवहरू	सदस्य
(ङ) प्रदेशभित्रका जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुख	सदस्य
(च) प्रदेशभित्रका गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुख	सदस्य
(छ) सचिव, प्रदेश सरकारको स्थानीय तह हेर्ने मन्त्रालय	सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समितिमा मन्त्रालयका पदाधिकारी तथा विज्ञलाई पर्यवेक्षकको रूपमा आमन्त्रण गर्न सकिनेछ ।

(४) उपदफा (२) बमोजिमको परिषद्को बैठक वर्षको कम्तीमा एक पटक बस्नेछ ।

(५) उपदफा (२) बमोजिमको परिषद्को बैठक सम्बन्धी कार्यविधि सो परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१०६. <u>सहयोग गर्नुपर्ने</u> (१) नेपाल सरकार तथा प्रदेश सरकारले गाउँपालिकाका वा नगरपालिकालाई देहायबमोजिम सहयोग गर्नुपर्नेछ:-

(क) गाउँपालिका तथा नगरपालिकाको वार्षिक योजना तथा बजेट तर्जुमा प्रक्रिया प्रारम्भ हुने समयअगावै संघीय सरकार र प्रदेश सरकारको बजेट सीमा र राष्ट्रिय तथा प्रदेशको प्राथमिकता, मापदण्डसहितको मार्गदर्शन उपलब्ध गराउने,

(घ) नेपाल सरकार तथा प्रदेश सरकारको अधिकार क्षेत्रभित्रका कुनै योजना गाउँपालिका वा नगरपालिकाबाट कार्यान्वयन गर्दा बढी प्रभावकारी हुने देखिएमा गाउँपालिका वा नगरपालिकाबाट कार्यान्वयन गर्ने, गराउने व्यवस्था मिलाइ सो योजनाको लागि छुट्याएको बजेट र अन्य स्रोत समेत त्यस्तो गाउँपालिका वा नगरपालिकालाई उपलब्ध गराइने ।

(२) नेपाल सरकार तथा प्रदेश सरकारले जिल्ला समन्वय समितिको अधिकार क्षेत्र सम्बन्धी विषयमा कार्य गर्न सो समितिलाई आवश्यक सहयोग गर्नुपर्नेछ ।

७. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ को सान्दर्भिक दफाहरुः

३. **आयोगको काम, कर्तव्य र अधिकारः** (१) संविधान तथा यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त आयोगको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) प्रदेश कानून बमोजिम प्रदेशले स्थानीय तहलाई दिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा प्रदेशलाई सिफारिस गर्ने,

(ख) प्रदेश कानून बमोजिम प्रदेशले स्थानीय तहलाई प्रदान गर्ने सशर्त अनुदानको आधार तयार गरी प्रदेशलाई सिफारिस गर्ने,

(ग) नेपाल सरकार, प्रदेश वा स्थानीय तहबीच राजस्वको बाँडफाँट सम्बन्धमा उठेको विवाद समाधान गर्न आवश्यक सहजीकरण र सहयोग गर्ने,

(घ) नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई दिने अनुदान सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(ङ) नेपाल सरकार तथा प्रदेशले राजस्व बाँडफाँटका सम्बन्धमा कुनै सुझाव माग गरेमा आवश्यक सुझाव दिने,

(च) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले लगाउने करका सम्बन्धमा नेपाल सरकार, प्रदेश वा स्थानीय तहले सुझाव माग गरेमा आवश्यक सुझाव दिने,

(छ) प्राकृतिक स्रोतको संरक्षण र उपयोगका विषयमा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहलाई आवश्यक सुझाव दिने ।

(२) आयोगले संविधान तथा यस ऐन बमोजिम सुझाव वा सिफारिस दिँदा वा ढाँचा तयार गर्दा प्रदेश तथा स्थानीय तहको कार्य सम्पादनलाई समेत आधार लिनेछ ।

१४ **प्राकृतिक स्रोतको परिचालन गर्दा लिइने आधारः** (१) आयोगले प्राकृतिक स्रोतको परिचालनमा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले गर्ने लगानीको हिस्सा देहायका आधारमा तय गरी नेपाल सरकारमा सिफारिस गर्नु पर्नेछ :–

(क) राजस्वको अवस्था र उठाउन सक्ने क्षमता,

(ख) लगानी गर्न सक्ने क्षमता,

(ग) प्राप्त गर्ने उपलब्धिको हिस्सा,

(घ) प्राप्त उपलब्धिको उपभोगको हिस्सा,

(ङ) पूर्वाधारको अवस्था र आवश्यकता,

(च) आर्थिक अवस्था र भौगोलिक बनोट ।

(२) आयोगले उपदफा (१) बमोजिम प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने प्रतिफलको हिस्सा देहायका आधारमा निर्धारण गरी नेपाल सरकारमा सिफारिस गर्नु पर्नेछ :–

(क) परिचालित प्राकृतिक स्रोतको अवस्थिति,

(ख) प्राकृतिक स्रोतको परिचालनबाट प्रभावित क्षेत्र,

(ग) परिचालित प्राकृतिक स्रोत उपरको निर्भरता,

(घ) प्रतिफलबाट लाभान्वित जनसङ्ख्या,

(ङ) प्राकृतिक स्रोतमा आश्रित जनसङ्ख्या,

(च) प्राकृतिक स्रोतको संरक्षण र दिगो व्यवस्थापनमा सहभागिता ।

१५ **राजस्वको बाँडफाँट गर्दा लिइने आधार** (१) आयोगले नेपाल सरकार, प्रदेश तथा स्थानीय तहबीच र प्रदेश तथा स्थानीय तहबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा देहायका आधारमा निर्धारण गरी नेपाल सरकारमा सिफारिस गर्नु पर्नेछ :–

(क) जनसङ्ख्या र जनसाङ्ख्यिक विवरण,

(ख) क्षेत्रफल,

(ग) मानव विकास सूचकाङ्क,

(घ) खर्चको आवश्यकता,

(ङ) राजस्व सङ्कलनमा गरेको प्रयास,

(च) पूर्वाधार विकास,

(छ) विशेष अवस्था।

(२) उपदफा (१) बमोजिम आयोगले निर्धारण गरेको विस्तृत आधार र ढाँचा पाँच वर्षको लागि मान्य हुनेछ र आयोगले प्रत्येक पाँच वर्षमा पुनरावलोकन गरी नेपाल सरकारमा सिफारिस गर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन लागू भएपछि पहिलो पटक उपदफा (१) बमोजिम निर्धारण गरेको विस्तृत आधार र ढाँचा विशेष कारणवश पाँच वर्ष अगावै पुनरावलोकन गर्न आवश्यक देखेमा नेपाल सरकारले आयोगलाई अनुरोध गर्न सक्नेछ । नेपाल सरकारले गरेको अनुरोध मनासिब देखिएमा आयोगले उपदफा (१) बमोजिम निर्धारित विस्तृत आधार र ढाँचामा पुनरावलोकन गरी नेपाल सरकारमा सिफारिस गर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम पहिलो पटक निर्धारण भएको विस्तृत आधार र ढाँचा पाँच वर्षमा एकभन्दा बढी पटक पुनरावलोकन हुन सक्ने छैन ।

१६ **अनुदान सिफारिस गर्दा लिइने आधार** (१) नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई र प्रदेशले स्थानीय तहलाई प्रचलित कानून बमोजिम उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानका सम्बन्धमा नेपाल सरकार तथा प्रदेशलाई सिफारिस गर्दा आयोगले देहायका आधार लिई गर्नु पर्नेछः-

(क) प्रदेश तथा स्थानीय तहमा रहेको शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता मानव विकास सूचकाङ्क,

(ख) अन्य प्रदेश वा स्थानीय तहको सन्तुलित विकासको अवस्था,

(ग) प्रदेश तथा स्थानीय तहमा रहेको आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारको विभेदको अवस्था,

(घ) प्रदेश तथा स्थानीय तहको पूर्वाधार विकासको अवस्था र आवश्यकता,

(ङ) प्रदेश तथा स्थानीय तहले जनतालाई पुऱ्याउनुपर्नेसेवा,

(च) प्रदेश तथा स्थानीय तहको राजस्वको अवस्था र उठाउन सक्ने क्षमता,

(छ) प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता ।

(२) नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई र प्रदेशले स्थानीय तहलाई प्रचलित कानून बमोजिम उपलब्ध गराउने सशर्त अनुदानका सम्बन्धमा नेपाल सरकार तथा प्रदेशलाई सिफारिस गर्दा आयोगले संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) र उपदफा (१) मा उल्लिखित विषयहरूलाई आधार लिई गर्नु पर्नेछ ।

(३) आयोगले उपदफा (१) बमोजिम वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा प्रत्येक प्रदेश र स्थानीय तहले प्राप्त गर्ने न्यूनतम अनुदान र उपदफा (१) बमोजिमका आधारहरू बमोजिम प्रत्येक प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय समानीकरण अनुदान सिफारिस गर्नेछ ।

कर्णाली प्रदेश कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५

४. **कर तथा गैरकर राजस्व सम्बन्धी सामान्य सिद्धान्त :** (१) कर राजस्व देहायका सिद्धान्तलाई आधार लिई लगाइने र उठाइनेछ :–

(क) कर तिर्न सक्ने क्षमताका आधारमा;

(ख) समानता र न्यायमा आधारित रहेर;

(ग) सरल, पारदर्शी र मितव्ययी हुने गरेर;

(घ) नागरिकलाई सुविधा हुने किसिमबाट;

(ङ) स्वेच्छिक रूपमा कर तिर्न प्रेरित हुने वातावरण सृजना गरेर र

(च) करको आधार, करको दर र कर तिर्ने अवधि निश्चित गरेर।

(२) गैरकर राजस्व लगाउँदा र उठाउँदा उपलब्ध गराइने सेवा, सहुलियत र सुविधाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी लगाइने र उठाइनेछ।

१०. **घरजग्गा रजिष्ट्रेशन शुल्कः** (१) **कर्णाली** प्रदेश सरकारले आफ्नो क्षेत्रभित्र घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क लगाउन सक्नेछ।

(२) प्रदेश सरकारले अफ्नो क्षेत्रभित्र घर, जग्गा वा घरजग्गा रजिष्ट्रेशन पारित गरी गराई स्वामित्व प्राप्त गर्ने व्यक्तिलाई रजिष्ट्रेशन शुल्क लगाउनुपर्नेछ।

(३) घर, जग्गा वा घरजग्गा रजिष्ट्रेशन शुल्क स्वामित्व हस्तान्तरण गर्दाको समयमा बुझाउनु पर्नेछ।

(४) घर, जग्गा वा घरजग्गा रजिष्ट्रेशन शुल्क प्रत्येक कारोबारको लिखतमा उल्लेख भएको थैली वा सो प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम रकममध्ये जुन बढी हुन्छ सो रकममा लगाउनुपर्नेछ ।

(५) रजिष्ट्रेशन शुल्कको दर कर्णाली प्रदेशको आर्थिक ऐनमा व्यवस्था भएबमोजिम हुनेछ।

(६) घर, जग्गा वा घरजग्गाको स्वामित्व प्राप्त गर्ने व्यक्ति अपाङ्ग वा महिला भएमा उपदफा (५) बमोजिम लाग्ने शुल्कमा पच्चिस प्रतिशत रकम छुट हुनेछ।

(७) प्रदेश सरकारले उपदफा (१) बमोजिम लगाइएको घर जग्गा रजिष्ट्रेशन शुल्क स्थानीय तहमार्फत उठाउने व्यवस्था गर्नेछ ।

(८) उपदफा (७) बमोजिम उठाएको प्रदेशको घर जग्गा रजिष्ट्रेशन शुल्क कर्णाली प्रदेशको आर्थिक ऐनले तोकेबमोजिम गरी सम्बन्धित कोषमा जम्मा गर्नुपर्नेछ।

(९) संघीय, प्रदेश र स्थानीय सरकार तथा सरकारी निकायलाई रजिष्ट्रेशन शुल्क लाग्ने छैन।

११. **सवारी साधन करः** (१) कर्णाली प्रदेश सरकारले सवारी साधन कर लगाउन र उठाउन सक्नेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "सवारी साधन" भन्नाले इन्धन वा यान्त्रिक शक्तिबाट सडकमा चल्ने सवारी साधन सम्झनुपर्छ।

(२) उपदफा (१) बमोजिम सवारी साधन कर लगाउँदा सवारी साधनको प्रकृति र क्षमताका आधारमा समान प्रकृतिका सवारी साधनलाई समान दर कायम हुने गरी लगाइनेछ।

(३) सवारी साधन धनीले यस दफाबमोजिमको कर प्रदेश कर कार्यालयमा वा तोकिएको निकायमा बुझाउनु पर्नेछ।

(४) प्रदेशले सवारी साधन कर उठाउँदा स्थानीय तहको लागि तोकिएको सवारी साधन करसमेत असूल गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिम असूल भएको प्रदेशको सवारी साधन कर कर्णाली प्रदेश विभाज्य कोषमा जम्मा गरिनेछ ।स्थानीय तहको सवारी साधन कर रकमको हकमा बढीमा दुई प्रतिशतले हुने प्रशासनिक खर्च कट्टा गरी बाँकी राजस्व प्रदेश सरकारले कार्यविधि बनाई स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

१२. **<u>मनोरञ्जन कर</u>**: (१) कर्णाली प्रदेश सरकारले चलचित्र घर, भिडियो घर, सांस्कृतिक प्रदर्शन हल, कन्सर्टजस्ता मनोरञ्जनस्थलमा देखाइने मनोरञ्जनका साधनमा मनोरञ्जन कर लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम लगाइएको मनोरञ्जन कर मनोरञ्जन स्थलको सञ्चालकले टिकट बिक्री गर्दाको अवस्थामा असुल गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम उपभोक्ताबाट असूल गरेको मनोरञ्जन करको रकम असूल गरेको महिनाभन्दा पछिको महिनाको पच्चिस गतेभित्र तोकिएको कर कार्यालयमा दाखिला गर्नुर्पर्नेछ।

(४) प्रदेशले यस दफा बमोजिमको मनोरञ्जन कर स्थानीय तहमार्फत उठाउने व्यवस्था गर्नेछ ।

(५) उपदफा (४) बमोजिम असुल भएको मनोरञ्जन करको रकममध्ये बढीमा दुई प्रतिशतले हुने प्रशासनिक खर्च कट्टा गरी बाँकी राजस्व स्थानीय तहले प्रदेश सरकारको वित्तीय हस्तान्तरण कार्यविधिअनुसार प्रदेश बाँडफाँड कोषमा जम्मा गर्नुपर्नेछ ।

१३. **<u>विज्ञापन कर</u>** : (१) कर्णाली प्रदेश सरकारले सूचनापट्ट (होर्डिङ बोर्ड) मा विज्ञापन कर लगाई असुल गर्न सक्नेछ।

(२) यस दफा बमोजिमको विज्ञापन सामग्री राख्न प्रदेश सरकारबाट अनुमति लिनुपर्नेछ।

(३) विज्ञापन कर विज्ञापन राख्न अनुमतिका लागि निवेदन दिनेबाट असूल गरिनेछ।

(४) यस ऐनबमोजिम असूल गरेको विज्ञापन करको रकम असूल गरेको महिनाभन्दा पछिको महिनाको पच्चीस गतेभित्र प्रदेश कर कार्यालय वा तोकिएको निकायमा दाखिला गर्नुपर्नेछ ।

(५) उपदफा (२) बमोजिमको अनुमतिपत्र दिँदा सर्वसाधारण जनताको हितसम्बन्धी अन्य कुराका अतिरिक्त विज्ञापन राख्न पाउने अवधि, नवीकरण गर्नुपर्ने समय, नवीकरण नगरेमा लाग्ने शुल्क, सौन्दर्य बिगार्न नहुने कुरा, सामग्रीको भाषिक शुद्धता र शालीनताजस्ता शर्त किटान गरिएको हुनुपर्नेछ।

(६) कुनै कम्पनी, फर्म, एजेन्सी, संस्था वा व्यक्तिले अरू कसैले प्रायोजन गरेको सूचनापट्ट (होर्डिङ बोर्ड) राखेमा यस दफाबमोजिमको विज्ञापन कर सम्बन्धित प्रायोजकबाट असूल गरी तोकिएको कार्यालयमा दाखिला गर्नुपर्नेछ।

(७) नेपाल सरकार वा प्रदेश सरकार वा सरकारी संस्थाका जग्गा वा सम्पत्ति (पोल आदि)मा विज्ञापन सामग्री राखेमा कर उठाउनु अघि कर कार्यालयले सो निकायसँग समन्वय गरी कर असूल गर्नुपर्नेछ ।

(८) व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको कर छुट वा मिनाहा हुन सक्ने छैन।

(९) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारका तर्फबाट राखेका विज्ञापनमा कर लाग्ने छैन।

(१०) यस दफा बमोजिमको विज्ञापन कर प्रदेशले स्थानीय तहमार्फत सङ्कलन गराउन सक्नेछ ।

(११) उपदफा (१०) बमोजिम सङ्कलन भएको प्रदेशको विज्ञापन करमध्येबाट बढीमा दुई प्रतिशतले हुने प्रशासनिक खर्च कट्टा गरी बाँकी राजस्व स्थानीय तहले कर्णाली प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्नेछ ।

१४. **कृषि आयमा कर लाग्ने**: (१) कृषियोग्य जमिनलाई कृषि कार्यमा उपयोग नगरी बाँझो राखेमा अनुमानित आय कायम गरी कर लगाउन सकिनेछ ।

(क) कर अधिकृतले मागेको सूचना तथा तथ्याङ्क समयमा उपलब्ध गराउने र

(ख) कर कार्यालयलाई आवश्यक सहयोग गर्ने।

२१. **कर दाखिला गर्नुपर्ने :** (१) यस ऐनबमोजिम दाखिला गर्नुपर्ने कर ऐनको परिच्छेद ४ मा उल्लेख गरिएकोमा सोही समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्षको आश्विन मसान्तभित्र कर कार्यालयमा दाखिला गर्नुपर्नेछ।

(२) यस ऐनबमोजिम अग्रीम कर कट्टी गरी दाखिला गर्नुपर्ने कर कट्टी भएको महिनापछिको महिनाको पच्चिस गते भित्र कर कार्यालयमा दाखिला गर्नुपर्नेछ।

४०. **सेवा शुल्क तथा दस्तुर** कर्णाली प्रदेश सरकारले संविधानको अनुसूची-६ बमोजिमका क्षेत्र र विषयमा आफूले पुऱ्याएको सेवावापत सेवा शुल्क तथा दस्तुर लगाई उठाउन सक्नेछ।

४१. **पर्यटन शुल्क:** (१) कर्णाली प्रदेश सरकारले आफैं निर्माण गरे गराएको वा अधिकार क्षेत्रभित्र रहेको पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा पर्यटन शुल्क लगाई उठाउन सक्नेछ। पर्यटकीय क्षेत्रमा उपलब्ध गराएको सेवाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी पर्यटन शुल्क लगाउनुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशले अफ्नो क्षेत्रभित्र पर्यटक प्रवेश गरेको आधारमा पर्यटन शुल्क लगाउने छैन ।

४२. **अन्य शुल्क लगाउन सक्ने:** (१) प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रको विषय र क्षेत्रमा शुल्क लगाई उठाउन सक्नेछ।

(२) प्रदेश सरकारले संविधान र अन्य प्रचलित कानूनको विपरीत नहुने गरी आफूले प्रदान गरेको सेवा, सुविधा र व्यवस्थापन गरेका थप वा नयाँ क्षेत्र वा विषयमा शुल्क लगाउन सक्नेछ।

(३) यस परिच्छेदबमोजिम सेवा शुल्क तथा दस्तुर लगाउने वा त्यसको दरमा हेरफेर गर्ने निर्णयको विवरण प्रदेश सरकारले प्रदेश सभाको बैठक चलेको समयमा भए सात दिनभित्र र त्यस्तो बैठक नचलेको समयमा भए त्यसपछि बस्ने सभाको पहिलो बैठक भएको मितिले सात दिनभित्र त्यस्तो निर्णयको विवरण पेश गर्नुपर्नेछ।

४३. **छुट वा मिनाहा:** (१) प्रदेश सरकारले खास अवस्थामा यस ऐनबमोजिम लाग्ने गैरकर राजश्वमा आधार र कारण खुलाई आंशिक वा पूर्णरूपमा छुट दिन वा मिनाहा गर्न सक्नेछ। यसरी छुट दिँदा समान अवस्थाका सबै करदातालाई समान व्यवहार गर्नुपर्नेछ।

(२) नेपाल सरकार वा स्थानीय सरकारले कुनै परियोजना वा विकास कार्यका लागि खास सामग्री, कारोवारमा कर नलाग्ने व्यवस्था गरेकोमा प्रदेश सरकारले तत्तत् सरकारसँग समन्वय गरी कर छुटसम्बन्धी सो व्यवस्थाको पालना गर्ने गराउनेछ।

(३) उपदफा (१) बमोजिम गैरकर राजश्वमा छुट वा मिनाहा दिएको विवरण सभाको बैठक चलेको समयमा सभामा र सभाको बैठक नचलेको समयमा त्यसपछि बस्ने सभाको पहिलो बैठकमा पेश गर्नुपर्नेछ ।

४४. **नेपाल सरकारसँग समन्वय :** (१) प्रदेश सरकारले संघीय कानून वा यस ऐनबमोजिम असूल उपर गर्नुपर्ने कर वा गैरकर राजश्व असूल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन स्थानीय सरकार वा स्थानीय सरकारले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) प्रदेश सरकारले संविधानको साझा सूचीमा रहेका बिषयसँग सम्बन्धित कर वा गैरकर राजश्वका आधार र दर वा कर प्रशासनका सम्बन्धमा नेपाल सरकारसँग समन्वय गर्न सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्थाअन्तर्गत समन्वय गरी टुङ्गोमा पुगिएका बिषयहरू यस ऐनमा परे सरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोही अनुसार कार्यान्वयन गर्नुपर्नेछ।

४५. **स्थानीय सरकारसँग समन्वय:** (१) प्रदेश सरकारले प्रदेश कानून वा यस ऐनबमोजिम असूल उपर गर्नुपर्ने कर वा गैरकर राजश्व असूल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन प्रदेश सरकारले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) प्रदेश सरकारले संविधानको साझा सूचीमा रहेका बिषयसँग सम्बन्धित कर वा गैर कर राजश्वका आधार वा दर वा कर प्रशासनका सम्बन्धमा स्थानीय सरकारसँग समन्वय गर्न सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्थाअन्तर्गत समन्वय गरिएका बिषयहरू यस ऐनमा परे सरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोहीअनुसार कार्यान्वयन गर्नुपर्नेछ।

४६. **केन्द्रीय बैंकसँग समन्वयः** प्रदेश सरकारले कर र गैरकर राजश्व सङ्कलनका सम्बन्धमा नेपाल राष्ट्र बैंकसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

४७. **अन्य निकाय, कार्यालय र संस्थासँग समन्वयः** प्रदेश सरकार वा सोको कुनै अधिकृतले कर तथा गैरकर राजश्वसँग सम्बन्धित विषयमा नेपाल सरकार र स्थानीय सरकारअन्तर्गतका सरकारी निकाय, बैंक वा संस्थासँग समन्वय गर्न सक्नेछ।

४८. **राजस्वसम्बन्धी नयाँ प्रस्तावः** प्रदेश सरकारले कर तथा गैरकरसम्वन्धी नयाँ कर प्रस्ताव तयार गर्दा सरोकारवालासँग परामर्श गर्नुपर्नेछ।

४९. **सूचना सार्वजनिक गर्नुपर्ने** (१) यस कानूनबमोजिम प्रदेश सरकारले लगाएको कर र गैरकर राजश्व उठाउने कार्यालयको प्रमुखले सो कर र राजश्वका दर र त्यसमा भएको हेरफेरसम्बन्धी सूचना सर्वसाधारणको लागि सार्वजनिक गर्नुपर्नेछ।

(२) प्रदेश सरकारले उपदफा (१) बमोजिमका कर, राजश्वका दर र त्यसमा भएको हेरफेरसमेत मिलाई प्रदेश सरकारको वेबसाइटमा राख्ने व्यवस्था मिलाउनुपर्नेछ।

(३) प्रदेश सरकारले कर र राजश्वका दर र हेरफेरसम्बन्धी विवरण केन्द्रीय सूचना प्रणालीमा समेत राख्ने प्रयोजनका लागि नेपाल सरकार अर्थ मन्त्रालय वा सो मन्त्रालयले तोकेको कार्यालयलाई उपलब्ध गराउनुपर्नेछ।

५०. **विद्युतीय माध्यमको प्रयोग गर्न सक्नेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले विद्युतीय माध्यम(अनलाइन)बाट करदातालाई सूचना दिने, करदाताले आफ्नो विवरण र प्रमाण पेश गर्ने, कर लगायतको तिर्नु बुझाउनुपर्ने रकम दाखिला गर्ने एवम् कर वा त्यस्तो रकम बुझाएको रसिद दिने लगायतका करसम्बन्धी अन्य काम कारवाही गर्न सकिने व्यवस्था गर्न सक्नेछ।

५१. **ठेक्कामा लगाउन नपाइनेः** प्रदेश सरकारले आफूले असूल गर्नुपर्ने कुनै कर वा राजस्व ठेक्का लगाई उठाउन पाइने छैन।तर प्रचलित कानूनबमोजिम स्थानीय सरकारसँग समन्वय गरी कर उठाउन रोक लगाएको मानिने छैन ।

५२. **कागजातको ढाँचाः** (१) यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले निर्देशिका, दिग्दर्शन, फाराम, ढाँचा, तरिका तोक्ने गरी सूचना जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका निर्देशिका, दिग्दर्शन, फाराम, ढाँचा, तरिका आदि सर्वसाधारणको जानकारीको लागि प्रदेश सरकारको सूचनापाटी, वेबसाइट र पत्रपत्रिकाको माध्यमबाट उपलब्ध गराउनुपर्नेछ ।

कर्णाली प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ का सान्दर्भिक दफाहरु

३. **समपूरक अनुदान प्रदान गरिनेः** प्रदेश सरकारले प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन गरिने देहायका भौतिक पूर्वाधार विकास सम्बन्धी योजनाको लागि समपूरक अनुदान प्रदान गर्न सक्नेछः

(क) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक जस्ता पूर्वाधारसँग सम्बन्धित योजना,

(ख) उत्पादन वृद्धिमा सहयोग पुर्याउने स्थानीय स्तरमा सञ्चालन गरिने सिंचाई सम्बन्धी योजना,

(ग) स्थानीय तटबन्ध, नदी नियन्त्रण तथा पहिरो नियन्त्रण सम्बन्धी योजना,

(घ) स्थानीय तहबाट कार्यान्वयन हुने विद्युत उत्पादन तथा प्रसारण एवं वैकल्पिक उर्जा सम्बन्धी योजना,

(ङ) स्थानीय तहबाट सञ्चालन गरिने पुल तथा झोलुङ्गे पुल सम्बन्धी योजना,

(च) खानेपानी आयोजना सम्बन्धी स्थानीय पूर्वाधार,

(छ) स्थानीय तहमा रहेका सरकारी विद्यालय, सामुदायिक भवन, सभा गृह तथा अन्य सार्वजनिक भवन निर्माणमा टेवा पुग्ने योजना,

(ज) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारीमा आधारित जनताको आय आर्जनमा उल्लेख्य योगदान पुग्ने पूर्वाधार विकास सम्बन्धी योजना,

(झ) जनस्वास्थ्यसँग प्रत्यक्ष सरोकार रहेका अस्पताल निर्माण एवं अत्यावश्यक पूर्वाधार विकास सम्बन्धी योजना,

(ञ) सूचना प्रविधि तथा खेलकुद क्षेत्रका पूर्वाधार विकास सम्बन्धी योजना,

(ट) ग्रामीण क्षेत्रमा एकिकृत बस्ती विकास, बैकल्पिक उर्जा तथा सहरी विकास सम्बन्धी योजना,

(ठ) स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण, जैविक विविधता, फोहरमैला व्यवस्थापन र ढल निकास सम्बन्धी योजना,

(ड) स्थानीय तहले उपयुक्त ठानेका पूर्वाधार सम्बन्धी विकास आयोजना तथा परियोजनाहरु ।

४. **समपूरक अनुदान माग गर्ने विधिः** (१) स्थानीय तहले आगामी आर्थिक वर्षको लागि समपूरक अनुदान माग गर्दा स्थानीय तह आफैले गर्ने वा गैर सरकारी क्षेत्र (निजी क्षेत्र, सहकारी, गैर सरकारी संस्था आदि) सँगको साझेदारीमा योजना कार्यान्वयन गर्ने सो कुराको एकिन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुदान माग गर्दा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहले अन्य स्रोतबाट कार्यान्वयन गर्ने योजना र हाल सञ्चालनमा रहेका योजनासँग दोहोरो नपर्ने गरी अनुसूची १ बमोजिमको ढाँचामा चालु आर्थिक वर्षको फाल्गुण मसान्त भित्र माग गरिसक्नु पर्नेछ । माग भएका योजनाको छनौट कार्य चैत्र मसान्तभित्र सम्पन्न गरिसक्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम योजना माग गर्दा अनुसूची २ बमोजिम मध्यकालीन खर्च संरचना समावेश गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम अनुदान माग गर्दा स्थानीय तहले व्यहोर्ने अंश, प्रदेश सरकारले व्यहोर्ने अंश तथा अन्य स्रोत जस्तैः निजी क्षेत्र, लाभान्वित क्षेत्र, सहकारी, वित्तीय संस्था, व्यक्तिको फर्म वा कम्पनी, विभिन्न व्यक्ति, संगठित संस्था र अन्य क्षेत्रबाट प्राप्त हुन सक्ने नगद तथा वस्तुगत अनुदान सम्बन्धित क्षेत्रमा रहेका गैर सरकारी संस्थाबाट प्राप्त हुने चन्दा तथा सहयोग,

वैदेशिक अनुदान लगायतबाट व्यहोरिने अंश भए सो समेत कूल लागतको अनुपात निर्धारण गरी माग गर्नु पर्नेछ ।

५. **समपूरक अनुदान प्रदान गर्ने विधिः** (१) प्रदेश सरकारले व्यहोर्ने अंश सम्बन्धमा आयोजनाको प्रकृति, आवश्यकता, प्राथमिकता, सम्भाव्य उपलब्धि, दिगोपना लगायतका आधारमा कूल लागतको तीस प्रतिशतदेखि बढीमा सत्तरी प्रतिशतसम्मको समपूरक अनुदान अनुसूची ३ बमोजिम प्रदान गर्न सक्नेछ ।

(२) सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार निजी क्षेत्र आकर्षित हुने विकास निर्माणका क्षेत्रहरुमा निजी क्षेत्र वा स्थानीय तह बीचको सहमतिमा योजना तथा कार्यक्रमको कूल लागतको केही अंश निजी क्षेत्रले व्यहोर्ने र केही अंश स्थानीय तहले व्यहोर्ने र नपुग अंश प्रदेश सरकारले समपूरक अनुदानको रुपमा प्रदान गर्न सक्नेछ ।

(३) स्थानीय तहमा समपूरक अनुदान प्रदान गर्दा समपूरक अनुदानको लागि विनियोजित वार्षिक बजेटको सीमाभित्र रही प्रदान गर्नु पर्नेछ ।

(४) समपूरक अनुदान योजना कार्यान्वयनको कार्य प्रगतिको आधारमा चौमासिक रुपमा उपलब्ध गराउनु पर्नेछ ।

६. **समपूरक अनुदान प्रदान नहुने** (१) दफा ३ मा जुनसुकै कुरा लेखेको भए तापनि देहायका प्रकृतिका योजनाका लागि समपूरक अनुदान उपलब्ध गराइने छैन :

(क) राजनीतिक दल विशेष तथा धार्मिक उद्देश्य परिपूर्ति हुने प्रकृतिका योजना,

(ख) तलब, भत्ता, मसलन्द लगायतका साधारण खर्च तथा ऋण भूक्तानीका योजना,

(ग) सीमित वर्ग, व्यक्तिगत तथा पारिवारिक रुपमा मात्र फाइदा पुग्ने प्रकृतिका योजना,

(घ) राष्ट्रिय एकता, धार्मिक, सांस्कृतिक तथा सामाजिक सदभावमा खलल् पुग्ने प्रकृतिका योजना,

(ङ) घाटा बजेट पूर्ति गर्ने योजना,

(च) वातावरण संरक्षणमा प्रतिकूल प्रभाव पार्ने खालको योजना,

(छ) अन्य अनुदान तथा स्रोतबाट संचालनमा रहेका योजना र दोहोरो पर्ने गरी माग भएका योजना,

(ज) कूल लागत रु ४० लाख भन्दा कमका योजना ।

(२) प्रदेश सरकारबाट स्थानीय तहमा समपूरक अनुदान प्रदान गर्दा वार्षिक बजेटमा समपूरक अनुदान वापत छुट्याइएको बजेट सीमा भित्र रहेर अनुदान प्रदान गरिनेछ ।

७. **आवधिक योजनामा समावेश गर्नु पर्ने** (१) स्थानीय तहले समपूरक अनुदानको माध्यमबाट कार्यान्वयन गर्ने योजना तथा कार्यक्रमलाई आवधिक योजनामा समावेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुन्सुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि प्रारम्भ भएको मितिले १ वर्षसम्म यो प्रावधान अनिवार्य हुने छैन ।

८. **योजना तथा कार्यक्रम छनौट समितिः** (१) स्थानीय तहले पेश गरेका योजना तथा कार्यक्रमको छनौट गर्न मन्त्रालयमा देहाय बमोजिमको समिति रहनेछः

(क) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय — संयोजक

(ख) महाशाखा प्रमुख, (योजना तथा कार्यक्रम)
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — सदस्य

(ग) प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रक कार्यालय — सदस्य

(घ) महाशाखा प्रमुख, योजना तथा कार्यक्रम (सम्बन्धित विषयगत मन्त्रालय) — सदस्य

(ङ) महाशाखा प्रमुख, बजेट तथा कार्यक्रम महाशाखा
आर्थिक मामिला तथा योजना मन्त्रालय — सदस्य-सचिव

(२) आवश्यकता अनुसार समितिले विज्ञ सदस्यलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम योजना तथा कार्यक्रम छनौट गर्दा संघ, प्रदेश र स्थानीय तहको अन्य स्रोतबाट सञ्चालित योजना तथा कार्यक्रमसँग दोहोरो नपर्ने गरी देहायका आधारमा योजना छनौट गर्नु पर्नेछः

(क) योजनाको सम्भाव्यता, कूल लागत, योजना कार्यान्वयन पश्चात हुने उपलब्धि, योजना कार्यान्वयनका लागि आवश्यक भौतिक क्षमता तथा जनशक्तिको उपलब्धता ।

(ख) सम्बन्धित स्थानीय तहको जनसंख्या, क्षेत्रफल, मानव विकास सूचकाङ्क र सो क्षेत्रको पूर्वाधार विकासको अवस्था ।

(ग) स्थानीय तहको योगदानको हिस्सा धेरै भएको योजना ।

(घ) स्थानीय स्रोत, साधन र मौलिक सीपको अधिकतम उपयोग हुने योजना ।

(ङ) निजी क्षेत्रसँगको सहकार्यमा कार्यान्वयन गरिने भए त्यस्तो सहकार्य दिगो र भरपर्दो देखिएको योजना ।

(च) रोजगार वृद्धि गर्ने योजना ।

(छ) जनताको आयस्तर वृद्धि गरी गरिबी निवारणमा योगदान गर्ने योजना ।

(ज) स्थानीय तहको आधारभूत पूर्वाधार निर्माणसँग सम्बन्धित योजना ।

(४) योजना छनौट गर्दा योजनाको कूल लागतमा प्रदेश वा स्थानीय तह र अन्य स्रोतबाट व्यहोरिने लागतको अनुपात विवरणको विश्लेषण गरी लागत सहभागिता समेतलाई आधार लिनुपर्नेछ ।

(५) आर्थिक वर्ष २०७५।०७६ को हकमा चालु आर्थिक वर्षको पौष मसान्त भित्र मन्त्रालय समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ । मन्त्रालयले यस उपदफा बमोजिमको योजना छनौटको कार्य माघ मसान्त भित्र गरिसक्नु पर्नेछ ।

(६) समितिले बैठक सञ्चालन र कार्य सम्पादन गर्ने सन्दर्भमा आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

९. **सम्झौता गर्नुपर्ने:** (१) दफा ८ बमोजिमको समितिबाट छनौट भएका योजनाहरु मन्त्रालय र सम्बन्धित स्थानीय तह बीच सम्झौता गरी प्रत्येक आर्थिक वर्षमा हस्तान्तरण गरिने रकमलाई तीन किस्तामा विभाजन गरी प्रथम, द्वितीय र तृतीय चौमासिकमा भुक्तानी हुने शर्त तोक्नु पर्नेछ । प्रथम किस्ता रकम योजना तथा कार्यक्रम सञ्चालन गर्न प्रक्रिया पुगी सम्झौता गरिसकेपछि मन्त्रालयले प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत हस्तान्तरण गर्नु पर्नेछ भने दोस्रो किस्ता रकम प्रथम किस्ताको कामको भौतिक तथा वित्तीय प्रगति खुल्ने प्रतिवेदन र दोस्रो तथा तेस्रो किस्ता दोस्रो तथा तेस्रो चौमासिकमा काम हुने कुराको प्रत्याभूति सहितको पत्र प्राप्त भएपछि हस्तान्तरण हुने तथा

आयोजना सम्पन्न हुने आर्थिक वर्षको हकमा अन्तिम किस्ता हस्तान्तरण गर्दा कार्य सम्पन्न प्रतिवेदन पेश गरेपछि हस्तान्तरण हुने कुरा समेत सम्झौताका शर्तमा समावेश गर्नु पर्नेछ ।

(२) आयोजना सम्पन्न भएको एक वर्ष भित्रको अवधिमा बिग्री, भत्की त्यसको गुणस्तरमा ह्रास आएको खण्डमा सम्बन्धित निर्माण व्यवसायीले नै मर्मत सम्भार लागत व्यहोर्ने गरी ठेक्का सम्झौताको शर्तमा उल्लेख गर्नु पर्नेछ।

१०. **अनुदान रकम खर्च गर्ने विधि र प्रक्रिया**ः स्थानीय तहले समपूरक अनुदान वापत प्राप्त रकम खर्च गर्दा देहाय अनुसार गर्नु पर्नेछः

(क) जुन योजना तथा कार्यक्रमको लागि प्रदान भएको हो सोही योजना वा कार्यक्रममा मात्र खर्च गर्नु पर्नेछ ।

(ख) बजेट तथा कार्यक्रममा समावेश गरेर मात्र खर्च गर्नु पर्नेछ ।

(ग) उपभोक्ता समिति मार्फत खर्च गर्न पाईने छैन ।

(घ) प्रचलित आर्थिक कार्यविधि ऐन नियम तथा सार्वजनिक खरिद ऐनमा भएको व्यवस्थाहरुको पूर्ण पालना गर्नु पर्नेछ ।

(ङ) प्राप्त रकम अन्यत्र खर्च शीर्षकहरुमा रकमान्तर गर्न पाइने छैन ।

(च) तलब भत्ता, मर्मत संभार, मसलन्द लगायतका प्रशासनिक खर्च, परामर्श सेवा आदिमा खर्च पाइने छैन ।

(छ) आयोजना एवं कार्यक्रम सम्पन्न गर्नु पर्ने तोकिएको समयावधि भित्र खर्च गरिसक्नु पर्नेछ ।

(ज) प्रचलित कानून बमोजिम समयमै आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने दायित्व योजना कार्यान्वयन गर्ने निकायको हुनेछ ।

११. **रकम कट्टा गरिनेः** (१) समपूरक अनुदानबाट संचालनमा रहेका योजना तथा कार्यक्रमहरुबाट सो योजना लक्षित उद्देश्य अनुरुप कार्यक्रम सञ्चालन हुन नसकेमा प्रदेश सरकारले त्यस्तो अनुदान वापत उपलब्ध गराएको रकम आगामी आर्थिक वर्षहरुमा प्रदान गरिने वित्तीय समानीकरण अनुदान रकमबाट कट्टा गर्नेछ ।

(२) चालु आर्थिक वर्षमा कुनै मनासिव कारणले अनुदान रकम खर्च हुन नसकेमा मन्त्रालयको स्वीकृति लिई सो रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा दाखिला गरी बहुवर्षीय योजना तथा कार्यक्रमको अवधिभित्र अर्को आर्थिक वर्षमा खर्च गर्न पाइनेछ ।

१२. **समपूरक अनुदान रोक्का हुन सक्नेः** (१) संचालित योजना तथा कार्यक्रमहरुको स्थानीय तहले दफा १५ बमोजिम अनुगमन वा दफा १६ बमोजिम प्रतिवेदन नगरेमा, तोकिएको समय भित्र कार्य सम्पन्न नगरेमा र सम्पन्न भएको कार्यको गुणस्तर राम्रो नभएमा मन्त्रालयले आगामी किस्ताको अनुदान रकम रोक्का राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रोक्का राखेकोमा मन्त्रालयले माग गरेको अवधि भित्र सम्बन्धित स्थानीय तहले आवश्यक विवरणहरु पेश गरेमा, मन्त्रालयले तोकेको समयमा कार्य सम्पन्न गरेमा र कामको गुणस्तरमा आवश्यक सुधार गर्ने प्रत्याभूतिदिएमा मन्त्रालयले उपदफा (१) बमोजिम राखेको रोक्का फुकुवा गर्न सक्नेछ ।

१३. **योजनाको संचालन र कार्यान्वयनः** (१) योजना तथा कार्यक्रम संचालन गर्दा प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली कायम हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) योजना तथा कार्यक्रमको ठेक्का प्रकृया पारदर्शी र प्रतिस्पर्धात्मक रुपमा गर्नको लागि सम्भव भए सम्म ई-विडिङबाट गर्नु पर्नेछ । साठी लाख रुपैयाँ भन्दा बढी रकमको योजनाको हकमा ठेक्का प्रक्रिया अनिवार्य रुपमा ई-बिडिङबाट नै गर्नु पर्नेछ । बील भूक्तानी गर्दा सम्बन्धित व्यक्ति तथा संस्थाको खातामा जम्मा हुने गरी बैङ्किङ प्रणालीको प्रयोग गर्नु पर्नेछ ।

(३) योजना तथा कार्यक्रम संचालन गर्दा कामको गुणस्तरमा विशेष ध्यान पुर्याउनुपर्नेछ । सोको लागि सम्पन्न कामको नतिजा तथा उपलब्धि सार्वजनिक गर्ने, नागरिक समाज एवं लाभान्वित वर्ग र समुदायको अनिवार्य संलग्नतामा सामाजिक परीक्षण गर्नु पर्नेछ ।

(४) योजना तथा कार्यक्रम सञ्चालन गर्नका लागि छनौट भएको निर्माण व्यवसायी वा आपूर्तिकर्ता वा सञ्चालनकर्ताले सम्झौतामा उल्लिखित शर्तहरु बमोजिमका कार्यहरु सम्पन्न नगरेमा वा सम्झौताका शर्तहरु उल्लघंन गरेको देखिएमा निजलाई कालोसूचीमा राखी पुनः यस्ता योजना तथा कार्यक्रम सञ्चालनमा ३ वर्षसम्म सहभागी हुन नपाउने गरी सम्बन्धित सबैको जानकारीका लागि सूचना सार्वजनिक गरी मन्त्रालयमा लेखी पठाउनु पर्नेछ ।

१४. **आयोजनाको कार्य सम्झौतामा तोकिए बमोजिमको समयावधि भित्र सम्पन्न गरिसक्नुपर्नेः** समपूरक अनुदानबाट संचालनमा रहेका आयोजना वा कार्यक्रमहरु तोकिएको समयावधिभित्र सम्पन्न गरी सक्नुपर्नेछ ।

१५. **अनुगमन सम्बन्धी व्यवस्थाः** (१) समपूरक अनुदानबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरु प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी भए नभएको सम्वन्धमा सम्वन्धित स्थानीय तहले नियमित रुपमा अनुगमन गर्नु पर्नेछ र अनुगमन प्रतिवेदन मन्त्रालय एवं सम्बन्धित जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्नेछ । जिल्ला स्थित स्थानीय तहले सञ्चालन गरेका कार्यहरुको जिल्ला समन्वय समितिले अनुगमन र मूल्याङ्कन गरी भएका कार्यहरुको एकीकृत विवरण सहितको प्रतिवेदन तयार गरी चौमासिक रुपमा मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) स्थानीय तहले सञ्चालन गरेका योजना तथा कार्यक्रमहरुको कार्य प्रभावकारी, उपलब्धिमूलक र पारदर्शी किसिमले तोकिएको समय सीमा भित्र भए नभएको सम्वन्धमा मन्त्रालयले आवश्यकता अनुसार अनुगमन गरी उपदफा (१) बमोजिमको प्रतिवेदन समेतको विश्लेषण गरी आवश्यक सुझाव दिन सक्नेछ ।

१६. **प्रगति प्रतिवेदन पेश गर्नुपर्नेः** सबै स्थानीय तहले आफ्नो क्षेत्रमा समपूरक अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रमहरुको अनुगमन तथा प्रगति प्रतिवेदन चौमासिक रुपमा मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।यसरी प्राप्त भएको प्रगति प्रतिवेदन चौमासिक अवधि सकिएको ३५ दिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

१७. **निर्देशन पालना गर्नुपर्नेः** यस कार्यविधिमा उल्लिखित विषयका सम्बन्धमा मन्त्रालयले आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ र त्यस्ता निर्देशन सम्बन्धित मन्त्रालय तथा स्थानीय तहले पालना गर्नु पर्नेछ ।

अनुसूची - १
(दफा ४ (२) सँग सम्वन्धित)

समपूरक अनुदान माग गर्ने निवेदन

अनुदान माग गर्ने स्थानीय तहको नामः
ठेगानाः
फोन, फ्याक्स र इमेलः
योजना तथा कार्यक्रमको नामः
योजना कार्यान्वयन गर्ने स्थानः
योजनाको अनुमानित कूल लागत रु.:
योजनाबाट लाभान्वित सम्भाव्य जनसंख्याः
योजना सम्पन्न गर्न लाग्ने अनुमानित समयः
योजनाको कूल लागतमा स्थानीय तहको लगानीको हिस्सा वा रकमः
योजना कार्यान्वयनमा निजी क्षेत्र, सहकारी तथा गैर सरकारी क्षेत्रको सहभागिता रहने भए सोको अनुपात वा हिस्सा रकमः
प्रदेश सरकारले समपूरक अनुदान मार्फत व्यहोर्ने प्रस्तावित रकमः

संलग्न आवश्यक कागजातहरुः

१. योजनाको पूर्व/सम्भाव्यता अध्ययन प्रतिवेदन
२. योजनाको ड्रइङ, डिजाइन, स्पेसिफिकेसन र लागत अनुमान सहितको विस्तृत विवरण
३. अनुदान माग गर्ने गरी स्थानीय तहको कार्यपालिकाबाट भएको निर्णयको प्रतिलिपि
४. योजनाबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभको अनुमानित विवरण
५. प्रचलित कानून बमोजिम योजनाको प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन
६. मन्त्रालयले तोकेका अन्य विवरण कागजातहरु ।

योजना शाखा प्रमुख
दस्तखतः
नामः
पदः
मितिः

प्रमुख प्रशासकीय अधिकृत
दस्तखतः
नामः
पदः
मितिः

अनुसूची - २
(दफा ४ (३) सँग सम्बन्धित)

समपूरक अनुदान माग गर्दा पेश गर्नुपर्ने विवरण (ढाँचा)

क्षेत्र (सेक्टर):

१. पृष्ठभूमि

२. सोच (भिजन)

३. ध्येय (मिसन)

४. लक्ष्य (गोल)

५. उद्देश्य (अब्जेक्टिब्स)

६. मध्यमकालीन नीति/रणनीति

७. मध्यमकालीन समष्टिगत आर्थिक खाका

८. मध्यमकालीन रणनीति अन्तर्गतका कार्यक्रम/आयोजनाको विवरण

८.१ कार्यक्रम/आयोजनाको उद्देश्य, खर्च आवश्यताको पुष्टयाईं तथा कार्यान्वयन गर्ने निकाय

कार्यक्रम/ आयोजना	उद्देश्य	आयोजना अवधि		लागत तथा पुष्ट्याईं		कार्यान्वयन गर्ने निकाय (विभाग/कार्यालय)
		सुरु आ.व.	समाप्ति आ.व	लागत (हजार)	पुष्ट्याईं	
१	२	३	४	५	६	७

८.२ प्राथमिकताक्रम, दिगो विकास लक्ष्य, गरिबी, लैंगिक र जलवायु संकेत

क्र. सं.	बजेट उपशीर्षक	कार्यक्रम/ आयोजना	रणनीतिक स्तम्भ	प्राथमिकता क्रम	दीगो विकास लक्ष्य सङ्केत	गरिबी न्यूनीकरण सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
१	२	३	४	५	६	७	८	९

९. कार्यक्रम/आयोजनाको विगतको उपलब्धि

९.१ गत आ.व. ..... सम्मको उपलब्धि

९.२ कार्यक्रम/आयोजनाको लक्षित प्रतिफल सूचक र उपलब्धि

कार्यक्रम/ आयोजना	प्रतिफल सूचक	एकाई	(अघिल्लो आ.व. ..)*		(चालु आ.व. ..)*	
			लक्ष्य	उपलब्धि	लक्ष्य	अनुमानित उपलब्धि
१	२	३	४	५	६	७

उदाहरणः आ.व. २०७६।७७ को बजेट निर्माण गर्ने हो भने अघिल्लो आ.व. भन्नाले आ.व. २०७४।७५ र चालु आ.व. भन्नाले २०७५।७६ लाई जनाउँछ ।

९.३ बजेटः विनियोजन र उपलब्धि *(ने.रु. हजारमा)*

क्र. सं.	बजेट उपशीर्षक	कार्यक्रम/आयोजना	(अघिल्लो आ.व. ..)*		(चालु आ.व. ..)*	
			विनियोजन	यथार्थ खर्च	विनियोजन	संशोधित अनुमान
१	२	३	४	५	६	७

१०. प्रति इकाइ लागत अनुमान

क्र. सं.	विवरण	एकाई	प्रति एकाई लागत	कैफियत
१	२	३	४	५

११. मध्यमकालीन खर्च अनुमान

११.१ मध्यमकालीन खर्च अनुमानको विनियोजन तथा स्रोत प्रक्षेपण (तीन आ.व.को) *(ने.रु. हजारमा)*

क्र.सं.	बजेट उपशीर्षक	कार्यक्रम/आयोजना	आ.व. प्रथमको विनियोजन र स्रोत							आ.व. द्वितीयको विनियोजन र स्रोत							आ.व. तृतीयको विनियोजन र स्रोत						
			कूल	चालु	पूँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण	कूल	चालु	पूँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण	कूल	चालु	पूँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०	२१	२२	२३	२४

उदाहरणः आर्थिक वर्ष प्रथम, द्वितीय र तृतीय भन्नाले बजेट तर्जुमा गरिने आव. देखि क्रमशः तीन आ.व.लाई जनाउँछ ।

११.२ कार्यान्वयन गर्ने एकाईहरूका कार्यक्रम/आयोजनाको मध्यमकालीन खर्च अनुमान

(ने.रु. हजारमा)

कार्यान्वयन गर्ने एकाई	कार्यक्रम/ आयोजना	गत आ.व. ..... को वास्तविक खर्च	चालु आ.व. ... को		मध्यमकालीन खर्च अनुमान (आगामी तीन आ.व.)		
			बजेट	संशोधित खर्च अनुमान	आ.व. पहिलो	आ.व. दोस्रो	आ.व. तेस्रो
१	२	३	४	५	६	७	८

१२. क्षेत्रगत नतिजा सूचक र लक्ष्य

१२.१ क्षेत्रगत नतिजा सूचक

सूचक	एकाई	गत आ.व. ... सम्मको वास्तविक उपलब्धि	चालु आव. ..... को संशोधित उपलब्धि	मध्यकालीन लक्ष्य (तीन आ.व.)		
				आ.व. पहिलो	आ.व. दोस्रो	आ.व. तेस्रो
१	२	३	४	५	६	७

१२.२ कार्यक्रम/आयोजनाको प्रतिफल सूचक र मध्यमकालीन लक्ष्य

कार्यक्रम/आयोजना	प्रतिफल सूचक	एकाई	मध्यकालीन लक्ष्य		
			आ.व. पहिलो	आ.व. दोस्रो	आ.व. तेस्रो
१	२	३	४	५	६

१३. समस्या तथा चुनौतीहरू

१४. निष्कर्ष तथा आगामी कार्यदिशा

अनुसूची - ३
(दफा ५ (१) सँग सम्वन्धित)
समपूरक अनुदान व्यहोर्ने अनुपात

क्र. सं.	पूर्वाधारको क्षेत्र	सहभागिताको अंश (प्रतिशत)		कैफियत
		प्रदेश सरकार	स्थानीय तह (निजी क्षेत्र, सहकारी एवं समुदाय समेत)	
१	सडक तथा पुल	६०	४०	
२	सिचाई	६०	४०	
३	विद्युत सेवा	४०	६०	
४	खानेपानी	७०	३०	
५	पर्यटकीय तथा अन्य शहरी पूर्वाधार	४०	६०	
६	शैक्षिक पूर्वाधार	६०	४०	
७	स्वास्थ्य सम्बन्धी पूर्वाधार	६०	४०	
८	कृषि विकास सम्बन्धी पूर्वाधार	५०	५०	
९	खेलकुद पूर्वाधार	५०	५०	
१०	वातावरण संरक्षण	४०	६०	
११	एकिकृत वस्ति बिकास	७०	३०	
१२	बैकल्पिक उर्जा	७०	३०	

कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि २०७५ का सान्दर्भिक दफाहरु

३. **विशेष अनुदान प्रदान गर्ने आधारहरु:** (१) प्रदेश सरकारले देहायको अवस्थामा विशेष अनुदान प्रदान गर्नेछः

(क) शिक्षा क्षेत्रमा सबै भन्दा कम साक्षरता प्रतिशत भएका तथा साक्षरता प्रतिशत राष्ट्रिय औषत भन्दा ज्यादै न्यून भएका क्षेत्रको शैक्षिक विकासको लागि संचालन गरिने शैक्षिक योजना,

(ख) स्वास्थ्य क्षेत्रमा हेल्थ पोष्ट नभएका, आधारभूत स्वास्थ्य सेवाबाट बञ्चित रहेका समुदाय,कुपोषणको अवस्था भएका,बाल तथा मातृ मृत्युदर अत्यधिक भएका क्षेत्रहरुमा प्रदान गरिने आधारभूत स्वास्थ्य सेवा सम्वन्धी योजना,

(ग) धारा तथा मुहान बस्तीबाट टाढा भईखानेपानी सेवाबाट बञ्चित रहेका क्षेत्र र समुदायहरुको लागि खानेपानी सुविधा उपलव्ध गराउने योजना,

(घ) कुनै अल्पसंख्यक र पिछडिएको समुदायको संरक्षण, उत्थान र विकासका लागि सञ्चालन गरिने योजना,

(ङ) वर्ष भरिको खाद्यान्न उत्पादनबाट ६ महिना सम्म पनि खाद्यान्न नपुग हुने क्षेत्रमा उत्पादन अभिबृद्धि गर्ने मल, विउ तथा कृषि उपकरण उपलव्ध गराउन संचालन गरिने खाद्यान्न उत्पादन अभिवृ तथा वितरण योजना,

(च) विपदको कारणबाट विस्थापित व्यक्तिहरुको पुनर्उत्थानको लागि शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवा प्रदान गर्न सञ्चालन गरिने योजना,

(छ) राष्ट्रिय औसत भन्दा विकासमा अति पछि परेका स्थानीय तहको सन्तुलित विकासको लागि सञ्चालन गरिने सामाजिक विकासका योजना,

(ज) प्रदेश सरकारले आवश्यक ठानेका अन्य विशेष योजनाहरु ।

४. **विशेष अनुदान माग गर्ने:** (१) स्थानीय तहले दफा ३ बमोजिम सञ्चालन गर्ने योजनाको प्रस्ताव तयार गरी अनुसूची-१ को ढाँचामा मन्त्रालय समक्ष माग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम योजना प्रस्ताव गर्दा सञ्चालनमा रहेका मौजुदा योजनासँग दोहोरो नपर्ने गरी प्रत्येक आर्थिक वर्षको पौष मसान्तभित्र पेश गरिसक्नु पर्नेछ ।

(३) स्थानीय तहले उपदफा (१) बमोजिम पेश गर्ने प्रस्तावमा देहायका कागजातहरु संलग्न गरी पेश गर्नु पर्नेछः

(क) योजनाको सम्भाव्यता अध्ययन (फिजिबिलिटी स्टडी) प्रतिवेदन,

(ख) योजनाको ड्रइङ, डिजाइन, स्पेसिफिकेशन(आवश्यक पर्ने अवस्थामा) सहितको विस्तृत विवरण,

(ग) स्थानीय तहबाट विशेष अनुदान प्रस्ताव गर्ने सम्बन्धमा भएको निर्णयको प्रतिलिपि,

(घ) योजनाको कूल लागत खुल्ने कागजातको प्रतिलिपि ।

६. **योजना छनौटः** (१) स्थानीय तहको आफ्नै स्रोतबाट एवं समानीकरण, सशर्त र समपूरक अनुदानबाट सञ्चालित योजना र विगतमा सम्पन्न भएका योजनासँग दोहोरो नपर्ने गरी छनौट गर्नु पर्नेछ ।

(२) आवश्यकता, औचित्यता, लाभान्वित सम्भाव्य जनसंख्या, सम्बन्धित क्षेत्रका जनताको आय स्तर वृद्धि, आधारभूत आवश्यकता परिपूर्ति गर्ने, गरिबी कम गर्न सहयोग पुग्ने, रोजगारी सिर्जनामा मद्दत पुग्ने र स्थानीय सीप, साधन र स्रोतको अधिकतम उपयोग हुने योजना छनौट गर्नु पर्नेछ ।

(३) विशेष अनुदान अन्तर्गत छनौट भएका योजनाका लागि स्रोत नपुग भएमा स्थानीय तहले राजस्व बाँडफाँड र वित्तीय समानीकरण अनुदान वापत प्राप्त रकमबाट पनि उक्त योजनामा लगानी गर्न सक्नेछन् ।

(४) योजना छनौट गर्दा देहायका विषयहरु विश्लेषण गर्नु पर्नेछः

(क) कार्यक्रमको आवश्यकता र औचित्यता,

(ख) कार्यक्रम सम्पन्न गर्न लाग्ने समय र लागत अनुमान विवरण,

(ग) कार्यक्रमबाट लाभान्वित हुने वर्ग, क्षेत्र, समुदाय र कूल जनसंख्याको अनुपात,

(घ) कार्यक्रम सम्पन्न भए पछि प्राप्त हुने सम्भाव्य मापनयोग्य प्रतिफलको विवरण,

(ङ) समय समयमा मन्त्रालयले तोकेका विवरणहरु ।

७. **प्रदेश सरकारले विशेष अनुदान प्रदान गर्नेः**(१) प्रदेश सरकारले समितिले छनौट गरेको योजना सञ्चालनको लागि त्यस्तो योजनाको कूल लागत, योजनाको प्रकृति, योजना कार्यान्वयन गर्नु पर्ने आवश्यकता, प्राथमिकता, योजना कार्यान्वयनबाट हुन सक्ने उपलब्धि, योजनाको दिगोपना समेतको आधारमा स्थानीय तहलाई विशेष अनुदान प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले स्थानीय तहमा विशेष अनुदानप्रदान गर्दा विशेष अनुदानको लागि विनियोजित वार्षिक बजेट सीमाभित्र रही प्रदान गर्नुपर्नेछ ।

८. **विशेष अनुदान प्रदान नहुनेः** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा उल्लेख गरेको भए तापनि देहायका प्रकृतिका योजनाका लागि विशेष अनुदान उपलब्ध गराइने छैनः

(क) राजनीतिक दल विशेष तथा धार्मिक उद्देश्य पुरा हुने प्रकृतिका योजना,

(ख) तलब भत्ता, मसलन्द लगायतका साधारण खर्च तथा ऋण भुक्तानीका योजना,

(ग) व्यक्तिगत तथा पारिवारिक रुपमा मात्र फाइदा पुग्ने प्रकृतिका योजना,

(घ) राष्ट्रिय एकता, धार्मिक, सांस्कृतिक तथा सामाजिक सदभावमा खलल् पुग्ने प्रकृतिका योजना,

(ङ) वातावरण संरक्षणमा प्रतिकूल प्रभाव पार्ने खालको योजना,

(च) स्थानीय तहका योजना एवं अन्य अनुदान तथा स्रोतबाट सञ्चालनमा रहेका आयोजनामा दोहोरो पर्ने खालका योजना,

(छ) उपभोक्ता समिति मार्फत सञ्चालनगरिने योजना ।

(ज) कूल लागत रु २० लाख भन्दा कमका योजना ।

९. **आवधिक योजनामा समावेश गर्नुपर्नेः**(१) स्थानीय तहले विशेष अनुदानको माध्यमबाट कार्यान्वयन गर्ने योजनालाई आवधिक योजनामा समावेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख गरेको भए तापनियो कार्यविधि प्रारम्भ भएको मितिले १ वर्षसम्म उल्लिखित आधारहरु पालना गर्न अनिवार्य हुने छैन ।

१०. **सम्झौता गर्नु पर्ने:**(१) दफा ५ बमोजिमको समितिबाट छनौट भएका योजनाहरु मन्त्रालय र सम्बन्धित स्थानीय तह बीच सम्झौता गरी प्रत्येक आर्थिक वर्षमा हस्तान्तरण गरिने रकमलाई तीन किस्तामा विभाजन गरी प्रथम, द्वितीय र तृतीय चौमासिकमा भुक्तानी हुने शर्त तोक्नु पर्नेछ । प्रथम किस्ता रकम योजना तथा कार्यक्रम सञ्चालन गर्न प्रक्रिया पुगी सम्झौता गरिसकेपछि मन्त्रालयले प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत हस्तान्तरण गर्नु पर्नेछ भने दोस्रो किस्ता रकम प्रथम किस्ताको कामको भौतिक तथा वित्तीय प्रगति खुल्ने प्रतिवेदन र दोस्रो तथा तेस्रो किस्ता एवं दोस्रो तथा तेस्रो चौमासिकमा काम हुने कुराको प्रत्याभूति सहितको पत्र प्राप्त भएपछि हस्तान्तरण हुने तथा आयोजना सम्पन्न हुने आर्थिक वर्षको हकमा अन्तिम किस्ता हस्तान्तरण गर्दा कार्य सम्पन्न प्रतिवेदन पेश गरेपछि हस्तान्तरण हुने कुरा सम्झौताका शर्तमा समावेश गर्नु पर्नेछ ।

(२) विशेष अनुदानबाट सञ्चालनमा रहेका योजना तथा कार्यक्रमहरुबाट लक्षित उद्देश्य अनुरुप कार्यक्रम सञ्चालन हुन नसकेमा मन्त्रालयले त्यस्तो अनुदान वापत उपलब्ध गराएको रकम आगामी आर्थिक वर्षहरुमा प्रदान गरिने अन्य अनुदान रकमबाट कट्टा गर्न सक्नेछ ।

(३) चालु आर्थिक वर्षमा कुनै मनासिव कारणले अनुदान रकम खर्च हुन नसकेमा मन्त्रालयको स्वीकृति लिई सो रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गरी योजना तथा कार्यक्रमको अवधि भित्र अर्को आर्थिक वर्षमा खर्च गर्न पाइनेछ ।

११. **अनुदान रकम खर्च गर्ने विधि र प्रक्रिया:**(१) स्थानीय तहले विशेष अनुदान खर्च गर्दा देहाय बमोजिम गर्नु पर्नेछः

(क) जुन योजनाको लागि प्रदान भएको हो सोही योजनामा अनुदान समावेश गरेर खर्च गर्नु पर्नेछ ।

(ख) बजेट तथा कार्यक्रममा समावेश गरेरमात्र खर्च गर्नु पर्नेछ ।

(ग) सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद प्रक्रिया पूरा गरेर मात्र खर्च गर्नु पर्नेछ ।

(घ) तोकिएको समयावधि भित्रयोजना सम्पन्न गर्नु पर्नेछ ।

(ङ) योजनाको कार्य प्रगति पेश भएपछि सोका आधारमा चौमासिक रुपमा अनुदान रकम हस्तान्तरण गरिनेछ ।

(च) विशेष अनुदानबाट प्राप्त रकमको समयमै आन्तरिक र अन्तिम लेखा परीक्षण गराउने दायित्व योजना कार्यान्वयन गर्ने निकायको हुनेछ ।

१२. **योजना समयावधि भित्र सम्पन्न गर्नुपर्ने:** विशेष अनुदानबाट सञ्चालनमा रहेका योजना तथा कार्यक्रमहरु तोकिएको समयावधि भित्र अनिवार्य रुपमा सम्पन्न गर्नु पर्नेछ । तोकिएको समयावधि भित्र योजना तथा कार्यक्रमको कार्य सम्पन्न नभएमा बाँकी कार्यको लागि अनुदान रकम दिइने छैन ।

१३. **योजनाको सञ्चालन र कार्यान्वयन:**(१) योजना तथा कार्यक्रम सञ्चालन गर्दा कार्यान्वयन गर्ने निकायले प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीमा जोड दिनु पर्नेछ ।

(२) योजना तथा कार्यक्रम सञ्चालनको क्रममा कामको गुणस्तर मापन गर्ने संयन्त्र बलियो बनाउनु पर्दछ र योजना सम्पन्न भएको एक वर्षको अवधिमा नै त्यसको गुणस्तरमा ह्रास आएको खण्डमा मन्त्रालयले सोको छानविन गरी आवश्यक सुझाव दिन सक्नेछ ।

(३) योजना तथा कार्यक्रम सञ्चालन गर्दा कामको गुणस्तरमा विशेष ध्यान पुर्याउनु पर्नेछ । सोको लागि सम्पन्न कामको नतिजा तथा उपलब्धि सार्वजनिक गर्ने, नागरिक समाज एवं लाभान्वित वर्ग र समुदायको अनिवार्य संलग्नतामा सामाजिक परीक्षण समेत गर्नु पर्नेछ ।

(४) योजना तथा कार्यक्रम ठेक्का बन्दोबस्तबाट सम्पन्न गर्नु पर्ने भएमा ठेक्का प्रकृया पारदर्शी र प्रतिस्पर्धात्मक हुने गरी सम्भव भए सम्म ई-विडिङबाट गर्नु पर्नेछ । साठी लाख रुपैयाँ भन्दा बढी रकमको योजनाको हकमा ठेक्का प्रक्रिया अनिवार्य रुपमा ई-बिडिङबाट नै गर्नु पर्नेछ ।बील भुक्तानी गर्दा सम्बन्धित व्यक्ति तथा संस्थाको खातामा जम्मा हुने गरी बैङ्किङ प्रणालीको प्रयोग गर्नु पर्नेछ ।

(५) योजना तथा कार्यक्रम सम्पन्न भए पश्चात सम्झौतामा तोकिएको उपलब्धि हासिल नभएसम्म उक्त योजना तथा कार्यक्रम सम्बन्धित निर्माण व्यवसायी वा आपूर्तिकर्ता वा सञ्चालनकर्ताले नै पुनः सञ्चालन गर्नुपर्ने र सो वापत अतिरिक्त रकम प्रदान नगरिने व्यहोरा सम्झौताको शर्तमा अनिवार्य रुपमा तोकिनु पर्नेछ ।

(६)ठेक्का बन्दोबस्तबाट कार्य सम्पादन हुने योजनाको हकमा त्यस्तो कामको जिम्मा लिने निर्माण व्यवसायी वा आपूर्तिकर्ता वा सञ्चालनकर्ताले सम्झौतामा उल्लिखित शर्तहरु बमोजिमका कार्यहरु सम्पन्न नगरेमा वा सम्झौताका शर्तहरु उल्लघंन गरेको देखिएमा निजलाई कालोसूचीमा राखी पुनः यस्ता योजना तथा कार्यक्रम सञ्चालनमा तीन वर्षसम्म सहभागी हुन नपाउने गरी सम्बन्धित सबैको जानकारीका लागि सूचना सार्वजनिक गरी मन्त्रालयमा लेखी पठाउनु पर्नेछ ।

१४. **अनुगमनसम्बन्धी व्यवस्थाः**(१) विशेष अनुदानबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरु प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले मासिक रुपमा अनुगमन गर्नु पर्नेछ र सो को प्रतिवेदन मन्त्रालय समक्ष समेत पेश गर्नु पर्नेछ ।

(२) स्थानीय तहमाविशेष अनुदानबाट सञ्चालित योजना तथा कार्यक्रमहरुको कार्य मितव्ययी, प्रभावकारी, उपलब्धिमूलक र पारदर्शी किसिमले तोकिएको समय सीमा भित्र भए नभएको सम्बन्धमा आवश्यकता अनुसार मन्त्रालयले अनुगमन गर्नेछ । यस कार्यका लागि मन्त्रालयले आवश्यकता अनुसारसम्बन्धित जिल्ला समन्वय समितिको सहयोग लिन सक्नेछ ।

१५.**प्रगति प्रतिवेदन गर्नुपर्नेः** सबै स्थानीय तहले आफ्नो क्षेत्रमा विशेष अनुदानमा सञ्चालित योजना तथा कार्यक्रमहरुको अनुगमन तथा प्रगति प्रतिवेदन अनुसूची२ बमोजिमको ढाँचामा चौमासिक रुपमा मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

१६. **विशेष अनुदान रोक्का हुन सक्ने**(१) सञ्चालित योजना तथा कार्यक्रमहरुको स्थानीय तहले दफा १४ बमोजिम अनुगमन वा दफा १५बमोजिम प्रतिवेदन नगरेमा वा तोकिएको समय भित्र कार्य सम्पन्न नगरेमा एवं सम्पन्न भएको कार्यको गुणस्तर राम्रो नभएमा मन्त्रालयले आगामी किस्ताको अनुदान रकम रोक्का राख्न सक्नेछ । यसरी रोक्का राखेको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम रोक्का राखेकोमा मन्त्रालयले माग गरेको अवधि भित्र आवश्यक विवरणहरु पेश गरेमा, मन्त्रालयले तोकेको समयमा कार्य सम्पन्न गरेमा र कामको गुणस्तरमा आवश्यक सुधार गर्ने प्रत्याभूति स्थानीय तहले दिएमा मन्त्रालयले उपदफा (१) बमोजिमको रोक्कालाई फुकुवा गर्न सक्नेछ ।

अनुसूची-१

(दफा ४ (१) सँग सम्बन्धित)

विशेष अनुदानको लागि कार्यक्रम पेश गर्ने निवेदन फारम

कार्यक्रम पेश गर्ने निकायको नामः

ठेगानाः

फोन ,फ्याक्स र इमेलः

कार्यक्रम र आयोजनाको नामः

कार्यक्रम र आयोजनाको कूल लागत रु.:

आयोजनाबाट लाभान्वित संभाव्य जनसंख्याः

आयोजना सम्पन्न गर्न लाग्ने समयः

सम्वन्धित स्थानीय तहको सभाको बहुमतले पारित गरेको मितिः

कार्यविधिको दफा ४ को उपदफा (३) मा उल्लिखित तपशिलकाकागजातहरुः

संलग्न कागजातहरु

१. .....

२. .....

३. .....

योजना शाखा प्रमुख

दस्तखतः

नामः

पदः

मितिः

प्रमुख प्रशासकीय अधिकृत

दस्तखतः

नामः

पदः

मितिः

अनुसूची - २
(दफा १५ सँग सम्बन्धित)
प्रगति प्रतिवेदनको ढाँचा

योजना तथा कार्यक्रम सञ्चालन गर्ने निकायको नामः

ठेगानाः

सम्पर्क नं.:

क्र. सं.	योजना तथा कार्यक्रमको नाम	कार्यक्रम सञ्चालन भएको स्थान	स्वीकृत बजेट	अवधिको लक्ष्य		अवधिको प्रगति		कैफियत
				भौतिक	वित्तीय	भौतिक	वित्तीय	

योजना शाखा प्रमुख

दस्तखतः

नामः

पदः

मितिः

प्रमुख प्रशासकीय अधिकृत

दस्तखतः

नामः

पदः

मितिः

कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ का सान्दर्भिक नियमहरु

३. **प्रदेश सञ्चित कोषको सञ्चालन तथा प्रयोग:**(१) प्रदेश सञ्चित कोष सञ्चालनका लागि प्रदेश लेखा नियन्त्रक कार्यालयले समय समयमा तोकिदिए बमोजिमका खाताहरू रहनेछन् ।

(२) उपनियम (१) बमोजिमका खाताहरूको सञ्चालन प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकिदिए बमोजिम प्रदेश लेखा इकाई कार्यालय वा अन्य कार्यालयले गर्नेछ ।

(३) प्रदेश सञ्चित कोष खाता प्रदेश लेखा नियन्त्रक र निजले तोकेको अधिकृतको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । खाता सञ्चालनका लागि मन्त्रालयका सचिवबाट दस्तखत नमुना प्रमाणित गर्नु पर्नेछ ।

(४) प्रदेश स्थित प्रदेश लेखा इकाई कार्यालयको हकमा प्रदेश लेखा इकाई प्रमुख र निजले तोकेको लेखा समूहको कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । खाता सञ्चालनका लागि प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेको सम्बन्धित जिल्ला स्थित प्रदेशको कुनै पनि संरचनाका प्रमुखबाट दस्तखत प्रमाणित गर्नु पर्नेछ ।

(५) उपनियम (१) बमोजिमका खाताहरूमा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको विनियोजित रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकिदिए बमोजिम गर्नु पर्नेछ ।

(६) प्रदेश सरकारले प्रदेश सञ्चित कोषको प्रयोग सालबसाली रूपमा जारी हुने विनियोजन ऐन, पेश्की खर्च ऐन, पूरक ऐन, उधारो खर्च ऐन तथा अन्य प्रचलित कानून बमोजिम गर्नेछ ।

४. **प्रदेश सञ्चित कोषबाट भुक्तानी**(१) सालबसाली पेश्की खर्च ऐन वा विनियोजन ऐन जारी भएपछि मन्त्रालयले दिएको अधिकारको आधारमा स्वीकृत बजेट विवरण अनुसार प्रदेश लेखा नियन्त्रक कार्यालयले तोके बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित कार्यालयको भुक्तानी आदेश बमोजिम प्रदेश सञ्चित कोषबाट रकम भुक्तानी दिनेछ ।

(२) उपनियम (१) बमोजिम सञ्चित कोषबाट रकम भुक्तानी दिन नसकिने अवस्थामा त्यसको जानकारी सम्बन्धित कार्यालयलाई दिनुपर्नेछ ।

५. **खाता खोल्न स्वीकृति लिनु पर्ने:**(१) प्रदेश सञ्चित कोषबाट सरकारी कारोबार गर्न नियम ७ को उपनियम (१) बमोजिम तोकिएको बैंकमा मात्र एकल कोष खाताबाट भुक्तानी लिने गरी सरकारी अड्डाखाना (स/अ) समूहको बैंक खाता खोल्न स्वीकृति दिइनेछ ।

(२) विशेष प्रयोजन वा विशेष अवस्थामा निकासा लिने भन्दा भिन्न जिल्लामा वा सरकारी अड्डाखाना (स/अ) समूह भन्दा भिन्न समूहको बैंक खाता वा प्रदेशको सरकारी कारोबार गर्न इजाजत प्राप्त नभएको बैंकमा खाता खोल्न परेमा प्रदेश लेखा नियन्त्रक कार्यालयको स्वीकृति लिनु पर्नेछ ।

७. **सरकारी रकम सम्बन्धी व्यवस्था:**(१) नियम ४ बमोजिम प्रदेश मातहतका कार्यालयको नाममा निकासा भई प्राप्त हुन आउने रकम नेपाल राष्ट्र बैंक वा सरकारी कारोबार गर्ने गरी तोकिएको बैंकमा दाखिला

गर्नु पर्नेछ । प्रदेश लेखा नियन्त्रक कार्यालयको परामर्शमा नेपाल राष्ट्र बैंकले सरकारी कारोबार गर्ने बैंक तोक्न सक्नेछ ।

(२) प्रदेश सरकारी कारोबारको लागि प्रदेश लेखा नियन्त्रक कार्यालयको परामर्शमा नेपाल राष्ट्र बैंक वा नेपाल राष्ट्र बैंकले तोकेको बैंकले सरकारी कारोबार निर्देशिका तयार गरी लागू गर्नु पर्नेछ ।

(३) सरकारी कारोबार सञ्चालनको लागि विभिन्न कार्यालयहरूमा रकम उपलब्ध गराउन बैंकहरूमा कोषको व्यवस्था नेपाल राष्ट्र बैंकले मिलाउनु पर्नेछ ।

१८. **स्रोत अनुमान र खर्चको सीमा निर्धारण गर्नुपर्ने**(१) आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रयोजनको लागि आवश्यक स्रोतको पूर्वानुमान मन्त्रालयले चालु आर्थिक वर्षको फाल्गुण मसान्तभित्र गरिसक्नुपर्नेछ ।

(२) उपनियम(१) बमोजिम स्रोत अनुमान गर्ने प्रयोजनको लागि देहाय बमोजिमको समिति रहनेछ ।

उपाध्यक्ष, कर्णाली कर्णाली प्रदेश योजना आयोग	-संयोजक
सचिव, मन्त्रालय	-सदस्य
प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रक कार्यालय	-सदस्य
महाशाखा प्रमुख, बजेट तथा कार्यक्रम महाशाखा, मन्त्रालय	-सदस्य
महाशाखा प्रमुख, वित्तीय विश्लेषण तथा आर्थिक प्रशासन महाशाखा	-सदस्य
निर्देशक, नेपाल राष्ट्र बैक, (प्रादेशिक कार्यालय)	-सदस्य
अध्यक्ष वा प्रतिनिधि, प्रदेश उद्योग वाणिज्य संघ	-सदस्य
महाशाखा प्रमुख, वित्त व्यवस्थापन महशाखा, मन्त्रालय	सदस्य सचिव

(३) उपनियम (२) बमोजिमको समितिले आवश्यकता अनुसार विषय विज्ञहरु समेतलाई आफ्नो बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

(४) समितिको कार्य देहाय बमोजिम हुनेछः

(क) आर्थिक परिसूचकहरुको विश्लेषण गरी समष्टिगत आर्थिक संरचना तयार गर्ने ।

(ख) आगामी तीन आर्थिक बर्षको बजेटको कुल सीमा सहितको मध्यकालीन खर्च संरचना निर्धारण गर्ने ।

(ग) राजस्व वैदेशिक अनुदान र ऋण तथा आन्तरिक ऋणको प्रक्षेपण गर्ने ।

(घ) कुल बजेटमा चालु पूँजीगत र वित्तीय क्षेत्रको हिस्सा निर्धारण गर्ने ।

(ङ) समितिले स्रोतको अनुमान र खर्चको सीमा निर्धारण गरी सो को लिखित प्रतिवेदन प्रदेश अर्थमन्त्री समक्ष पेश गर्ने ।

(५) समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

१९. **मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने**(१) प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नु अघि मन्त्रायले आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको अनुसूची१ बमोजिमको ढाँचामा मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेछ । यस्तो खर्च संरचना बनाउँदा आवधिक योजनालाई मार्गदर्शनको रुपमा लिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम मध्यकालीन खर्च संरचनामा प्रस्तावित योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रत्येक क्रियाकलापको प्रति इकाई लागत, सञ्चालनमा लाग्ने अनुमानित समय, सोबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि समेत खुलाई प्रत्येक योजना वा कार्यक्रमको प्राथमिकीकरण गर्नु पर्नेछ । योजना तथा कार्यक्रमको प्राथमिकीकरणको आधार कर्णाली प्रदेश योजना आयोग वा मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

२०. **<u>बजेट तर्जुमा गर्ने</u>**: (१) प्रत्येक कार्यालयले तालुक निकायको निर्देशन र मन्त्रालयले निर्धारण गरेको बजेट सीमा, बजेट तर्जुमा दिग्दर्शन र परिपत्रको अधीनमा रही आफ्नो उद्देश्य अनुरूपको कार्य सम्पादन गर्न लक्ष्य निर्धारण गरी सोको आधारमा आगामी आर्थिक वर्षको लागि बजेट तर्जुमा गर्नु पर्नेछ ।

(२) प्रदेश सरकारले कर्णाली प्रदेश योजना आयोग वा मन्त्रालयको सिफारिशमा बहुवर्षीय आयोजना तोकी बजेट विनियोजन गर्न सक्नेछ । बहुवर्षीय आयोजना बाहेक अन्य आयोजना तथा कार्यक्रमको लागि कर्णाली प्रदेश योजना आयोग वा मन्त्रालयले आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रमको सम्बन्धमा प्राथमिकता तथा नीतिगत लक्ष्य निर्धारण गरी उपनियम (१) बमोजिमको परिपत्र हुनु अगावै सम्बन्धित मन्त्रालयलाई आवश्यक मार्गदर्शन उपलब्ध गराउनु पर्नेछ ।

(३) आवधिक योजनाको लक्ष्य, नीति र कर्णाली प्रदेश योजना आयोग वा मन्त्रालयको मार्गदर्शनलाई समेत ध्यानमा राखी प्रदेश सरकारले गर्नुपर्ने काम हासिल गर्ने लक्ष्य, कार्यक्रम र आर्थिक स्रोत तथा देहायका कुराहरूलाई समेत दृष्टिगत गरी सम्बन्धित मन्त्रालय र निकाय समेतको सल्लाह लिई आगामी वर्षको लागि मन्त्रालयले क्षेत्रगत र मन्त्रालयगत बजेट रकमको सीमा निर्धारण गर्नेछ । यसरी निर्धारण गरिएको बजेट रकमको सीमा र बजेट तर्जुमा दिग्दर्शन बमोजिम सम्बन्धित निकायहरूलाई बजेट पेश गर्ने समय तोकी मन्त्रालयले परिपत्र गर्नेछ ।

(क) साल बसाली गर्नु पर्ने कामहरू,
(ख) आवधिक योजनाले लक्ष्य गरेका कामहरू,
(ग) चालु भइरहेका काम वा आयोजनाहरू,
(घ) वैदेशिक सहायताका सम्झौतामा उल्लेख भए बमोजिमका अवधिमा गर्नु पर्ने कामहरू,
(ङ) प्रदेश सरकारका नीति र कार्यक्रम अनुसारका कामहरू,
(च) त्रिवर्षीय बजेट सीमा तोकिएको भए सो बमोजिमका कार्यक्रमहरू,
(छ) अन्य आवश्यक कुराहरू ।

(४) प्रदेश बजेट तर्जुमा दिग्दर्शन जारी नभएसम्म मन्त्रालयबाट जारी भएको मार्गदर्शनलाई आधार मानुपर्नेछ ।

२१. **<u>बजेट तथा कार्यक्रम तयार गरी पेश गर्ने</u>**: (१) नियम २० मा उल्लेख भए बमोजिम कार्यालयलाई आगामी वर्षको लागि चाहिने बजेट र कार्यक्रम अनुसूची२ को ढाँचामा तयार गरी मन्त्रालयद्वारा निर्धारित समय भित्र तालुक निकायमा पेश गर्नु सम्बन्धित सबै कार्यालय प्रमुखको कर्तव्य हुनेछ ।

(२) सम्बन्धित कार्यालयले उपनियम (१) बमोजिम बजेट तथा कार्यक्रम पेश गर्दा चालु वर्षको ६ महिनासम्मको प्रगति विवरण अनुसूची-३ बमोजिमको ढाँचामा संलग्न गरी पठाउनु पर्नेछ । साथै, चालु कार्यक्रम वा आयोजना भए गर्नुपर्ने कामको कुल परिमाण र लागतसो मध्ये गत वर्षसम्म सम्पन्न

भएको परिमाण र खर्च, चालु वर्षमा सम्पन्न गरिने कामको परिमाण र लागत, चालु ६ महिनामा सम्पन्न परिमाण सहित आगामी वर्षमा पनि चालु राख्नुपर्ने भए त्यसको परिमाण र बजेट समेत पेश गर्नुपर्नेछ ।

(३) वार्षिक बजेट कार्यक्रम र कार्यान्वयन तालिका बनाउँदा वार्षिक खरिद योजना र खरिद गुरूयोजनालाई दृष्टिगत गरी बनाउनु पर्नेछ । कार्यक्रम सुचारु रूपले कार्यान्वयन गराउन र निर्धारित समयभित्र कार्य सम्पन्न गर्न अन्य निकायसँग लिनु पर्ने सहयोग र स्वीकृति बारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार गर्ने ठेक्कापट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा सम्पन्न गरिसक्नु पर्नेछ ।

(४) कार्यालयहरूले खर्च सम्बन्धी बजेट पेश गर्दा आफ्नो कार्यालयबाट उठ्ती हुने राजस्व रकमको पनि बजेट तर्जुमा दिग्दर्शनमा तोकिए बमोजिमको ढाँचामा राजस्व अनुमान बनाई पेश गर्नु पर्नेछ ।

(५) कार्यक्रमगत बजेट तर्जुमा गर्दा आर्थिक प्रशासन शाखा प्रमुखको सहभागिता हुनु पर्नेछ ।

(६) पूरक बजेट पेश गर्न प्रदेश सरकारको निर्देशन भएमा निर्देशन बमोजिम गर्नु पर्नेछ ।

२२. **<u>बजेट तयारीमा तालुक निकायको कर्तव्यः</u>** (१) नियम २१ मा उल्लेख भए बमोजिम बजेट सीमाभित्र रहेर आवश्यक बाँडफाँड गरी सीमा तोकी बजेट तयार गर्न गराउन लगाउने कर्तव्य सम्बन्धित तालुक निकायको हुनेछ । सम्बन्धित तालुक निकायले आफू अन्तर्गत रहेका विभाग वा कार्यालयलाई मन्त्रालयबाट बजेट तर्जुमा सम्बन्धी परिपत्र प्राप्त भएको सात दिनभित्र बजेट तयार गर्ने निर्देशन पठाइसक्नुपर्नेछ ।

(२) मातहतका कार्यालयबाट बजेट अनुमान तथा वार्षिक कार्यक्रम प्राप्त भएपछि सो अध्ययन गरी बजेट सीमा, आवधिक योजनाको नीति अनुरूप र उपलब्धिमूलक भए वा नभएको जाँची अन्तिम रूप दिई बजेट तर्जुमा दिग्दर्शन र मन्त्रालयको परिपत्रको अतिरिक्त नियम २१ को उपनियम (१) बमोजिम वार्षिक कार्यक्रम समेत तयार गरी मन्त्रालयले तोकेको समयमा पुग्ने गरी सम्बन्धित मन्त्रालयले मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम बजेटलाई अन्तिम रूप दिँदा बजेट सीमा अनुरूप भए वा नभएको र उपलब्धिमूलक भए वा नभएको प्रष्ट गर्नु पर्नेछ ।

२३. **<u>आयोजना स्वीकृत गर्ने गराउनेः</u>** (१) विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेतको विचार गरी प्रदेश सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनु पर्नेछ । जिल्ला स्तरीय आयोजना, कर्णाली कर्णाली प्रदेश योजना आयोग वा मन्त्रालयको नीतिभित्र रही सम्बन्धित मन्त्रालयका सचिवले र प्रदेश स्तरीय आयोजना कर्णाली प्रदेश योजना आयोग वा मन्त्रालयले स्वीकृत गर्नुपर्नेछ । आयोजना स्वीकृत गर्ने आधार अनुसूची४ मा उल्लेख भए बमोजिम हुनेछ । यसरी स्वीकृत आयोजना कार्यान्वयन गर्नको लागि विस्तृत सर्वेक्षण, ड्रइङ्ग, डिजाइन, लागत अनुमान र सो अनुसार वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा वार्षिक बजेट तर्जुमा गर्नुपर्नेछ ।

तर दशलाख रुपैयाँभन्दा कम लागत पर्ने आयोजनाको सम्बन्धमा उपर्युक्त विधि अपनाई आयोजना स्वीकृत गर्न सम्भव नभएमा कामको आवश्यकता, लागत, त्यसबाट हुने उत्पादन वा रोजगारी वृद्धि वा अन्य आर्थिक सामाजिक उद्देश्य प्राप्तिको विवरण खुलाई त्यसको आधारमा सम्बन्धित

मन्त्रालयले स्वीकृत गरी बजेटमा समावेश गराई काम गराउन सक्नेछ । यसको जानकारी कर्णाली कर्णाली प्रदेश योजना आयोग वा मन्त्रालयलाई दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम स्वीकृत आयोजनाको विवरण सम्बन्धित मन्त्रालयले एकप्रति प्रदेश लेखा नियन्त्रक कार्यालय तथा सम्बन्धित प्रदेश इकाई कार्यालयमा समेत पठाउनु पर्नेछ ।

२४. **कार्यक्रम स्वीकृत गर्ने:** (१) कार्यालयको उद्देश्य, नीतिगत लक्ष्य र स्वीकृत बजेट अन्तर्गत नियम २३ को उपनियम (१) को अधीनमा रही आफ्नो मन्त्रालय र अन्तर्गत सञ्चालन हुने कार्यक्रम विषयगत मन्त्रालयले स्वीकृत गर्नु पर्नेछ । यसरी स्वीकृत भएको कार्यक्रम सहितको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ ।

(२) मन्त्रालयबाट स्वीकृत कार्यक्रम, अख्तियारी तथा मार्गदर्शन जारी गर्ने काम विनियोजन ऐन जारी भएको सात दिन भित्र सम्पन्न गरिसक्नुपर्नेछ ।

(३) सम्बन्धित मन्त्रालयबाट मातहतका कार्यालयको कार्यक्रम स्वीकृति तथा अख्तियारी जारी गर्ने काम मन्त्रालयबाट अख्तियारी जारी भएको पन्ध्र दिनभित्र सम्बन्धित कार्यालयमा पठाइसक्नुपर्नेछ।

(४) सम्बन्धित मन्त्रालयले उपनियम (३) बमोजिम स्वीकृत वार्षिक कार्यक्रमको जानकारी महालेखा परीक्षकको कार्यालय, मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनु पर्नेछ ।

२५. **कार्यक्रम संशोधन गर्ने:** कार्यालयले स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा स्थानीय परिस्थितिलाई समेत ध्यानमा राखी त्यस्तो कार्यक्रमको उद्देश्य, लक्ष्य, स्वीकृत बजेट र आवधिक योजना अनुकुल हुने गरी त्यस्तो कार्यक्रमलाई संशोधन गर्न आवश्यक ठानेमा पौष मसान्त पछि संशोधन गर्नु पर्ने स्पष्ट कारण खोली मन्त्रालयको सहमति लिई तालुक मन्त्रालयले आवश्यक संशोधन गर्न सक्नेछ । यसरी कार्यक्रममा गरिएको संशोधनको जानकारी सम्बन्धित मन्त्रालयले कर्णाली प्रदेश योजना आयोग र मन्त्रालयलाई दिनु पर्नेछ ।

२६. **चौमासिक प्रगति विवरण पेश गर्ने:** बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची-३ बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरी तालुक निकाय र प्रदेश लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा इकाई कार्यालयमा पठाउनु पर्नेछ ।

२७. **बजेट तथा कार्यक्रम कार्यान्वयन प्रगति समीक्षा गर्ने:** (१) नियम २६ बमोजिम चौमासिक प्रगति विवरण प्राप्त भएपछि तालुक निकायले त्यसको भौतिक र वित्तीय पक्षको समीक्षा गर्नु पर्नेछ र सबै कार्यालयबाट प्रगति विवरण प्राप्त गरी प्रदेश स्तरको प्रगति विवरण तयार गरी त्यसको भौतिक र वित्तीय पक्षको सामूहिक समीक्षा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरू र सोको निमित्त जिम्मेवार व्यक्ति समेतको पहिचान गर्नु पर्नेछ । त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरू र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारवाही पनि उल्लेख हुनु पर्नेछ ।

(३) तालुक निकायका प्रमुखले बजेट तथा कार्यक्रम अनुसार प्रगति भए वा नभएको तथा बाधा अड्काउ परेको भए सो फुकाई दिने एवं केही निर्देशन दिनुपर्ने भए सो समेत दिने र जिम्मेवार व्यक्ति उपर कारवाही गर्नुपर्ने भए सो समेत प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

(४) यस नियम बमोजिम प्रगति विवरण प्राप्त नभए तालुक निकायले ताकेता गरी प्रगति विवरण प्राप्त गर्नु पर्नेछ । प्रगति विवरण तोकिदिएको समयमा नपठाउने कार्यालय प्रमुखको तलब रोक्का गर्न सकिनेछ ।

(५) सम्बन्धित इकाई तथा कार्यालयका तालुक निकायले बजेट शीर्षक, उपशीर्षकको आधारमा चौमासिक प्रगति विवरण तयार गरी मन्त्रालयमा चौमासिक अवधि समाप्त भएको पन्ध्र दिनभित्र पठाउनु पर्नेछ । त्यस्तो चौमासिक प्रगति विवरणको आधारमा मन्त्रालयले वार्षिक बजेटको मध्यावधि मूल्याङ्कन गरी प्रतिवेदन फागुन मसान्तसम्म प्रकाशन गर्नेछ ।

२८. **<u>वैदेशिक सहायता बजेट विवरणमा समावेश गर्ने:</u>** (१) कुनै पनि कार्यालयले विदेशी संघ, संस्था, एजेन्सी वा राष्ट्रहरूबाट कुनै पनि किसिमको नगदी वा जिन्सी सहायता प्राप्त गर्दा वा प्राप्त गर्ने सम्झौता गर्दा नेपाल सरकार अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको वा हुने सहायतालाई कार्यालयले वार्षिक कार्यक्रम तथा बजेटमा प्रतिबिम्बित गराई आम्दानी खर्च गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम वैदेशिक सहायता बजेटमा प्रतिबिम्बित गर्दा मन्त्रालयले विनियोजन बजेट रकममा समावेश गर्नु पर्नेछ ।

(४) मन्त्रालयले नेपाल सरकार, अर्थ मन्त्रालयबाट पूर्व स्वीकृति लिएर मात्र वैदेशिक सहायता सम्बन्धी सम्झौता गर्न सक्नेछ । त्यस्तो सम्झौता भए पछि सो को प्रति महालेखा परीक्षकको कार्यालय, नेपाल सरकार अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय र प्रदेश लेखा नियन्त्रकको कार्यालयमा तीस दिनभित्र पठाइसक्नुपर्नेछ ।

२९. **<u>वैदेशिक सहायता अन्तर्गत खर्च हुन बाँकी रकम यकिन गर्नुपर्ने:</u>**(१) मित्र राष्ट्र वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त भएको वैदेशिक ऋण, अनुदान वा सहयोगबाट सञ्चालित आयोजनाले वार्षिक कार्यक्रम तयार गरी पठाउँदा मित्र राष्ट्र वा अन्तर्राष्ट्रिय संघ संस्थासँग वैदेशिक ऋण अनुदान सहयोगका सम्बन्धमा भएको सम्झौताका विभिन्न शीर्षकमा व्यवस्थित रकम मध्ये चालु वर्षको अन्त्य सम्ममा खर्च भई आगामी आर्थिक वर्षको लागि के कति बचत रहन्छ भन्ने कुरा समेत अनुसूची-५, अनुसूची-६, अनुसूची-७ र अनुसूची-८ बमोजिमका ढाँचाका फाराम भरी पेश गर्नु पर्नेछ । यसरी पेश गरिसकेका फाराममा भरिएका अंकहरूलाई वैदेशिक सहायता प्रदान गर्ने मित्र राष्ट्र वा अन्तर्राष्ट्रिय संघ संस्थाको सहायता विवरण प्रतिवेदनले पुष्ट्याई गरेको हुनु पर्नेछ ।

(२) एउटै वैदेशिक सहायता सम्झौता अन्तरगत प्राप्त ऋण, अनुदान सहयोग एकभन्दा बढी निकायले उपयोग वा खर्च गर्ने अवस्था भई तीमध्ये कुनै निकायलाई संयोजक तोकिएको भए सो निकायले र संयोजक नतोकिएको भए सबैभन्दा बढी सहयोग उपयोग गर्ने निकायले सम्पूर्ण विवरण समायोजन गरी उपनियम (१) बमोजिम पेश गर्नुपर्नेछ । संयोजन गर्ने निकाय वर्षैपिच्छे फरक-फरक हुने भएमा सुरु वर्षमा जुन निकायबाट संयोजन गरिएको हो सोही निकायले सो कार्य गर्नुपर्नेछ ।

(३) एउटै वैदेशिक ऋण, अनुदान सहयोग सम्बन्धी सम्झौता अन्तर्गत वैदेशिक सहायता उपयोग गर्ने सबै निकायलाई मन्त्रालयले एकै पटक उपस्थित गराई बजेट छलफल गर्नु पर्नेछ ।

३१.<u>बजेट तथा कार्यक्रमलाई अन्तिम रूप दिने:</u> (१) यस नियमावली बमोजिम सबै निकायबाट बजेट तथा कार्यक्रम प्राप्त गरी आवश्यक छलफल समेत गरी बजेट तथा कार्यक्रमलाई अन्तिम रूप दिने काम मन्त्रालयले गर्नेछ ।

(२) उपनियम (१) बमोजिम बजेट तथा कार्यक्रमलाई अन्तिम रूप दिँदा नियम २१ बमोजिम तयार गरी पेश हुन आएको बजेट विवरण माथि मन्त्रालयले प्रदेशको आर्थिक स्थिति विचार गरी सम्बन्धित मन्त्रालयसँग परामर्श गरी थपघट गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम मन्त्रालयले बजेट थपघट गर्दा सम्बन्धित मन्त्रालयसँग छलफल गरी सोही बमोजिम कार्यक्रम पनि मिलाउन लगाउनु पर्नेछ ।

३२. <u>बजेट निकासा, खर्च तथा लक्ष्य र प्रगति बनाई पेश गर्ने:</u> बजेट साथ प्रदेश सभामा पेश गर्न मन्त्रालय तथा अन्तर्गत कार्यालयलाई निकासा भएको बजेट रकम, खर्च तथा खर्च अनुसारको लक्ष्य र प्रगति प्रत्येक सालको चैत्र महिनाभित्र मन्त्रालयमा पेश गर्नु सबै मन्त्रालयको जिम्मेवारी र कर्तव्य हुनेछ ।

३३. <u>बजेट निकासा:</u> (१) सालबसाली पेश्की खर्च ऐन वा विनियोजन ऐन वा पूरक विनियोजन ऐन वा उधारो खर्च ऐन जारी भएपछि मन्त्रालयका सचिवले सम्बन्धित सचिवलाई बजेट शीर्षक, उपशीर्षक र रकम समेत खुलेको बजेट विवरण, विकास बजेटमा परेका आयोजनाहरूको निम्ति खर्च व्यहोर्ने स्रोतको विवरण र बजेट खर्च गर्ने गराउने सम्बन्धी अख्तियारी पत्र पठाउनु पर्नेछ । त्यस्तो बजेट विवरण र खर्च गर्ने अख्तियारी पत्रको बोधार्थ महालेखा परीक्षक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालय तथा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम बजेट विवरण र खर्च गर्ने अख्तियारीपत्र प्राप्त भएको सात दिन भित्र सम्बन्धित सचिवले विभागीय प्रमुखलाई र विभागीय प्रमुखले मातहत कार्यालय प्रमुख वा कार्यक्रम सञ्चालन गर्ने कार्यालय प्रमुखलाई कार्यालयगत बजेट विवरण स्वीकृत कार्यक्रम र खर्च व्यहोर्ने स्रोत खोली बजेट खर्च गर्ने अख्तियारीपत्र पठाउनु पर्नेछ । सम्बन्धित सचिवले त्यस्तो कार्यालयगत बजेट विवरण, कार्यक्रम र खर्च गर्ने अख्तियारी पत्रको बोधार्थ मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई पनि पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम कार्यालयगत बजेट विवरण, कार्यक्रम र खर्च गर्ने अख्तियारीपत्र प्राप्त भएपछि सम्बन्धित कार्यालयले प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकिदिए बमोजिमको भुक्तानी आदेश भरी सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा बजेट निकासा माग गर्नु पर्नेछ । बजेट निकासा माग गरी पठाउँदा अघिल्लो महिनासम्मको विनियोजन खर्चको फाँटवारी पेश गर्नु पर्नेछ । यसरी निकासा माग गर्दा राजस्व, धरौटी र प्रचलित कानून बमोजिम खडा भएको कार्य सञ्चालन कोष लगायत सम्पूर्ण कारोबारको मासिक फाँटवारी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा इकाई कार्यालयमा पेश गरी हिसाब भिडान गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम सम्बन्धित कार्यालयबाट रीतपूर्वक भुक्तानी आदेश प्राप्त भएपछि सो कार्यालयको राजस्व, धरौटी र प्रचलित कानून बमोजिम खडा भएको कार्य सञ्चालन कोष अन्तर्गत भए गरेका सम्पूर्ण कारोबारको मासिक फाँटवारी पेश भई सकेको भए प्रदेश लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा इकाई कार्यालयबाट सो कार्यालयको स्वीकृत बजेट भित्र रही प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकिदिए बमोजिम बजेट भुक्तानी निकासा दिई सोको सूचना सम्बन्धित कार्यालयलाई दिनुपर्नेछ । यसरी बजेट रकम निकासा दिँदा मन्त्रालय वा सम्बन्धित कार्यालयको तालुक मन्त्रालय, विभागबाट बजेट रकम निकासा रोक्का भएकोमा फुकुवा नभएसम्म त्यस्तो रकम निकासा दिनु हुँदैन ।

तर बजेट रकम निकासा भई खर्च भइसकेपछि उक्त निकासा रोक्का राख्न लेखी आएमा प्रदेश लेखा नियन्त्रक कार्यालय तथा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले त्यस्तो निकासा रोक्का राख्न नसक्ने जानकारी सम्बन्धित कार्यालयको तालुक मन्त्रालय वा विभागलाई दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम बजेट रकम निकासा दिँदा वैदेशिक सहयोग वा ऋण सहायता समावेश भएको योजनाको सम्बन्धमा महालेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट तोकेको कार्यविधि अनुसार निकासा दिनु पर्नेछ ।

(६) सालबसाली विनियोजन ऐन पारित नभएको अवस्थामा वा विनियोजन ऐन पारित भई उपनियम (१) र (२) बमोजिमका कागजातहरू प्राप्त भइनसकेको अवस्थामा बजेट रकम निकासा प्रक्रिया प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकिदिए बमोजिम हुनेछ ।

(७) उपनियम (३), (४), (५) र (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि जिल्ला स्थित सरकारी कार्यालयको निम्ति विनियोजित बजेट सम्बन्धित कार्यालयले दिएको भुक्तानी आदेश अनुसार सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा इकाई कार्यालयबाटै खर्च लेखी भुक्तानी दिनुपर्दा अपनाउनु पर्ने तरिका प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकिदिए बमोजिम हुनेछ ।

(८) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बजेट रकम निकासा र खर्च सम्बन्धमा मन्त्रालयले थप कार्यविधि तोकिदिन सक्नेछ ।

३४. **<u>साल तमाममा बाँकी रकम फिर्ता दाखिला गर्ने</u>**: आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहन आएको रकम देहाय बमोजिम फिर्ता दाखिला गर्नु पर्नेछः

(क) फ्रिज नहुने बजेट उपशीर्षक प्रत्येक वर्ष प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकिदिनेछ । त्यसरी फ्रिज नहुने भनी तोकेको उपशीर्षकहरूको हकमा बाहेक साल तमाम हुनु भन्दा कम्तीमा तीन दिन अगाडि नै सम्बन्धित कार्यालयहरूले भुक्तानी दिनु पर्ने रकमहरू भुक्तानी दिई आर्थिक कारोबार बन्द गर्नु पर्नेछ ।

(ख) खण्ड (क) को समय पछि पनि कार्यालयलाई अति आवश्यक काम परी खर्च गर्नु परेमा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा इकाई कार्यालयमा खर्चका विल भरपाई पूर्व लेखापरीक्षण गरी प्रदेश एकल कोष खाता प्रणाली अनुसार भुक्तानी लिनुपर्नेछ ।

(ग) प्रत्येक कार्यालयले लेखा अद्यावधिक राखे वा नराखेको, आवश्यक विवरणहरू तयार गरे वा नगरेको सम्बन्धमा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा इकाई कार्यालयले आकस्मिक निरीक्षण गरी सो बमोजिम गरेको नदेखिएमा तुरुन्त गर्न लगाई तालुक निकाय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रतिवेदन दिनु पर्नेछ ।

३५.<u>दैनिक कार्य सञ्चालन गर्न रकम निकासा गर्ने</u>: सालबसाली पेश्की खर्च ऐन वा विनियोजन ऐन लागू भई नियम ३३ को उपनियम (२) बमोजिम कार्यालयगत बजेट विवरण र कार्यक्रम प्राप्त नभएको अवस्थामा कार्यालयको दैनिक कार्य सञ्चालन गर्नको लागि प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकिदिए बमोजिमको रकम सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले प्रदेश एकल खाता कोष प्रणाली अनुसार भुक्तानी गर्न सक्नेछ । पेश्की खर्च ऐनअन्तरगत भुक्तानी तथा निकासा भएको रकम विनियोजन ऐन लागू भएपछि स्वतः विनियोजन ऐन बमोजिम भुक्तानी तथा निकासा भएको मानिनेछ ।

३६. <u>स्वीकृत बजेटबाट खर्च गर्ने</u>: (१) अधिकार प्राप्त अधिकारीले बाहेक अरू कसैले पनि खर्च गर्ने आदेश दिन वा खर्च स्वीकृत गर्न हुँदैन ।

(२) खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले देहायका कुराहरू विचार गरी खर्च गर्न र खर्च गर्ने निकासा दिनु पर्छः

(क) रकम स्वीकृत बजेट सीमाभित्र सम्बन्धित खर्च शीर्षकमा पर्दछ र खर्च गर्न बाँकी छ भने,

(ख) रकम कुनै योजनाको सम्बन्धमा भए सो योजना स्वीकृत भइसकेको छ भने,

(ग) रकम खर्च गर्नुभन्दा अघि खर्च गर्न निकासाको आदेश प्राप्त भइसकेको छ भने,र

(घ) वैदेशिक स्रोतबाट व्यहोर्नेमा स्रोत प्राप्त भइसकेको वा सम्झौता प्रभावकारी भएको छ भने ।

(३) सम्बन्धित उपशीर्षकमा विनियोजित एक समूहको खर्च शीर्षकको रकम अपर्याप्त छ र सो रकम खर्च नगरेमा सरकारी हानी नोक्सानी हुने वा सरकारी काममा बाधा पर्ने देखिएमा सोको स्पष्ट कारण खुलाई सोही उपशीर्षकको अर्को समूहको खर्च शीर्षकको मौज्दात रकमबाट खर्च गरी त्यस्तो काम भएको सात दिनभित्र त्यसरी खर्च गरेको रकम नियम ३८ बमोजिम नियमित गराउनु पर्नेछ ।

(४) यस नियमावली बमोजिम सम्बन्धित आर्थिक वर्षमा निकासा दिएको आदेश तथा रकम मध्ये खर्च नभई बाँकी रहेको रकम नियम ३४ को खण्ड (क) बमोजिम फिर्ता हुन नसकेमा सोही आर्थिक वर्षको समाप्तिमा स्वतः निष्क्रिय भएको मानिनेछ । नियम ३४ को खण्ड (क) बमोजिम फिर्ता दाखिला भएको रकम निकासामा घटाइनेछ ।

४०. <u>स्वीकृत बजेट नियन्त्रण गर्ने अधिकार</u>: यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सञ्चित कोष माथि व्ययभार हुने रकम बाहेक स्वीकृत बजेटमा मन्त्रालयले प्रदेश सञ्चित कोषको अवस्था अनुसार आवश्यक नियन्त्रण गर्न सक्नेछ ।

४१. <u>रकमान्तर तथा खर्च सम्बन्धी व्यवस्था</u>: (१) स्वीकृत बजेटको रकम एक बजेट उपशीर्षक, स्रोत वा खर्च शीर्षकबाट अर्को बजेट उपशीर्षक, स्रोत वा खर्च शीर्षकमा रकमान्तर गर्ने अधिकार मन्त्रालयको हुनेछ । सम्बन्धित कार्यालयबाट कारण सहित रकमान्तरको माग भई आएकोमा मन्त्रालयले आवश्यकतानुसार रकमान्तर गरी सो कुराको अभिलेख राख्ने व्यवस्थाको लागि त्यसको जानकारी त्यस्तो निकाय, प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका खर्च शीर्षकमा बाहेक अन्य खर्च शीर्षकहरूमा उपनियम (३) र (४) को अधीनमा रही सम्बन्धित मन्त्रालयका सचिव, विभागीय प्रमुख वा कार्यालय प्रमुखले रकमान्तर गर्न सक्नेछः

(क) दरबन्दी स्वीकृत नभएको तलब भत्ता,

(ख)अनुदान (ट्रान्सफर),

(ग) पूँजीमा अनुदान (सब्सिडी),

(घ) भैपरी आउने,

(ङ) विविध खर्च,

(च) फर्निचर, सवारी साधन र मेशिन औजार,

(छ) शेयर लगानी,

(ज) ऋण लगानी ।

(३) वार्षिक कार्यक्रम नघट्ने वा वार्षिक कार्यक्रममा बाधा नपर्ने र स्रोत फरक नपर्ने गरी कुनै एक उपशीर्षक भित्रको एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा मन्त्रालयकोभए सम्बन्धित सचिवले र विभाग वा अन्तर्गत कार्यालयको भए सम्बन्धित विभागीय प्रमुखले रकमान्तर गर्न सक्नेछ । यसरी रकमान्तर गर्दा जुन खर्च शीर्षकमा थप रकमान्तर गरिने हो सो खर्च शीर्षकमा विनियोजित रकमको पच्चीस प्रतिशत भन्दा बढी हुने गरी रकमान्तर गर्न पाइने छैन ।

(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयको निर्देशनमा प्रदेश लेखा नियन्त्रक कार्यालयले एक बजेट शीर्षकभित्रको एक उपशीर्षकबाट अर्को उपशीर्षकमा वैदेशिक श्रोत समावेश भएको बजेट उपशीर्षकतर्फको बाहेक साधारण बजेटबाट साधारण बजेटमा र विकास बजेटबाट विकास बजेटमा रकमान्तर गर्न सक्नेछ ।

(७) चालु वर्षको बजेटले नखाम्ने गरी बढी खर्च हुने गरी दायित्व श्रृजना गर्नु हुँदैन । तर विशेष कारण एवं परिस्थितिवश उपनियम (८) मा उल्लिखित खर्च शीर्षकहरूमा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने भएमा बील भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिनुपर्ने कारण खोली महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाई बार्षिक आर्थिक विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयबाट प्रमाणित गराई राख्नु पर्नेछ र त्यस्तो भुक्तानी दिन बाँकीको कच्चावारी आर्थिक विवरणका साथ तालुक निकाय, सम्बन्धित मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय तथा महालेखा परीक्षकको कार्यालयमा पठाउनु पर्नेछ ।

(८) उपनियम (७) बमोजिम दायित्व सिर्जना भई भुक्तानी दिन बाँकीको कच्चावारीमा रहेको खर्च रकममध्ये देहायको खर्चको भुक्तानी दिन बाँकी रहेमा चालु आर्थिक वर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा सम्बन्धित कार्यालयले देहायका खर्च शीर्षकमा भुक्तानी दिन सक्नेछः

(क) तलब (स्वीकृत दरबन्दीको),

(ख) भत्ता,

(ग) सरुवा भ्रमण खर्च तथा दैनिक भत्ता,

(घ) भाडा,

(ङ) लुगा तथा खाद्य पदार्थ, बिरामी र बन्दीको सिदा,

(च) कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसँग भएको सम्झौता बमोजिमको रकम,

(छ) दावी प्राप्त भइसकेको सेवा निवृत्त सुविधा ।

(९) उपनियम (८) मा उल्लिखित खर्च बाहेकका अन्य खर्चहरूको भुक्तानी स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको अवस्थामा दिन सकिनेछ ।

४४. **<u>आवधिक स्रेस्ता तथा विवरण पठाउने:</u>** (१) मन्त्रालय र विभाग, प्रदेश लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा इकाई कार्यालयको माग बमोजिम आवधिक स्रेस्ताको विवरण पठाउनु सबै कार्यालय प्रमुखको कर्तव्य हुनेछ ।

(२) उपनियम (१) बमोजिम आवधिक स्रेस्ताको विवरण दुई पटकसम्म ताकेता गर्दा पनि नपठाएमा त्यस्तो कार्यालय प्रमुख र सम्बन्धित जिम्मेवार कर्मचारीको तलब रोक्का गर्नु पर्नेछ । तलब रोक्का गर्दा पनि नपठाएमा प्रचलित कानून बमोजिम विभागीय कारवाही गर्नु पर्नेछ ।

४५. **<u>आय व्यय ठीकसँग भएको छ भन्ने कुरामा विश्वस्त हुन ध्यान दिनुपर्ने</u>:** अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको दृष्टिकोणले देहायका कुराहरूमा ध्यान दिई देहाय बमोजिम सरकारी रकम निकासा दिनु वा खर्च गर्नु पर्नेछ । कारोबार र लेखाङ्कन भए पछि पनि भए गरेका कारोबारमा आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनु पर्नेछः

(क) सालबसाली विनियोजन ऐन बमोजिम सेवा तथा कार्यहरूमा खर्च गर्न विभिन्न शीर्षक तथा उपशीर्षकमा स्वीकृत भएका रकम सो सेवा तथा कार्यका निमित्त स्वीकृत सीमाभित्र रही सोही प्रयोजनको लागि खर्च भएको छ,

(ख) आर्थिक कारोबार प्रचलित कानून बमोजिम छ र आम्दानी खर्चका कलमहरूको प्रमाण पुगेको छ,

(ग) महालेखा परीक्षकको कार्यालयबाट तोकिएको ढाँचा अनुरूप लेखा राखिएको छ,

(घ) आर्थिक विवरणले त्यसमा लेखिएको अवधिको आर्थिक कारोबारको यथार्थ चित्रण गर्दछ,

(ङ) सरकारी सम्पत्तिको लगत दुरुस्त र अद्यावधिक छ, सरकारी सम्पत्तिको सुप्रबन्ध र संरक्षण भएको छ,

(च) नगदी वा जिन्सी तथा अन्य सरकारी सम्पत्ति समेतको हानी नोक्सानी र दुरूपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था छ र त्यसको अनुशरण गरिएको छ,

(छ) राजस्व र अरू समस्त आम्दानी र धरौटी समेतको लेखा ठीक छ र असुल तहसिल गर्ने र लेखा राख्ने तरिकाहरूको पर्याप्त पालना गरिएको छ,

(ज) सरकारी ऋण, जमानत, निक्षेप, ऋण निवारण कोष तथा ऋण विमोचनका निमित्त छुट्याइएका र विमोचन गरिएको रकमहरूको लेखा यथार्थ छ,

(झ) औद्योगिक तथा व्यावसायिक सेवाहरू भए त्यसको आम्दानी खर्च, लेखा, त्यसको जिन्सी नगदी मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियमहरू पर्याप्त छन् र तिनीहरूको पालना गरिएको छ,

(ञ) कार्यालयको संगठन, व्यवस्थापन तथा कार्य विभाजन यथेष्ठ र समुचित छ र सो अनुसार कार्य सञ्चालन भएको छ,

(ट) कुनै काम अनावश्यक रूपमा दोहोरो हुने गरी विभिन्न कर्मचारी वा निकायबाट गरिएको छैन र आवश्यक काम गर्न छुटाएको छैन,

(ठ) उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको छ र हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको छ,

(ड) कार्यक्रम अनुसार निर्धारित समयभित्र प्रगति भएको छ र कामको गुणस्तर र परिमाण समेत सन्तोषजनक छ,

(ढ) कार्यालयको उद्देश्य र नीति स्पष्ट छ र निर्दिष्ट उद्देश्य तथा नीति अनुरूप कार्यक्रम तयार भएको छ,

(ण) स्वीकृत लागत खर्चको सीमाभित्र रही कार्यक्रम सञ्चालन गरिएको छ र लागतको तुलनामा प्राप्त प्रतिफल मनासिब छ,

(त) लक्ष्य प्रगति तथा लागत खर्चको आँकडा राख्ने व्यवस्था पर्याप्त र भरपर्दो छ,

(थ) निकासा अनुसार खर्च गरेको भए तापनि बेमुनासिव तरिकाले वा चल अचल राष्ट्रिय धन बर्बाद हुने गरी खर्च भएको छैन तथा खर्च र निकासा औचित्यपूर्ण छ,

(द) चल अचल राष्ट्रिय धनको अनुदान वा राजस्वको अभिहस्ताङ्कन वा खानी, जंगल, जलशक्ति आदिको सुविधा प्रदान सम्बन्धमा पट्टा, लाइसेन्स, अधिकार र कुनै अन्य प्रकारबाट राजस्व वा चल अचल राष्ट्रिय धन त्याग गर्ने गरी जारी गरिएका सबै निकासाहरू औचित्यपूर्ण छन्,

(ध) आवधिक आर्थिक विवरणहरू समयमा तयार भएका छन् र समयमा पेश हुने गरेका छन् ।

८५. <u>मासिक तथा वार्षिक विवरण तयार गरी पेश गर्ने</u>: (१) प्रत्येक कार्यालयले महिना भुक्तान भएको सात दिन भित्र खर्चको फाँटवारी, फछ्र्यौट हुन बाँकी पेश्कीको मास्केबारी र बैंक हिसाबको विवरण, राजस्वको मास्केबारी, राजस्वको बैंक हिसाबको विवरण, धरौटीको मास्केबारी, धरौटीको बैंक हिसाबको विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा र नियम ८७ बमोजिम तालुक निकायमा पठाउनु पर्नेछ ।

(२) वैदेशिक सहायता समावेश भएका आयोजना वा कार्यालयहरूले उपनियम (१) बमोजिम विवरण पठाउँदा वस्तुगत सहायता, सिधै भुक्तानी, टर्नकी बेसिसको सहायता, प्राविधिक र अन्य सहायता र शोधभर्ना हुने रकम, दातृ संस्था, स्रोतको प्रकार र रकम नं. समेतको विवरण पठाउनु पर्नेछ ।

(३) प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको पैंतीस दिनभित्र उपनियम (२) मा उल्लिखित विवरण समेत समावेश गरी वार्षिक आर्थिक विवरण तयार गरी सो आर्थिक विवरण साथ आर्थिक वर्षको अन्तमा बाँकी रहेको पेश्कीको विवरण, भुक्तानी हुन बाँकीको कच्चावारी संलग्न गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय, तालुक निकाय र प्रदेश लेखा इकाई कार्यालयमा पठाउनु पर्नेछ ।

८६. **आर्थिक विवरण जाँची पठाउने:** प्रदेश लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा इकाई कार्यालयले नियम ८५ को उपनियम (२) र (३) बमोजिम पेश हुन आएको विवरणमा वार्षिक बजेट, रकमान्तर, निकासा, खर्च, बाँकी रकम,बैंक हिसाब र फ्रिज विवरण समेत भिडाई प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकिदिएको समय भित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा एकप्रति र विभाग वा मन्त्रालय वा तालुक निकायमा एकप्रति पठाउनु पर्नेछ ।

८७. **प्रदेशको केन्द्रीय लेखा राख्ने दायित्व:** यस नियमावली बमोजिम सम्बन्धित कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा इकाई कार्यालयबाट प्राप्त विवरणको आधारमा देहाय बमोजिम केन्द्रीय लेखा राख्नु पर्नेछः

(क) विभाग भएकोमा विभागले र विभाग नभएकोमा सम्बन्धित मन्त्रालय वा संवैधानिक अङ्ग तथा निकायले केन्द्रीय लेखा राख्नु पर्नेछ ।

(ख) विभाग भएको मन्त्रालयले प्रत्येक चार महिनामा विभागबाट केन्द्रीय आर्थिक विवरण लिई तथा विभाग नभएको मन्त्रालय र संवैधानिक अङ्ग तथा निकायहरू आफैले अन्तर्गत कार्यालयको केन्द्रीय विवरण तयार गर्नु पर्नेछ । विभागले समेत आफू अन्तर्गतका कार्यालयको केन्द्रीय आर्थिक विवरण तयार गरी मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(ग) चालू आर्थिक वर्षको बजेट कार्यान्वयनको स्थिति मूल्याङ्कनको लागि प्रत्येक मन्त्रालयले तथा निकायहरूले चैत्र महिनामा संशोधित अनुमान तयार गरी मन्त्रालयमा पठाउनुपर्नेछ ।

(घ) खण्ड (क) बमोजिम प्रदेशको केन्द्रीय लेखा राख्दा वार्षिक बजेट, स्रोतान्तर, रकमान्तर, निकासा, खर्च, वस्तुगत सहायता, सिधै भुक्तानी, टर्नकी बेसिसको सहायता, प्राविधिक र अन्य सहायता र शोधभर्ना हुने रकमको दातृ संस्था, स्रोतको प्रकार समेत खुल्ने गरी लेखा राख्नु पर्नेछ र यस्ता विवरणहरू समेत समावेश भएको आर्थिक विवरण तयार गरी चौमासिक भुक्तान भएको अर्को महिना भित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ ।

(ङ) प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश लेखा इकाई कार्यालयहरूबाट प्राप्त विवरणहरूको आधारमा राजस्व, धरौटी र नगदतर्फको निकासा र खर्चको वार्षिक केन्द्रीय विवरण तयार गर्नु पर्नेछ ।

(च) मन्त्रालयले वार्षिक केन्द्रीय विवरण तयार गर्दा नगदतर्फको निकासा र खर्च प्रदेश लेखा नियन्त्रक कार्यालयसँग भिडेको प्रमाण सहित नियम ८५ को उपनियम (२) बमोजिमको विवरण समेत एकीकृत गरी मन्त्रालय अन्तर्गतको केन्द्रीय वार्षिक आर्थिक विवरण तयार गरी कार्तिक मसान्त भित्र महालेखा परीक्षकको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ ।

(छ) खण्ड (च) बमोजिमको विवरण मन्त्रालयबाट प्राप्त भए पछि प्रदेश लेखा नियन्त्रक कार्यालयले नगद, सोझै भुक्तानी तथा वस्तुगत सहायता वा ऋण समेतको लेखा राखी एकीकृत वार्षिक आर्थिक विवरण तयार गरी मंसिर मसान्तभित्र महालेखा परीक्षकको कार्यालय,महालेखा नियन्त्रक कार्यालय र मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

८९. **लेखा तथा आर्थिक विवरण पेश गर्नुपर्ने:** यस नियमावली बमोजिम सम्बन्धित निकाय वा कार्यालयमा लेखा तथा आर्थिक विवरण पेश गर्नु र प्रदेश लेखा नियन्त्रक कार्यालय तथा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले माग गरे बमोजिम आवधिक लेखा तथा आर्थिक विवरण र वैदेशिक सहायताका विवरण, वस्तुगत सहायता, सिधै भुक्तानी, टर्नकी बेसिसको सहायता, प्राविधिक र अन्य सहायताको दातृ संस्था र स्रोतको प्रकार समेत खुल्ने निकासा र खर्चको विवरण समेत पेश गर्नु सम्पूर्ण कार्यालय प्रमुखको कर्तव्य हुनेछ । यस नियमावली बमोजिम लेखा तथा आर्थिक विवरण मनासिब माफिकको कारण बेगर पेश गर्नुपर्ने समयमा पेश नगर्ने कार्यालय प्रमुख उपर प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत चलाउन सकिनेछ ।

९०. **वार्षिक आर्थिक कारोबार प्रतिवेदन:** (१) प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आफ्नो आर्थिक कारोबार (नगदी, जिन्सी, आय–व्यय) को अनुसूची-१५ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको एक्काईस दिनभित्र दुईप्रति सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश लेखा इकाई कार्यालय र एकप्रति तालुक निकायमा पठाउनु पर्नेछ ।

९५. **आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्था:** (१) प्रत्येक मन्त्रालय, सचिवालय, निकाय तथा अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न कामको प्रकृति अनुसार तयार गरिएको आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्नु गराउनु लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुनेछ । सम्बन्धित मन्त्रालय, सचिवालय, निकायका लेखा उत्तरदायी अधिकृतसँग समन्वय गरी मन्त्रालयले यो नियमावली जारी भएको मितिले एक वर्षभित्र आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका तयार गरिसक्नु पर्नेछ ।

१०९. **सचिवालय तथा निकायका प्रशासकीय प्रमुख र मन्त्रालयका सचिवको काम कर्तव्य:** (१) ऐन तथा यस नियमावलीमा अन्यत्र उल्लेख भएको काम र कर्तव्यको अतिरिक्त सचिवालय तथा निकायको प्रशासकीय प्रमुख तथा मन्त्रालयका सचिवको आर्थिक प्रशासन सम्बन्धी काम र कर्तव्य देहाय बमोजिम हुनेछ:

(क) बजेट तर्जुमा दिग्दर्शन तथा मन्त्रालयले समय समयमा तोके अनुसार बजेट र कार्यक्रम तयार गरी सम्बन्धित निकायमा पेश गर्ने,

(ख) मातहत कार्यालयको कुनै रकमको निकासा पूरै वा आंशिक रोक्का राखु परेमा तदनुसार रोकी त्यसको सूचना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, सम्बन्धित प्रदेश लेखा इकाई कार्यालय र मातहत कार्यालयलाई दिने,

(ग) प्रदेश लेखा इकाई कार्यालय र मातहतका कार्यालयहरूबाट प्राप्त विवरणका आधारमा प्रदेश भित्रको केन्द्रीय लेखा राख्ने,

(घ) खण्ड (ग) बमोजिम तयार गरिएको केन्द्रीय लेखाको आधारमा वैदेशिक ऋण तथा सहायता समेत समावेश गरी केन्द्रीय आर्थिक विवरण तयार गर्ने र महालेखा परीक्षकको कार्यालयमा पेश गरी लेखापरीक्षण गराउने । त्यस्तो आर्थिक विवरण एक प्रति प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने,

(ङ) बजेट शीर्षक उपशीर्षक अन्तर्गतको राजस्व विनियोजन, खर्च, धरौटी तथा जिन्सीको लेखा परीक्षणबाट कायम भएको बेरुजुको लगत स्वीकृत ढाँचामा राखी फछ्र्यौट गराउने र त्यसको मासिक र वार्षिक विवरण बेरुजु फछ्र्यौट मूल्याङ्कन र अनुगमन समिति तथा प्रदेश लेखा नियन्त्रक कार्यालयमा समेत पठाउने,

(च) कुनै कार्यालयको निमित्त स्वीकृत बजेट रकममा थप रकमको व्यवस्था गर्नु परेमा वा आफ्नो अधिकार भन्दा बढी रकमको रकमान्तर गर्न परेमा मन्त्रालयबाट निकासा गराई पठाउने,

(छ) मातहतका कार्यालयहरूको सुपरिवेक्षण र अनुगमन गरी गराई आर्थिक अनुशासन र निर्देशनहरू पालना गर्न लगाउने,

(ज) मातहतका कार्यालयहरूले लेखापरीक्षण गराए वा नगराएको र गराएकोमा निस्केको बेरुजुको जवाफ समयमा दिए वा नदिएको, जवाफ वा प्रमाण पेश गरेकोमा फछ्र्यौट भए वा नभएको जानकारी राख्ने र रेखदेख, निरीक्षण, अनुगमन गरी फछ्र्यौट नभएकोमा गर्न लगाउने

(झ) कार्य सञ्चालन कोष अन्तर्गत खडा भएका कोष तथा अन्य सरकारी कोषको हिसाब महालेखा परीक्षकको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने,

(ञ) प्रचलित कानूनले तोकेको अन्य कार्य गर्ने ।

१११. <u>मन्त्रालयको काम र कर्तव्यः</u> ऐन तथा यस नियमावलीमा अन्यत्र उल्लेख भएको काम र कर्तव्यको अतिरिक्त मन्त्रालयको आर्थिक प्रशासन सम्बन्धी काम र कर्तव्य देहाय बमोजिम हुनेछः

(क) कुनै कार्यालयको कुनै रकमको निकासा पूरै वा आंशिक रूपले रोक्नु परेमा तदनुसार निकासा रोकी प्रदेश लेखा इकाइ कार्यालय, सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र सचिवालय तथा निकाय र सम्बन्धित मन्त्रालयलाई सूचना गर्ने,

(ख) कुनै कार्यालयको निमित्त स्वीकृत बजेट बमोजिमको रकममा नपुग रकमको व्यवस्था गर्न वा रकमान्तर गर्न परेमा सालबसाली विनियोजन ऐनको परिधिभित्र रही निकासा दिने र त्यसको बोधार्थ महालेखा परीक्षकको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिने ।

११२. <u>आर्थिक प्रशासन शाखा प्रमुखको काम र कर्तव्यः</u> (१) कार्यालय प्रमुखको उत्तरदायित्वमा आर्थिक प्रशासन शाखा प्रमुखको काम र कर्तव्य देहाय बमोजिम हुनेछः

(क) कार्य सञ्चालन तथा प्रशासनिक खर्चतर्फको बजेट तर्जुमा गर्ने र कार्यक्रमतर्फको बजेटको हकमा योजना र कार्यक्रम हेर्ने सम्बन्धित शाखा वा महाशाखालाई सहयोग गर्ने ।

११३. <u>आर्थिक कार्यविधि सम्बन्धी आन्तरिक निर्देशिका बनाउन सकिने</u>ः आफ्नो मन्त्रालय अन्तर्गत सञ्चालित आयोजना वा कार्यसँग सम्बन्धित आर्थिक कारोबारलाई सुव्यवस्थित ढंगबाट सञ्चालन गर्नको निमित्त विषयगत मन्त्रालय तथा निकायले यस नियमावलीको अधीनमा रही मन्त्रालयको सहमति लिई आर्थिक कार्यविधि सम्बन्धी आन्तरिक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

११४. <u>अधिकार प्रत्यायोजनः</u> (१) यस नियमावली बमोजिम व्यवस्था भएका मिन्हा दिने, योजना स्वीकृत गर्ने, लागत अनुमान संशोधन गर्ने कबुलियतनामा संशोधन गर्ने अधिकार प्रत्यायोजन गर्न सकिने छैन ।

११६. **सल्लाहकार समिति गठन गर्न सकिने:** कुनै आयोजना वा कार्यालय वा विभागलाई निर्माण सुधार सम्बन्धी काममा गम्भीर प्राविधिक, आर्थिक र सामाजिक समस्या श्रृजना भई आयोजना कार्यान्वयनमा बाधा पर्ने स्थिति उत्पन्न भएमा व्यहोरा खोली सम्बन्धित सचिव समक्ष पेश गर्नु पर्नेछ । सम्बन्धित सचिवले आफ्नो र आवश्यकता भए अन्य मन्त्रालयका विज्ञ कर्मचारी समेत समावेश भएको सल्लाहकार समिति गठन गरी सो समितिको सिफारिस अनुसार आवश्यक निर्देशन दिनु पर्नेछ ।

११७. **अधिकारमा हस्तक्षेप गर्न नहुने:** (१) यस नियमावली बमोजिम कुनै अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्राप्त गरेका अधिकारीको अधिकारमा तालुक निकाय वा पदाधिकारीले हस्तक्षेप गर्न पाइने छैन। अधिकारको दुरूपयोग भएको भन्ने तालुक निकायलाई लागेमा तत्काल तत्सम्बन्धी छानबिन गर्न कर्मचारी खटाउने वा सम्पूर्ण व्यहोरा खुलाई तत्सम्बन्धी छानबिन गर्ने निकायमा अनुरोध गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको व्यवस्थाले तालुक निकायको सुपरिवेक्षण, अनुगमन गर्ने, निर्देशन दिने अधिकारलाई सीमित गरेको मानिने छैन ।

१२०. **बैठक भत्ता:** यस नियमावली बमोजिम गठन भएका समितिहरूको बैठक कार्यालय समयभित्र हुन नसकी कार्यालय समय अघि वा पछि गर्नु परेमा त्यस्तो बैठकमा उपस्थित हुने सदस्यलाई मन्त्रालयले तोके बमोजिमको दरमा बैठक भत्ता दिइनेछ ।

१२१. **प्रतिवद्धता लेखा सम्बन्धी व्यवस्था:** प्रतिवद्धता लेखा राख्ने, संचालन गर्ने, कार्यविधि तोक्ने तथा नियन्त्रणसम्बन्धी अन्य व्यवस्था प्रदेश लेखा नियन्त्रक कार्यालयबाट निर्धारण गरे बमोजिम हुनेछ ।

१२२. **प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा रकम हस्तान्तरण सम्बन्धी व्यवस्था:** (१)प्रदेश सरकारले विनियोजन ऐनमा समावेश भएको स्थानीय तहलाई हस्तान्तरण हुने अुनदान राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगद्धारा निर्धारण गरेको सू (विधि) अनुसार हुने गरी बजेट तर्जुमा गर्नु अगाडि नै स्थानीय तहमा पठाउनु पर्नेछ ।

(२) वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान र अन्य अनुदानको रुपमा स्थानीय सञ्चित कोषमा जम्मा हुने रकम हस्तान्तरण गर्दा मन्त्रालयले निर्धारण गरे बमोजिम किस्ताबन्दी वा एकमुष्ठ रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत पठाउनु पर्नेछ ।

(३) समपूरक अनुदान, विशेष अनुदान लगायतको रकम हस्तान्तरण तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था सम्बन्धित कार्यविधिमा व्यवस्था भए बमोजिम हुनेछ ।त्यस्तो व्यवस्था नभए सम्म यस्तो अनुदान रकम हस्तान्तरण सम्बन्धी व्यवस्था मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

१२३. **निर्देशिका बनाउन सकिने:** (१) यस नियमावलीमा व्यवस्था भएका कुनै कुरा प्रष्ट नभएमा मन्त्रालयले आवश्यक निर्देशिका मन्त्रिपरिषद्को स्वीकृति लिई लागू गर्न सक्नेछ ।

(२) मन्त्रालय वा मन्त्रालयको समन्वयमा कर्णाली प्रदेश योजना आयोगले बहुवर्षीय आयोजना सञ्चालनका लागि छुट्टै निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

१२५. **आर्थिक दायित्व पर्ने विषयमा मन्त्रालयको सहमति लिनु पर्ने:** यस नियमावलीमा उल्लेख भएकोमा बाहेक कुनै पनि कार्यालयले थप सुविधा वृद्धि गरी आर्थिक दायित्व पर्ने निर्णय गर्दा गराउँदा वा कुनै कार्य गर्नु पर्दा मन्त्रालयको पूर्व सहमति लिएको हुनु पर्नेछ ।

अनुसूची-१

(नियम १९ (१) सँग सम्बन्धित)

मध्यकालीन खर्च संरचना

मन्त्रालय/निकायः

क्षेत्र (सेक्टर):

१. पृष्ठभूमि

२. सोच (भिजन)

३. ध्येय (मिसन)

४. लक्ष्य (गोल)

५. उद्देश्य (अब्जेक्टिब्स)

६. मध्यमकालीन नीति/रणनीति

७. मध्यमकालीन समष्टिगत आर्थिक खाका

८. मध्यमकालीन रणनीति अन्तर्गतका कार्यक्रम/आयोजनाको विवरण

८.१ कार्यक्रम/आयोजनाको उद्देश्य, खर्च आवश्यताको पुष्टयाईं तथा कार्यान्वयन गर्ने निकाय

कार्यक्रम/ आयोजना	उद्देश्य	आयोजना अवधि		लागत तथा पुष्टयाईं		कार्यान्वयन गर्ने निकाय (विभाग/कार्यालय)
		सुरु आ.व.	समाप्ति आ.व	लागत (हजार)	पुष्टयाईं	
१	२	३	४	५	६	७

८.२ प्राथमिकताक्रम, दिगो विकास लक्ष्य, गरिबी, लैंगिक र जलवायु संकेत

क्र. सं.	बजेट उपशीर्षक	कार्यक्रम/ आयोजना	रणनीतिक स्तम्भ	प्राथमिकता क्रम	दीगो विकास लक्ष्य सङ्केत	गरिबी न्यूनीकरण सङ्केत	लैङ्गिक सङ्केत	जलवायु सङ्केत
१	२	३	४	५	६	७	८	९

९. कार्यक्रम/आयोजनाको विगतको उपलब्धि

९.१ गत आ.व. ..... सम्मको उपलब्धि

९.२ कार्यक्रम/आयोजनाको लक्षित प्रतिफल सूचक र उपलब्धि

कार्यक्रम/ आयोजना	प्रतिफल सूचक	एकाई	(अघिल्लो आ.व. ..) *		(चालु आव. ..) *	
			लक्ष्य	उपलब्धि	लक्ष्य	अनुमानित उपलब्धि
१	२	३	४	५	६	७

स्पष्टीकरणः *आ.व. २०७५।७६ को बजेट निर्माण गर्ने हो भने अघिल्लो आ.व. भन्नाले आ.व. २०७३।७४ र चालु आ.व. भन्नाले २०७४।७५ लाई जनाउँछ ।*

९.३ बजेटः विनियोजन र उपलब्धि *(ने.रु. हजारमा)*

क्र. सं.	बजेट उपशीर्षक	कार्यक्रम/आयोजना	(अघिल्लो आ.व. ..) *		(चालु आव. ..) *	
			विनियोजन	यथार्थ खर्च	विनियोजन	संशोधित अनुमान
१	२	३	४	५	६	७

१०. प्रति इकाइ लागत अनुमान

क्र. सं.	विवरण	एकाई	प्रति एकाई लागत	कैफियत
१	२	३	४	५

११. मध्यमकालीन खर्च अनुमान

११.१ मध्यमकालीन खर्च अनुमानको विनियोजन तथा स्रोत प्रक्षेपण (तीन आ.व.को) *(ने.रु. हजारमा)*

क्र.सं.	बजेट उपशीर्षक	कार्यक्रम/आयोजना	आ.व. प्रथमको विनियोजन र स्रोत							आ.व. द्वितीयको विनियोजन र स्रोत							आ.व. तृतीयको विनियोजन र स्रोत						
			कूल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण	कूल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण	कूल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	नेपाल सरकार	वैदेशिक अनुदान	वैदेशिक ऋण
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०	२१	२२	२३	२४

उदाहरणः आर्थिक वर्ष प्रथम, द्वितीय र तृतीय भन्नाले बजेट तर्जुमा गरिने आ.व. देखि क्रमशः तीन आ.व.लाई जनाउँछ ।

११.२ कार्यान्वयन गर्ने एकाईहरूका कार्यक्रम/आयोजनाको मध्यमकालीन खर्च अनुमान

(ने.रु. हजारमा)

कार्यान्वयन गर्ने एकाई	कार्यक्रम/ आयोजना	गत आ.व. ..... को वास्तविक खर्च	चालु आ.व. ... को		मध्यमकालीन खर्च अनुमान (आगामी तीन आ.व.)		
			बजेट	संशोधित खर्च अनुमान	आ.व. पहिलो	आ.व. दोस्रो	आ.व. तेस्रो
१	२	३	४	५	६	७	८

१२. क्षेत्रगत नतिजा सूचक र लक्ष्य

१२.१ क्षेत्रगत नतिजा सूचक

सूचक	एकाई	गत आ.व. ... सम्मको वास्तविक उपलब्धि	चालु आ.व. ..... को संशोधित उपलब्धि	मध्यकालीन लक्ष्य (तीन आ.व.)		
				आ.व. पहिलो	आ.व. दोस्रो	आ.व. तेस्रो
१	२	३	४	५	६	७

१२.२ कार्यक्रम/आयोजनाको प्रतिफल सूचक र मध्यमकालीन लक्ष्य

कार्यक्रम/आयोजना	प्रतिफल सूचक	एकाई	मध्यकालीन लक्ष्य		
			आ.व. पहिलो	आ.व. दोस्रो	आ.व. तेस्रो
१	२	३	४	५	६

१३. समस्या तथा चुनौतीहरू

१४. निष्कर्ष तथा आगामी कार्यदिशा

अनुसूची-२

(नियम २१ को उपनियम (१) सँग सम्बन्धित)

वार्षिक कार्यक्रम

१. आ.व.
२. बजेट उपशीर्षक नं.
३. मन्त्रालय
४. विभाग/संस्था
५. कार्यक्रम आयोजनाको नाम
६. स्थान (क) जिल्ला
(ख) गा.पा./न.पा./वडा नं.
७. आयोजना सुरु भएको मिति
८. आयोजना पूरा हुने मिति
९. आयोजना/कार्यालय प्रमुखको नाम

१०. वार्षिक बजेट रु.
(क) आन्तरिक (१) नेपाल सरकार
(२) संस्था
(३) जनसहभागिता
(ख) वैदेशिक (१) ऋण
(२) अनुदान
(ग) दातृ संस्था

११. आयोजनाको कूल लागतः सुरुको संशोधित
(क) आन्तरिक (१) नेपाल सरकार
(२) संस्था
(३) जनसहभागिता
(ख) वैदेशिक (१) ऋण
(२) अनुदान
१२. गत आ.व. सम्मका खर्च रु. (सोझै भुक्तानी र वस्तुगत समेत
(क) आन्तरिक (१) नेपाल सरकार
(२) संस्था
(३) जनसहभागिता
(ख) वैदेशिक (१) ऋण
(२) अनुदान

(रु. हजारमा)

क्र.सं.	कार्यक्रम/ क्रियाकलाप	एकाई	आयोजनाको कुल क्रियाकलापको			सम्पूर्ण कार्यमध्ये गत आ .व.सम्मको		वार्षिक लक्ष्य			प्रथम चौमासिक			दोश्रो चौमासिक			तेश्रो चौमासिक			कैफियत
			परिमाण	लागत	भार	सम्पन्न परिमाण	भारित प्रगति	सूचक	भार	बजेट	सूचक	भार	बजेट	सूचक	भार	बजेट	सूचक	भार	बजेट	
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०	
(क)	जम्मा																			
(ख)	प्रशासनिक खर्च																			
(ग)	कुल जम्मा																			

आयोजना/कार्यालय प्रमुख
मितिः

विभागीय/संस्था प्रमुख
मितिः

प्रमाणित गर्ने
मितिः

फाराम भर्ने निर्देशिका:

विकास आयोजनाहरूको प्रत्येक आर्थिक वर्ष गरिने वार्षिक कार्यक्रम यस फारामको ढाँचामा तयार गर्नु पर्दछ र स्वीकृत गर्ने निकायबाट स्वीकृत भएको हुनु पर्दछ। फाराम भर्ने तरिका यस प्रकारछः-

महल नं. १क्रमसंख्याः आयोजनाको सम्पूर्ण कार्यहरूको क्रमसंख्या लेख्ने।

महल नं.२कार्यक्रम/क्रियाकलापहरूः आयोजनाको निर्धारित उद्देश्य हासिल गर्न गरिने भौतिक कार्यहरू र त्यसअन्तर्गतका क्रियाकलापहरू नाप्न सकिने इकाईहरूमा विभाजन गरी उल्लेख गर्नु पर्दछ।

महलनं. ३ एकाईः महल नं.२ मा उल्लिखित क्रियाकलापको परिमाण, संख्या आदि जनाउने जस्तैः गोटा, घनमिटर, किलोमिटर, जना, प्रतिशत आदि उल्लेख गर्ने।

आयोजनाको कुल क्रियाकलाप अन्तर्गत तीन महलहरू छन्:

महलनं. ४ परिमाणः सम्पूर्ण आयोजना, अवधिभरमा सम्पन्न गर्नु पर्ने प्रत्येक क्रियाकलाप महल नं.२ मा उल्लिखित क्रियाकलापको कुल भौतिक परिमाण र संख्या आदि उल्लेख गर्ने।

महल नं. ५ लागतः महलनं. २ मा उल्लिखित क्रियाकलाप पूरा गर्न एप्राइजल अनुसार लाग्ने रकम उल्लेख गर्ने।

महल नं. ६ भार प्रत्येक क्रियाकलापको भार निर्धारण गर्दा सम्बन्धित क्रियाकलापहरूको महल नं. ५ मा छुट्याइएको लागतलाई १०० ले गुणन गरी सोही महलको हरफको जम्मा रकमले भाग गरी आउने अंशलाई लेख्ने।

सम्पूर्ण कार्यमध्ये गत आ.व. सम्मको कोलम अन्तर्गत दुई महलहरू छन्:

महल नं. ७ सम्पन्न परिमाणः आयोजना शुरु भएदेखि यो कार्यक्रम कार्यान्वयन गरिने वर्षभन्दा अघिल्लो वर्ष (गत आ.व.) सम्म सम्पन्न गरी सकेको सम्बन्धित क्रियाकलापहरूको परिमाण, संख्या आदि उल्लेख गर्ने।

महल नं. ८ भारित प्रगतिः गत आ.व. सम्म सम्पन्न भई सकेका सम्बन्धित क्रियाकलापहरूको प्रगति आयोजना अवधिभरका लागि निर्धारित भारको आधारमा प्रतिशत उल्लेख गर्ने। भारित प्रगति निकाल्दा त्यस अवधिसम्मको प्रगति र कुल क्रियाकलापको अनुपातलाई त्यस क्रियाकलापको निर्धारित भारले गुणन गर्नु पर्दछ। उदाहरणको लागि कालो पत्रे सडक निर्माणको कुल क्रियाकलाप (१००%) मध्ये गत आ.व. सम्मको प्रगति ५० प्रतिशत भयो र कालो पत्रे सडकको भार ६०% छ भने गत आ.व. सम्मको भारित प्रगतिः

$$\frac{\text{प्रगति} \times \text{भार}}{\text{लक्ष्य}} = (५० \times ६० / १०० = ३० \text{ प्रतिशत हुन्छ ।})$$

वार्षिक लक्ष्य अन्तरगत तीन महलहरू छन्:

महल नं. ९ सूचकः महल नं. २ मा उल्लिखित क्रियाकलापको स्वीकृत वार्षिक कार्यक्रम अनुसारका सूचक (संख्या, परिमाण आदि) उल्लेख गर्ने।

महल नं. १० भारः प्रत्येक क्रियाकलापको भार निर्धारण गर्दा सम्बन्धित क्रियाकलापको महलनं. ११ मा छुट्याइएको बजेटलाई १०० ले गुणन गरी सोहि महलको हरफ (क) को जम्मा रकमले भाग गरी आउने अंशलाई राख्ने। उदाहरणको लागि सिंचाई आयोजनाको कुल बजेट रु. ५५ लाख छ र सो बजेटमध्ये हेड वर्क्स निर्माणको लागि रु. ३० लाख, नहर निर्माणको लागि रु. १ ०लाख, पाईप कल्भर्टको लागि रु.१० लाख र प्रशासनिक खर्च रु ५ लाख छ भने यी क्रियाकलापहरूको भार क्रमशः यस प्रकार निकाल्नु पर्दछः

कुल बजेटरु. ५५ लाखमध्ये प्रशासनिक खर्च रु. ५ लाख भएकोले प्रशासनिक खर्च कटाई बाँकी हुन आउने आयोजनाको कुल रकम रु. ५० लाख भयो।

अतः

हेड वर्क्स निर्माणको भारः $\frac{30x100}{50}$=६0

नहर निर्माण को भारः $\frac{10x100}{50}$=20

पाईप कल्भर्टको भारः $\frac{१०x१००}{५०}$=२०

प्रशासनिक खर्चको भार हुँदैन र कुल भार १०० हुनुपर्दछ।

महल नं. ११ बजेटः स्वीकृत वार्षिक कार्यक्रम अनुसारका प्रत्येक कार्यक्रम वा क्रियाकलापहरू पूरा गर्न छुट्याइएको रकम लेख्ने।

चौमासिक विभाजनहरूः-

प्रथम चौमासिकसम्मको लक्ष्य महलमा भर्नु पर्दा वार्षिक लक्ष्यलाई मध्यनजर राखी प्रथम, द्वितीय र तृतीय चौमासिक अवधिमा विभाजन गर्नु पर्दछ। सूचकमा उल्लेख भएको परिमाणलाई कार्ययोजना बनाई कुन चौमासिक अवधिमा के कति परिमाण सम्पन्न गर्न सकिने हो सो को आधारमा विभाजन गरी देहाय बमोजिम राख्नु पर्दछः

महल नं. १२, १५ र १८ सूचकः महलनं.२मा उल्लिखित क्रियाकलापको महलनं. ९ मा उल्लिखित सूचकलाई तीन चौमासिकमा विभाजन गर्नु पर्दछ। उदाहरणको लागि हेड वर्क्स निर्माण कार्यको वार्षिक सूचक १५० मिटर भए यही १५० मिटरलाई तीन चौमासिकमा बराबर वा कार्ययोजना अनुसार घटी बढी गरी विभाजन गर्न सकिन्छ।

महल नं. १३, १६ र १९ भारः महलनं. १० मा उल्लिखित वार्षिक भारलाई सूचकको परिमाणको अनुपातमा चौमासिक भार विभाजन गर्नु पर्दछ। उदाहरणको लागि हेड वर्क्स निर्माण कार्यको वार्षिक भार ६० भएकोमा सूचकको चौमासिक विभाजन बराबर भएको अवस्थामा प्रत्येक चौमासिक भारको विभाजन २०, २० हुन्छ। सूचक १५० मिटरको चौमासिक विभाजन क्रमशः ०, ५० र १०० भए चौमासिक भारको विभाजन पनि क्रमशः ०, २० र ४० हुन्छ।

महल नं. १४, १७ र २० बजेटः स्वीकृत वार्षिक कार्यक्रम अनुसारका प्रत्येक कार्यक्रम वा क्रियाकलापहरू पूरा गर्न छुट्याइएको वार्षिक रकमलाई महल नं. ९ मा उल्लिखित वार्षिक सूचकको परिमाणको अनुपातमा चौमासिक बजेट विभाजन गर्नु पर्दछ। उदाहरणको लागि हेड वर्क्स निर्माण कार्यको वार्षिक सूचक १५० मिटर र यस क्रियाकलापको कुल बजेट रु. ३० लाख भएकोमा सूचकको चौमासिक विभाजनको अनुपातमा बजेटको चौमासिक बाँडफाँड गर्नु पर्दछ। क्रियाकलापको सूचक प्रत्येक चौमासिकमा बराबर भएको अवस्थामा बजेटको विभाजन रु. १०, १० लाख हुन्छ। सूचक १५० मिटरको चौमासिक विभाजन क्रमशः ०, ५० र १०० भए चौमासिक बजेटको विभाजन पनि क्रमशः रु. ०, १० र २० लाख हुन्छ।

हरफ (रो) तर्फ

हरफ तर्फ सबै कार्यक्रम/क्रियाकलापहरू उल्लेख गरिसके पछि जोडजम्मा गर्नु पर्दछ।

हरफ (क) जम्माः (१) महल नं. ३, ४, ९, १२, १५, १८ मा उल्लिखित क्रियाकलापहरूको इकाई र सूचकहरूको जम्मा गर्नु नपर्ने,

(२) महल नं. ५, ६, ८, १०, ११, १३, १४, १६, १७, १९, २० मा उल्लिखित क्रियाकलापहरूको लागत, भार, बजेट र खर्च रकमहरूको ठाडो जोड गरी हुन आउने रकम लेख्ने,

हरफ (ख) प्रशासनिकखर्चः (१) महल नं. ३, ४, ७, ९, १०, १२, १३, १५, १६मा भर्नु नपर्ने,

(२) महल नं. ५ र ११ मा प्रशासनिक खर्चको लागि छुट्याइएको रकम उल्लेख गर्ने,

(३) महल नं. १४, १७ र २० मा महल नं. ११ मा प्रशासनिक खर्चको छुट्याइएको वार्षिक रकमको चौमासिक बाँडफाँड रकम उल्लेख गर्ने,

हरफ (ग) कुल जम्माः (१) हरफ (क) र (ख) मा भएको अंक जोड्

अनुसूची- ३

(नियम २१ को उपनियम (२) र नियम २६ सँग सम्बन्धित)

प्रदेश सरकार

.....मन्त्रालय।सचिवालय।कार्यालय

आ.व. ..... को ..... अवधि सम्मको लक्ष्य प्रगति विवरण

बजेट उप शीर्षक नं. .....

(रकम रु. हजारमा)

क्रम संख्या	कार्यक्रम/ क्रियाकलापहरू	इकाई	वार्षिक लक्ष्य			यस ..... अवधिसम्मको लक्ष्य			यस ..... अवधिसम्मको भौतिक प्रगति			यस ..... अवधिसम्मको खर्च		कैफियत
			सूचक	भार	बजेट	सूचक	भार	बजेट	सूचक	भार	प्रतिशत	रकमरु.	प्रतिशत	
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५
(क)	जम्मा													
(ख)	प्रशासनिक खर्च													
(ग)	कुल जम्मा													

योजना शाखा प्रमुख

आर्थिक प्रशासन शाखा प्रमुख

कार्यालय प्रमुख

फाराम भर्ने निर्देशिका:

आयोजनाको निर्धारित अवधिमा गरिएको कामको प्रगति विवरण तयार गर्न यो फाराम प्रयोग गर्नु पर्दछ। आर्थिक वर्षको श्रावणदेखि प्रत्येक चौमासिक, अर्ध वार्षिक र वार्षिकलाई प्रतिवेदन अवधि मानिनेछ। प्रतिवेदन तयार गर्दा जुन अवधिको लागि तयार गर्न लागिएको हो, सो अवधि, शीर्षक र महलहरूको खालि ठाउँमा उल्लेख गर्नु पर्नेछ। सामान्यतया चौमासिक लक्ष्य विभाजन हुने भएकोले अर्ध वार्षिक प्रतिवेदन पठाउनु पर्दा दोस्रो चौमासिक अवधिको सूचक, भार र बजेटको आधा भाग र प्रथम चौमासिक अवधिको सूचक, भार र बजेट जोडी त्यस अवधिको लक्ष्य निर्धारण गर्नु पर्नेछ। प्रगतिसँग आवद्ध भएका आयोजना वा कार्यालयहरूको तालुक कार्यालयमा र प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा यो फाराम बमोजिम प्रगति विवरण पठाउनु पर्दछ।

यो फाराम निम्न अनुसार भर्नु पर्दछः

महल नं. १ क्रमसंख्याः	आयोजनाको सम्पूर्ण कार्यहरूको क्रमसंख्या लेख्ने।
महल नं. २ कार्यक्रम/क्रियाकलापहरूः	स्वीकृत वार्षिक कार्यक्रम अनुसारका सबै कार्यक्रम र क्रियाकलापहरू लेख्ने।
महल नं. ३ इकाईः	महल नं. २ मा उल्लिखित क्रियाकलापको परिमाण, संख्या आदि जनाउने जस्तैः गोटा, घनमिटर, किलोमिटर, जना, प्रतिशत आदि उल्लेख गर्ने।

वार्षिक लक्ष्य अन्तरगत तीन महलहरू छन्:

महल नं. ४ सूचकः	महल नं. २ मा उल्लिखित क्रियाकलापको स्वीकृत वार्षिक कार्यक्रम अनुसारका सूचक (संख्या, परिमाण आदि) उल्लेख गर्ने
महलनं. ५ भारः	प्रत्येक क्रियाकलापको भार निर्धारण गर्दा सम्बन्धित क्रियाकलापको महल नं. ६ मा छुट्याइएको बजेटलाई सोहि महलको जम्मा रकम प्रशासनिक खर्च कटाई बाँकी हुन आउने आयोजनाको कुल रकम अर्थात महल नं. ६ को जम्मा (क) मा भएको रकमले भाग गरी हुन आउने अंशलाई प्रतिशतमा राख्ने। उदाहरणको लागि सिंचाई आयोजनाको कुल बजेट रु. ५५ लाख छ र सो बजेटमध्ये हेडवर्क्स निर्माणको लागि रु. ३० लाख, नहर निर्माणको लागि रु. १० लाख, पाईप कल्भर्टको लागि रु. १० लाख र प्रशासनिक खर्च रु. ५ लाख छ भने यी क्रियाकलापहरूको भार क्रमशः यस प्रकार निकाल्नु पर्दछः कुल बजेट रु. ५५ लाखमध्ये प्रशासनिक खर्च रु. ५ लाख भएकोले प्रशासनिक खर्च कटाई बाँकी हुन आउने आयोजनाको कुल रकम रु. ५० लाख भयो। अतः हेडवर्क्स निर्माणको भारः नहर निर्माणको भारः$\frac{१०\times१००}{५०}=20$

पाईप कल्भर्टको भारः $\frac{१०\times१००}{५०} = 20$

प्रशासनिक खर्चको भार हुँदैन र कुल भार १०० हुनुपर्दछ।

महल नं. ६ बजेटः स्वीकृत वार्षिक कार्यक्रम अनुसारका प्रत्येक कार्यक्रम वा क्रियाकलापहरू पूरा गर्न छुट्याइएको रकम लेख्ने।

<u>यस ..... अवधिसम्मको लक्ष्य अन्तरगत तीन महलहरू छन्:</u>

यस ..... अवधिसम्मको लक्ष्य भन्ने महल भर्नु पर्दा चालू आर्थिक वर्षको अघिल्लो ..... अवधिको सूचक, भार, बजेट समेत जोडी हुन आउने सूचक, भार, बजेटको लक्ष्य लेख्नु पर्दछ। तर प्रथम ..... अवधिको लक्ष्य भन्ने महलमा अघिल्लो अवधि हुँदैन। चालु आर्थिक वर्षको अन्तिम अवधिको प्रतिवेदनमा वार्षिक लक्ष्यलाई नै यस ..... अवधिसम्मको लक्ष्यमा उल्लेख गर्नु पर्दछ।

महल नं. ७सूचकः महल नं. २ मा उल्लिखित क्रियाकलापको स्वीकृत वार्षिक कार्यक्रम अनुसारका सूचक (संख्या, परिमाण आदि) मध्ये यस ..... अवधिसम्मको सूचक भन्ने महलमा उल्लेख गर्ने।

महल नं. ८ भारः यस ..... अवधिसम्मको भार उल्लेख गर्ने।

महल नं. ९ बजेटः यस ..... अवधिसम्मको बजेट उल्लेख गर्ने।

<u>यस ..... अवधिसम्मको भौतिक प्रगति अन्तरगत तीन महलहरू छन्:</u>

महल नं. १० सूचकः महल नं. ७ मा उल्लिखित सूचकमध्ये यस ..... अवधिसम्ममा सम्पन्न भएको प्रगति सूचक उल्लेख गर्ने।

महल नं. ११ भारः महल नं. २ मा उल्लिखित प्रत्येक क्रियाकलापको यस ..... अवधिसम्मको भारलाई भौतिक प्रगतिमा उल्लेख गर्दा देहाय बमोजिम हिसाब गरी हुन आउने भार उल्लेख गर्नेः

$$\frac{\text{प्रगति सूचक} \times \text{भार}}{\text{लक्ष्य सूचक}} =$$

$$\frac{\text{महलनं. १०} \times \text{महलनं. ८}}{\text{महल नं .7}} = \text{क्रियाकलापको प्रगति भार}$$

महल नं. १२ प्रतिशतः महल नं. २ मा उल्लिखित प्रत्येक क्रियाकलापको यस ..... अवधिसम्मको भौतिक प्रगतिलाई उल्लेख गर्दा देहाय बमोजिम हिसाब गरी हुन आउने भार उल्लेख गर्नेः

$$\frac{\text{महलनं. ११} \times \text{१००प्रतिशत}}{\text{महल नं .८}} = \text{क्रियाकलापको भौतिक प्रगति प्रतिशत}$$

यस ..... अवधिसम्मको खर्च अन्तरगत दुई महलहरू छन्:

महल नं. १३ रकम रु.: महल नं. २ मा उल्लिखित प्रत्येक क्रियाकलापको यस ..... अवधिसम्मको खर्च उल्लेख गर्ने:

महल नं. १४ प्रतिशतः महल नं. २ मा उल्लिखित प्रत्येक क्रियाकलापको यस ..... अवधिसम्मको खर्च प्रतिशतमा उल्लेख गर्दा देहाय बमोजिम हिसाब गरी हुन आउने प्रतिशत उल्लेख गर्ने:

$$\frac{\text{महलनं. १३}\times\text{१००प्रतिशत}}{\text{महल नं .९}} = \text{क्रियाकलापको खर्च प्रतिशत}$$

महल नं. १५ कैफियतः अन्य कुरा भए खुलाउने।

हरफ तर्फ

हरफतर्फ सबै कार्यक्रम/क्रियाकलापहरू उल्लेख गरी सकेपछि जोड जम्मा गर्नु पर्दछ।

हरफ (क) जम्माः (१) महलनं. ३, ४, ७, १०, १५ मा उल्लिखित क्रियाकलापहरूको इकाई र सूचकहरूको जम्मा गर्नु नपर्ने,

(२) महलनं. ५, ६, ८, ९, ११, १३ मा उल्लिखित क्रियाकलापहरूको भार, बजेट र खर्च रकमहरूको ठाडो जोड गरी हुनआउने रकम लेख्ने,

(३) महल नं. १२ को प्रतिशत उल्लेख गर्दा देहायबमोजिम हिसाब गरी हुन आउने प्रतिशत उल्लेख गर्ने:

$$\frac{\text{हरफ (क) जम्माकोमहलनं. ११}\times\text{१००प्रतिशत}}{\text{हरफ (क) जम्माकोमहलनं. ८}} = \text{जम्मा भौतिक प्रगति प्रतिशत}$$

हरफ (ख) प्रशासनिक खर्चः १) महल नं. ३, ४, ५, ७, ८, १०, ११,१ २, १५ मा भर्नु नपर्ने,

(२) महल नं. ६ मा प्रशासनिक खर्चको लागि छुट्याइएको वार्षिक रकम उल्लेख गर्ने,

(३) महल नं. ९ मा प्रशासनिक खर्चको लागि छुट्याइएको यस ..... अवधिसम्मको रकम उल्लेख गर्ने,

(४) महल नं. १३ मा प्रशासनिक खर्चको लागि छुट्याइएको रकम मध्येयस ..... अवधिसम्मको खर्च उल्लेख गर्ने,

(५) महल नं. १४ मा प्रतिशत उल्लेख गर्दा देहायबमोजिम हिसाब गरी हुन आउने प्रतिशत उल्लेख गर्ने:

हरफ (ग) कुल जम्माः (१) महलनं. ३, ४, ७, १०, १५ मा भर्नु नपर्ने,

(२) महल नं.५,८,११,१२ मा हरफ (क) जम्मामा भएको अंकलाई लेख्ने,

(३) महल नं.६,९,१३ मा हरफ (क) र (ख) मा भएको अंक जोडेर लेख्ने,

(४) महल नं. १४ मा हरफ (ग) महल नं. १३ लाई (हरफ ग) महल नं. ९ ले भागगरी १०० लेगुणन गर्दा आउने प्रतिशत लेख्ने।

अनुसूची-४

(नियम २३ को उपनियम (१) सँग सम्बन्धित)

आयोजना स्वीकृतिको आधार र तरिका

१. आयोजना स्वीकृतिको आधार

अधिकार प्राप्त अधिकारीले निम्न सूचना एवं जानकारीको आधारमा मात्र आयोजना वा कार्यक्रम स्वीकृत गर्नु पर्नेछ।

१.१ आयोजनाको रूपरेखा

१.१.१ आयोजनाको उद्देश्य

१.१.२ आयोजनाको क्षेत्र

१.१.३ आयोजनाको कार्यान्वयन अवधि

१.२ आयोजनाको कुल लागत अनुमान रु.

१.२.१ विकास तथा निर्माण लागत

१.२.२ सञ्चालन लागत

१.२.३ अन्य (अनुदान दिनु पर्ने भए सोखु लाउने)

१.३ लागत व्यहोरिने स्रोत

१.३.१ नेपाल सरकार

१.३.२ प्रदेश सरकार

१.३.३ स्थानीय तह

१.३.४ बाह्य सहयोग

क) ऋणः

ख) अनुदानः

१.४ आयोजनाबाट प्राप्त हुने प्रतिफल

१.४.१ उत्पादन वृद्धिमा पुग्ने सहयोग वा योगदान

१.४.२ रोजगारीमा हुने वृद्धि

१.४.३ आयोजनाको आन्तरिक प्रतिफल

१.४.४ अन्य आर्थिक सामाजिक प्रतिफल

क) आर्थिकः

ख) सामाजिकः

१.५ आयोजनाको आर्थिक विश्लेषण

१.५.१ लागत लाभको अनुमानित अनुपात

१.५.२ लागत प्रभावकारिताको अनुमान

१.६ आयोजना कार्यान्वयन र खर्च तालिका

वर्ष	प्रमुख कार्य र परिमाण			लागत अनुमान			
	प्रमुख कार्य	इकाई	परिमाण	विकास निर्माण	सञ्चालन	अन्य	जम्मा

१.७ आयोजना कार्यान्वयन गर्न आवश्यक पर्ने जनशक्ति र प्रमुख निर्माण सामग्री

१.७.१ आवश्यक पर्ने जनशक्ति

वर्ष	संख्या

१.७.२ निर्माण सामग्री

वर्ष	निर्माण सामग्री विवरण	इकाई	परिमाण

१.८ आयोजना सञ्चालन प्रस्ताव

आयोजना चरणको कार्य सम्पन्न भइसकेपछि सञ्चालन अवस्थामा कसरी त्यसको सञ्चालन गरिने हो, सञ्चालन खर्च कति लाग्न सक्दछ र कति आय आर्जन गर्न सकिन्छ वा उपभोक्तालाई हस्तान्तरण कहिले गर्ने सो खुलाउनु पर्दछ।

१.८.१ सञ्चालन प्रबन्ध
१.८.२ खर्च अनुमानः- कम्तीमा तीन वर्षको लागि
१.८.३ उपभोक्तालाई हस्तान्तरण गरिने योजना भए प्रदेश सरकार वा स्थानीय तहको सहयोग आवश्यक पर्ने वा नपर्नेः
१.८.४ कम्तीमा तीन वर्षको सम्भावित आय आर्जन

२. <u>आयोजनाको स्वीकृति दिने प्रक्रिया र अधिकारी:</u>

(१) प्रस्तावित आयोजना राष्ट्रिय विकासको उद्देश्य, क्षेत्रगत (Sectoral) कार्यनीति अनुकुल छ छैन एवं स्वीकृत आवधिक योजनामा समावेश भएको हो होइन भन्ने सम्बन्धमा मन्त्रालयले प्रदेश योजना आयोग वा आर्थिक मामिला तथा योजना मन्त्रालयको परामर्श लिनु पर्नेछ।

(२) आयोजनाको कामको लागि प्रस्ताव गरिएको खर्चका आधारहरू प्रचलित मूल्य, लाभ, लागत खर्चको आधारमा मनासिब छ भनी आयोजना प्रमुख वा प्रतिवेदन प्रस्तुत गर्ने प्रमुखले सिफारिश गरेको हुनुपर्नेछ।

(३) प्रदेश योजना आयोग वा आर्थिक मामिला तथा योजना मन्त्रालयको परामर्शलाई ध्यानमा राखी सम्बन्धित मन्त्रालयले निम्न बमोजिम आयोजनाको स्वीकृति एवं कार्यान्वयन गर्नेछ।

(क) स्वीकृत आवधिक योजनामा समावेश भएको एवं त्यसमा उल्लेख भएबमोजिम नै प्रस्तावित आयोजनाको लाभ एवं खर्च हुने देखिएको र प्रदेश योजना आयोग वा आर्थिक मामिला तथा योजना मन्त्रालयको पनि अनुकुल राय भएकोमा सम्बन्धित मन्त्रालयले स्वीकृति दिने।

(ख) आवधिक योजनामा समावेश नभएको वा सो योजनामा छुट्याइएको भन्दा बढी आर्थिक दायित्व पर्ने गरी आयोजना कार्यान्वयन गर्नु पर्ने भएमा प्रदेश योजना आयोग वा आर्थिक मामिला तथा योजना मन्त्रालयको राय लिनु पर्नेछ।

(ग) प्रदेश योजना आयोग वा आर्थिक मामिला तथा योजना मन्त्रालयको राय अनुकुल नभएमा सो रायहरू उल्लेख गरीसम्बन्धित मन्त्रालयले प्रदेश सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेश गर्नु पर्ने छ। सो सम्बन्धमा भएको निर्णयानुसार हुनेछ।

(४) आयोजना प्रस्ताव पेश गर्दा सो आयोजना सम्पन्न भएपछि सो आयोजना सुचारु एवं दिगो रुपमा सञ्चालन गर्ने आयोजना सञ्चालन योजना प्रस्ताव (Project Operation Plan) पनि आयोजना प्रतिवेदन प्रस्तुत गर्ने प्रमुखले सिफारिश साथ पेश गरेको हुनु पर्नेछ।

(५) माथि उल्लिखित आधारहरूको अतिरिक्त आयोजना/कार्यालयलाई अनुशासनशील एवं सुदृढ गराउने प्रयोजनका लागि आवश्यक प्रक्रियाहरू प्रदेश सरकारले समय समयमा स्पष्ट गरिदिन सक्नेछ।

अनुसूची ५

(नियम २९ को उपनियम (१) सँग सम्बन्धित)

ऋण/अनुदान (सोधभर्ना हुने) रकम प्रयोगको प्रतिवेदन फाराम

आ.व. ..... को ..... चौमासिकसम्मको अवस्था

योजनाको नाम र ठेगानाः उपशीर्षक नं.:

संयोजक वा सोधभर्ना माग गर्ने अधिकारीको नाम र सम्पर्क टेलिफोन नं.:

दातृसंस्थाः ऋण अनुदान नं.:

ऋण अनुदान सुरु हुने मिति ऋण अनुदान बन्द हुने मिति

यस आ.व. को स्वीकृत बजेट (शोधभर्ना हुने गरी)

क्याटोगोरी नं.	क्याटोगोरी को नाम	..... मुद्रामा				विनिमय दर	नेपाली रुपैयाँमा					कैफियत
		सम्झौतामा व्यवस्था भएको कुल रकम	गत आ.व. सम्मको प्राप्त रकम	यस आ.व. मा प्राप्त रकम	बाँकी		बाँकी	दरखास्त पत्र पेश भएकोमा प्राप्त हुन बाँकी रकम	खर्च भएको तर दरखास्त पत्र पेश गर्न बाँकी रकम	बाँकी/ऋण अनुदान रकम	यस आ.व. को बाँकी अवधिमा खर्च हुने अनुमानित रकम	
१	२	३	४	५	६=३-(४+५)	७	८=६x७	९	१०	११=८-(९+१०)	१२	१३

आर्थिक प्रशासन शाखा प्रमुखः कार्यालय प्रमुखः

मितिः मितिः

द्रष्टव्यः (१) यो फाराम नियम ३८ बमोजिम सोधभर्ना माग गर्ने पदाधिकारीले तयार गर्नु पर्दछ।

(२) यो प्रतिवेदन फाराम चौमासिक अवधि समाप्त भएको पन्ध्र दिनभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र तालुक निकाय/मन्त्रालयमा पेश गर्नु पर्नेछ।

अनुसूची - ६

(नियम २९ को उपनियम (१) सँग सम्बन्धित)

ऋण/अनुदान (अग्रिम नगद सहायता) रकम प्रयोगको प्रतिवेदन फाराम

आ.व. ..... को ..... चौमासिकसम्मको अवस्था

संयोजक वा शोधभर्ना माग गर्ने अधिकारीको नाम र सम्पर्क टेलिफोन नं.:

ऋण अनुदान संकेत नं.:

ऋण अनुदान सुरु हुने मिति

दातृ संस्थाः

योजनाको नाम र ठेगानाः

ऋण अनुदान बन्द हुने मिति

बजेट उपशीर्षक नं.	कार्यक्रमको नाम	सम्झौतामा व्यवस्था भएको कुल रकम ..... मुद्रामा	गत आ.व. सम्मको प्राप्त रकम		यस आ.व. सम्मको प्राप्त रकम		बाँकी		नेपाली रुपैयाँमा				
			..... मुद्रामा	नेपाली मुद्रामा	..... मुद्रामा	नेपाली मुद्रामा	..... मुद्रामा	नेपाली मुद्रामा	गत आ.व. सम्मको खर्च रकम	यस आ.व. को वार्षिक बजेट	यस आ.व. मा भएको निकासा आदेश	बाँकी	यस आ.व. को बाँकी अवधिमा खर्च हुने अनुमानित रकम
१	२	३	४	५	६	७	८=३-(४+६)	९	१०	११	१२	१३=(५+७)-(१०+१२)	१४

आर्थिक प्रशासन शाखा प्रमुखः

मितिः

कार्यालय/योजनाप्रमुखः

मितिः

द्रष्टव्यः (१) महलनं. ३, ४, ६ र ८ मा सम्झौतामा भएको व्यवस्था अनुरुपको मुद्रामा लेख्नु पर्दछ।

(२) महलनं. ९ मा महलनं. ८ लाई ऋण/अनुदानको प्राप्त गरेको दिनको विनिमय दरले गुणन गरी हुने रकम लेख्नु पर्दछ।

(३) महलनं. ५ र ७ मा प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्राप्त रकम लेख्नु पर्दछ।

(४) महल नं. १२ प्रदेश लेखा नियन्त्रक कार्यालयबाट भएको निकासा आदेश रकम लेख्नु पर्दछ।

(५) यो फाराम नियम ३८ बमोजिम सोधभर्ना माग गर्ने पदाधिकारीले तयार गर्नु पर्दछ।

(६) यो प्रतिवेदन चौमासिक अवधि समाप्त भएको पन्ध्र दिनभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र तालुक निकाय/मन्त्रालयमा पेश गर्नु पर्दछ।

अनुसूची - ७

(नियम २९ को उपनियम (१) सँग सम्बन्धित)

अनुदान (सोझै भुक्तानी) रकम प्रयोगको प्रतिवेदन फाराम

आ.व. ..... को ..... चौमासिकसम्मको अवस्था

योजनाको नाम र ठेगानाः उपशीर्षक नं.:

संयोजक वा सोधभर्ना माग गर्ने अधिकारीको नाम र सम्पर्क टेलिफोन नं.:

दातृसंस्थाः अनुदान संकेत नं.:

अनुदान शुरु हुने मितिः अनुदान बन्द हुने मितिः

बजेट उपशीर्षक नं.	कार्यक्रमको नाम	..... मुद्रामा			नेपाली रुपैयाँमा			
		सम्झौतामा व्यवस्था भएको कुल रकम	गत आ.व. सम्मको प्राप्त सोझै भुक्तानी रकम	यस आ.व. मा प्राप्त सोझै भुक्तानी रकम	गत आ.व. सम्म प्राप्त सोझै भुक्तानी रकम	यस आ.व. को सोझै भुक्तानी हुने वार्षिक बजेट	यस आ.व. को सोझै भुक्तानी रकम	यस आ.व .को बाँकी अवधिमा प्राप्त हुने अनुमानित सोझै भुक्तानी रकम
१	२	३	४	५	६	७	८	९

आर्थिक प्रशासन शाखा प्रमुखः कार्यालय/योजना प्रमुखः

मितिः मितिः

द्रष्टव्यः१) महलनं. ३, ४ र ५ मा सम्झौतामा भएको व्यवस्था अनुरुपको मुद्रामा लेख्नु पर्दछ।

२) महलनं. ४ मा योजना शुरु भएदेखि गत आ.व. सम्मको सोझै भुक्तानी रकम उल्लेख गर्नु पर्दछ र यो व्यहोरा दातृ संस्थाबाट पुष्टि भएको हुनु पर्दछ।

३) यो फाराम नियम ३८ बमोजिम सोधभर्ना माग गर्ने पदाधिकारीले तयार गर्नु पर्दछ।

४) यो प्रतिवेदन फाराम चौमासिक अवधि समाप्त भएको पन्ध्र दिन भित्र प्रदेश लेखा नियन्त्रक र तालुक निकाय/मन्त्रालयमा पेश गर्नु पर्दछ।

अनुसूची-८

(नियम २९ को उपनियम (१) सँग सम्बन्धित)

अनुदान (वस्तुगत सहायता) रकम प्रयोगको प्रतिवेदन फाराम

आ.व. ..... को ..... चौमासिकसम्मको अवस्था

योजनाको नाम र ठेगानाः उपशीर्षक नं.:

संयोजक वा सोधभर्ना माग गर्ने अधिकारीको नाम र सम्पर्क टेलिफोन नं.:

दातृसंस्थाः अनुदान संकेत नं.:

अनुदान शुरु हुने मितिः अनुदान बन्द हुने मितिः

बजेट उपशीर्षक नं.	कार्यक्रमको नाम	..... मुद्रामा			नेपाली रुपैयाँमा			
		सम्झौतामा व्यवस्था भएको कुल रकम	गत आ.व. सम्ममा प्राप्त वस्तुगत सहायता रकम	यस आ.व. मा प्राप्त वस्तुगत सहायता रकम	गत आ.व. सम्ममा प्राप्त वस्तुगत सहायता रकम	यस आ.व. मा वस्तुगत सहायताको वार्षिक बजेट	यस आ.व. मा प्राप्त वस्तुगत सहायता रकम	यस आ.व. को बाँकी अवधिमा प्राप्त हुने अनुमानित वस्तुगत सहायता रकम
१	२	३	४	५	६	७	८	९

आर्थिक प्रशासन शाखा प्रमुखः कार्यालय/योजना प्रमुखः

मितिः मितिः

द्रष्टव्यः

१) महलनं. ३, ४, र ५ मा सम्झौतामा भएको व्यवस्था अनुरुपको मुद्रामा लेखु पर्दछ।

२) महलनं. ४ मा योजना शुरु भएदेखि गत आ.व. सम्मको प्राप्त वस्तुगत सहायता रकम उल्लेख गर्नु पर्दछ र यो व्यहोरा दातृ संस्थाबाट पुष्टि भएको हुनु पर्दछ।

३)यो फाराम नियम ३८ बमोजिम सोधभर्ना माग गर्ने पदाधिकारीले तयार गर्नु पर्दछ।

४) यो प्रतिवेदन फाराम चौमासिक अवधि समाप्त भएको पन्ध्र दिनभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र तालुक निकाय/मन्त्रालयमा पेश गर्नु पर्दछ।

अनुसूची १५

(नियम ९० को उपनियम (१) सँग सम्बन्धित)

प्रदेश सरकार

.....मन्त्रालय। सचिवालय। कार्यालय

आर्थिक वर्ष ..... को आर्थिक कारोबारको

संक्षिप्त वार्षिक प्रतिवेदन

विवरण रु.

१. लगती राजस्व (दण्ड जरिवाना सहित)

(क) लगत

१) गत सालबाट

२) यो सालको थप

जम्मा : क(१) +क (२)

(ख) असुली र लगत कट्टा

(१) असुली भई लगत कट्टा

(२) लगत कट्टा

जम्माः ख (१) + ख (२)

(ग) लगत बाँकी (क - ख)

(घ) असुली

(१) कुल असुली

(२) राजस्व खातामा दाखिला

(३) दाखिला गर्न बाँकी

जम्माः घ (१)

२. हसबली राजस्व (लगत बाहेकको विविध आम्दानी)

(क) आम्दानी

(ख) राजस्व खातामा दाखिला

(ग) दाखिला गर्न बाँकी

३. कुलराजस्व घ (१) + २ (क)

४. वार्षिक बजेट निकासा खर्च र बाँकी

बजेट उपशीर्षक नं.कार्यक्रम वार्षिक बजेट निकासा खर्च ..... बाँकी

४.१ स्रोत अनुसार

(क) नेपाल सरकार

(ख) प्रदेश सरकार

(ग) वैदेशिक

(अ) ऋण

- सोधभर्ना हुने
- नगद
- सिधै भुक्तानी

(आ) अनुदान

- सोधभर्ना हुने
- नगद
- सिधै भुक्तानी
- वस्तुगत सहायता

जम्माः

४.२ खर्चको वर्गीकरणः

क) उपभोग खर्च तर्फ

ख) पूँजीगत खर्च तर्फ

जम्मा

बाँकी रकम बैंक दाखिला रु.

फ यौंट हुन बाँकी पेश्की रु.

५. <u>पेश्की</u>

गत विगत आ.व.को

यो आ.व.को

जम्मा

<u>फछ्र्यौंट</u>

फाँटवारीबाट

नगद दाखिलाबाट

जम्मा

बाँकी

म्याद भित्रको

म्याद नाघेको

जम्मा

६. <u>धरौटी</u>

<u>आम्दानी</u>

गत सालबाट सरेको

यो सालको थप

जम्मा

खर्च
फिर्ता खर्च
सदरस्याहा

जम्मा

बाँकी

७. भुक्तानी गर्नु पर्ने दायित्वहरू
गत सालको
यो सालको

जम्मा

भुक्तानी भएको
बाँकी

जम्मा

८. म.ले.प. बेरुजु
गत आ.व.सम्मको
नियमित गर्ने
असुल गर्ने

जम्मा

यो आ.व. सम्मको
नियमित गर्ने
असुल गर्ने

जम्मा

फछ्र्यौंट
नियमित/प्रमाण पेश गरी
असुल गरी

जम्मा

बाँकी
नियमित गर्ने
असुल गर्ने

जम्मा

९. जिन्सी (खप्ने मालसामान भवन आदि) जम्मा (रु. मा)

आम्दानी

गत सालबाट सरेको मौज्दात

यो सालमा खरिद भएको

सहयोगबाट प्राप्त भएको

अन्यत्रबाट हस्तान्तरण भई आएको

जम्मा

खर्च

टुटफुट मिन्हा

लिलाम, बिक्री

हस्तान्तरण भई अन्यत्र गएको

जम्मा

बाँकीरकम

(भवन र उपकरण, मोटर, बस, ट्रक, हेभी इक्वीपमेन्ट आदि १ लाख भन्दा बढी मूल्य पर्ने जिन्सी सामानको विवरण छुट्टै संलग्न गर्नु पर्ने)

जम्मा

१०. उत्पादन व्यवसायको सामान (रकम रु.)

गत सालबाट सरेको

यो सालको थप

जम्मा

बिक्री भएको

काममा लागेको

मिन्हा क्षति भएको

जम्मा

बाँकी(रकम रु.)

११. कार्यालय सामान (खर्च भएर जाने)

बाँकी(रकम रु.)

आर्थिक प्रशासन शाखा प्रमुख/फाँट प्रमुखको

नाम थरः

सहीः

मितिः

कार्यालय प्रमुखको

नाम थरः

सहीः

मितिः